मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ८६ कात्तिक २०७१



मूल्य : रू. २०।-

## खाद्यअधिकार : सैद्धान्तिक आयाम तथा अभ्यास

## अनुसन्धानकर्ताहरू

## विद्यार्थीहरू

## विद्धत वर्ग

## कार्यकर्ताहरू




# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

# मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू





### सुविधाहरू

o फोटोकपी o इन्टरनेट o कम्प्युटर

**मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल**

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष १९ पूर्णाङ्क ८६ कार्तिक ०७१

▸ खाद्य अधिकार : सैद्धान्तिक आयाम तथा अभ्यास
- *तेजमान श्रेष्ठ*

६




**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**सम्पादक**
मदन पौडेल

**व्यवस्थापन**
शैलेश शर्मा

**मुद्रक**
ड्रिम ग्राफिक्स
काठमाडौं

| | |
|---|---|
| ▸ नेपालमा खाद्य सुरक्षा : एक समीक्षा/केशव दाहाल | १३ |
| ▸ नेपालमा राजनीतिक स्थायित्व र ..../*प्रा.डा. रामकुमार दाहाल* | १६ |
| ▸ अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि...../*सूर्यबहादुर देउजा* | २० |
| ▸ मानवअधिकारको दृष्टिकोणमा सामाजिक ...../*बाबुराम अर्याल* | २७ |
| ▸ नेपालमा प्रेस स्वतन्त्रता र पत्रकारको..../*नारायणप्रसाद शर्मा* | ३७ |
| ▸ भावी संविधान र न्यायपालिकाको स्वरूप/अधिवक्ता वीपी अधिकारी | ४२ |
| ▸ युवा र मानवअधिकार/*लोकराज अवस्थी* | ४७ |
| ▸ लघुकथा/*सुधीर यादव* | ५१ |
| ▸ केही मुक्तक/*गोपालकुमार मैनाली* | ५१ |
| ▸ फिचर : हराएको पैसा खोज्न भन्दै बालबालिका...../जीवन सेजुवाल | ५२ |
| ▸ पुस्तक समीक्षा : खाद्यअधिकार : एक अध्ययन/ *गीता माली* | ५७ |
| ▸ अन्तरवार्ता- *भू-उपयोग नीति लागु नगरेसम्म खाद्यअधिकार ....../* प्रेम दङ्गाल | ५५ |

**नियमित स्तम्भहरू**

| | | | |
|---|---|---|---|
| ▸ यथावत् | २ | ▸ इतिहासको पानाबाट | ४ |
| ▸ कार्टून | २ | ▸ सामयिक | ५ |
| ▸ सम्पादकीय | ३ | | |

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१, इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

माघमा कुनै पनि हालतमा संविधान जारी हुन्छ ।

सुशील कोइराला

प्रधानमन्त्री

राजधानी दैनिक ३० असोज





अब छलफल गर्ने भनेर समय खेर फाल्नु हुँदैन, म्याद थपको औचित्य छैन ।

सुवासचन्द्र नेम्वाङ,

सभामुख

राजधानी दैनिक

माघमा संविधान होइन, मस्यौदा पनि आउँदैन ।

मनमोहन भट्टराई

नेता, नेपाली काङ्ग्रेस

कारोबार दैनिक





अरु कुरा छोडौँ यातायात क्षेत्रको सरकार भनेका हामी आफैँ हौँ ।

दिनेश भण्डारी,

अध्यक्ष,

यातायात व्यववसायी राष्ट्रिय महासङ्घ

कारोबार दैनिक

## कार्टून




साभार :
नागरिक दैनिक
११ कात्तिक २०७१

प्रिय पाठक !

तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

सम्पादक

# खाद्य अधिकार सुनिश्चित गर

"पारिवारिक खेती सबैलाई खुवाऔं, पृथ्वी जोगाऔं "भन्ने नाराका साथ यो यो वर्ष पनि विश्व खाद्य दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइयो। केही वर्षअघिसम्म खाद्यान्न निर्यात गर्ने मुलुकमा दरिने नेपालमा हाल आएर खाद्य परनिर्भरता बढेको छ। खाद्य परनिर्भरता यसरी बढेको छ कि विदेशबाट किनेर ल्याएको वा अनुदानमा पाएको खाद्यान्न नहुँदा हामी भोक भोकै बस्नु पर्ने बाध्य हुने गरी परनिर्भर हुन थालेका छौं। चामल,दाल तेल मात्र होइन माछामासुका लागि पनि विदेशकै भरपर्नु पर्ने बाध्यता थपिँदै छ । कृषि प्रधाने देशको रुपमा परिचित नेपाल खाद्यान्न अभावको सङ्कट बेहोर्ने अवस्थामा पुगेको छ। संयुक्त राष्ट्रसङ्घले सन् २०१५ सम्ममा विश्वबाट भोकमरी र कुपोषणमा ५० प्रतिशत कमी ल्याउने लक्ष्य निर्धारण गरेको भए पनि हाम्रो देशमा यस सन्दर्भमा ठोस कार्यहरू हुन सकेका छैनन्। हालै एक नेपाली राष्ट्रिय दैनिकमा प्रकाशित समाचार अनुसार बाजुराको उत्तरी गाउँका ५ सय ७० घर परिवार खाद्यान्न सङ्कटका कारण गाउँ छाडेर भारतर्फ पलायन हुन बाध्य भएका छन्।

जमिनको खण्डीकरण गरी घरघडेरी बसाउने क्रम अझै तीव्र छ। यो क्रम रोकिएको छैन। यसले समग्रमा खाद्यान्नको अभाव नै बढाउने काम गरेको छ। हजारौं हेक्टर जमिनलाई घडेरीका नाममा खण्डकीरण गरिएका जमिन बाँझै छन्। यसलाई नियन्त्रण गर्ने, व्यवस्थित बस्ती विकास गरी वैज्ञानिक ढङ्गले जमिनको उपयोग गर्नेतर्फ राज्यका निकायले प्रभावकारी कानुन बनाउने र तत्कालै कार्यान्वयन गर्नुपर्ने अवस्था सृजना भएको छ। खेतीयोग्य जमिनमा बस्ती बसाउने अपचलनले समग्र कृषि प्रणालीलाई नै धरासायी बनाउने खतरा उत्पन्न गराएको छ।

संसारमा खाद्यान्न जोखिममा रहेका देशमध्ये नेपाल अग्रसुचिमा छ। खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार नेपालका २ करोड ६४ लाख जनसङ्ख्यामध्ये करिब ४५ लाख जनता खाद्य जोखिममा छन्। ग्लोबल हङ्गर इन्डेक्स, २०१२ का अनुसार नेपाल संसारका ७९ मुलुकमध्ये ६० औं स्थानमा छ । यो अघिल्लो वर्षको भन्दा ६ अङ्क तल हो। ग्लोबल फुड सेक्युरिटी इन्डेक्स २०१२ अनुसार संसारका १ सय ५ देशमध्ये नेपाल ७९ औं स्थानमा छ। मध्य र सुदूर पश्चिमका ५० प्रतिशत बालबालिका कम तौलका छन्। सरकारी आँकडाअनुसार नै हाल देशका ७५ मध्ये २७ जिल्ला खाद्यमा आत्मनिर्भर छैनन् । यस्ता जिल्लामध्ये १७ जिल्लामध्ये र सुदूर पश्चिममा पर्छन्।

नेपालको अन्तरिम सविधान, २०६३ को धारा १८ (३) ले खाद्य सम्प्रभुतालाई मौलिक अधिकारको रुपमा व्यवस्था गरेको छ। नेपाल संयुक्त राष्ट्रसङ्घको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र हो। यस महासन्धिको धारा ११ ले भोक विरुद्धको अधिकारलाई आधारभूत मानवअधिकार भनेको छ। नेपाल पक्ष राष्ट्र भएका महासन्धिले सृजना गरेको दायित्व नेपाल सरकारलाई घरेलु कानुनसरह लागु हुन्छ। घरेलु कानुनसँग बाझिएको खण्डमा महासन्धिको प्रावधान लागु हुने व्यवस्था नेपालको सन्धि ऐन, २०४७ ले गरेको छ। त्यस्तै मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले पनि खाद्य अधिकारलाई मानवअधिकारको भनी उल्लेख गरेको छ।

संविधानतः मौलिक अधिकारका रूपमा खाद्य अधिकारलाई उल्लेख गर्ने संसारका अति कम राष्ट्रमध्ये नेपाल पनि एक हो। यद्यपि यससम्बन्धमा आवश्यक कानुन तथा नियमावलीको निर्माण हुन नसक्दा यसको व्यवहारिक पक्ष फितलो हुन पुगेको छ । २०२७ सालदेखि कर्णालीलगायतका जिल्लामा सहुलियतमा चामल बाँढ्न थालेको नेपाल खाद्य संस्थानले ४३ वर्षसम्म यही कामलाई निरन्तरता दिइरहेको छ। तर, यसका कमीकमजोरी सच्याउनेतर्फ ध्यान दिएको छैन। अर्कोतर्फ खाद्य संस्थानले दिँदै आएको यो सहुलियत सुविधा मात्र हो अधिकार होइन। जबसम्म यसलाई कानुनी हैसियत दिएर अधिकारको रूपमा स्थापित गर्न तथा नियमन गर्न सकिँदैन त्यसको अर्थ हुँदैन। चामल बाँडेर भोकमरीको दीर्घकालीन समाधान हुँदैन। यससम्बन्धमा दीर्घकालीन नीति बनाई सहुलियत दरमा खाद्यान्न वितरणको व्यवस्था मिलाउन, वितरण प्रक्रियालाई व्यवस्थित गर्न, तराई जिल्लाका गरीबलाईसमेत सम्बोधन गर्ने गरी कार्यक्रम लागु गर्न अत्यावश्यक भइसकेको छ। नेपालमा भोकमरीलाई अन्त्य गरी खाद्य अधिकारको सुनिश्चित गर्न सम्बोधन गर्नुपर्ने अन्य थुपै सवालहरू छन्। अधिकारमुखी कानुनका साथै उत्पादनमुखी नीति नियम मूलतः यसका आवश्यक तत्व हुन्। जसका लागि सरकारको इच्छाशक्ति आवश्यक छ ।

# उठ्नु पर्छ अरू रजनीसमेत

– कृष्ण लामा

अन्तरजातीय प्रेम विवाह गरी वैवाहिक सम्बन्धमा जोडिन पुगेकी रजनी मभिनी आफ्नो एउटा दुधेबालक छोरा सहित पति नारायण भण्डारीसँग नयाँ संसारको कल्पनामा डुब्दै आजभन्दा तीन वर्ष अगाडि काठमाडौं उत्रिन्। काठमाडौंमा रजनीलाई फुपू नाता पर्नेको घरमा छाडी उनका पति दुई, तीन दिनमै पहाड घुमेर आउँछु भनी त्यहाँबाट निस्किए। आखिर धोका दिनु रहेछ। त्यसरी फुपूको घरमा अलपत्र छाडेर गएपछि हेला, घृणा र अपमान सहँदै तीन महिनासम्म रजनी त्यहीं काम गरेर बसिन्, आफ्नो पतिको पर्खाइमा। तर, उनको श्रीमान् फर्किएनन्। फुपूको घरमा हेला, घृणा र अपमानले सीमा नाघिसकेको थियो। तीन महिनाको अन्तरालमा पनि पति नफर्किएपछि नाबालक छोरो सरोजलाई काखी च्यापेर उनी निस्केकी थिइन् गन्तव्य विहीन यात्रामा।

उपरोक्त घटना र पात्रहरू काल्पनिक होइनन्।

निजगढ गाविसमा घर भएकी रजनी मभिनीको आजभन्दा ६ वर्ष अगाडि सोही गाविसका २० वर्षीय नारायण भण्डारीसँग प्रेम विवाह भयो। एक वर्ष पछि उनीहरूबाट एउटा छोरो जन्मियो- सरोज। माभी जातकी भएकीले नारायणको घर परिवारले रजनीलाई स्वीकारेनन्। दिनहरू बित्दै गएपछि भण्डारी परिवारमा रजनीलाई पाखा लगाउने षड्यन्त्र बन्यो र त्यही षड्यन्त्र मुताविक नारायणले छोरा सरोज र पत्नीलाई काठमाडौंमा फकाई फुल्याई लगी आफन्तको घरमा थन्क्याए र आफू त्यहाँबाट पहाड जाने निहुँमा फरार भए। पतिले अलपत्र पारेर गएपछि भोग्नु परेका समस्याका बारेमा रजनी भन्छिन्- "हेर्नोस्, माभी जातिलाई हाम्रो समाजमा पिछडिएको जातिको रूपमा लिइन्छ। त्यसमा पनि हामी माभी जातिको छोरी-चेली कति नै सचेत छौं र ? तर मानिसले जिउन परेपछि आफूले व्यहोर्नु परेको दुःख, कष्ट र अभावबाट बाँच्ने उपायहरू सिक्दो रहेछ। हरेस नखाइकन जीउनको लागि सोच्न बाध्य भएपछि चेतना र सोचाइमा क्रमशः निखार आउँदो रहेछ।"

जब म सहारा विहीन भएर आजभन्दा तीन वर्ष अगाडि दूधे बालकलाई काखी च्यापेर काठमाडौंको गल्ली-गल्लीमा कामको लागि भौंतारिएको थिएँ, त्यति बेला मेरो उमेर १७ वर्षको मात्र थियो। घुम्दै जाँदा गाउँलेहरूले काम गर्ने गरेको गलैंचा कारखानामा संजोगले म पुगें। गाउँलेहरूको सहयोगमा त्यहाँ तीन महिना जति गलैंचा बुन्ने काम गरियो। बिहान ४ बजेदेखि राति १० बजेसम्मको खटाइले म अस्वस्थ हुँदै गएँ र काम गर्न नसक्ने अवस्थामा समेत पुगें। त्यसपछि आफ्नो माइती निजगढ आएर केही दिन बसियो। माइतीमा त्यतिकै बसिरहन मेरो मनले मानेन र गाउँकै चिनजानको दाजुको सहयोगले वीरगञ्जको कपास कारखानामा काम गरियो। त्यहाँ नौ महिना गुजारा गरियो। सानो छोरो, एक्ली स्वास्नीमान्छे। त्यहाँ पनि दिगो र सुरक्षित वातावरण पाइएन र पुनः फर्कें माइतीमै। केही दिन माइतीमै बसियो। अहिले ७ महिना भयो गाउँकै अंजु आदर्श बोर्डिङ स्कूलमा पियन काम पाएकी छु। स्कूलका प्रिन्सिपल दयालु र मानवीय स्वभावका हुनुहुँदो रहेछ। छोरालाई निःशुल्क पढाइदिनु भएको छ र मलाई महिनाको १२ सय तलब दिइन्छ। यसैबाट हामी आमा-छोराको गुजारा चलिरहेको छ।" रजनी गुनासो गर्दै भन्ने गर्दिछन्- "एक दिन अनायस म मा किन किन एउटा विद्रोहको भावना जागृत भयो। मैले सोचें, म कसैकी पत्नी हुँ। यही ठाउँमा मेरो घर छ, खेत बारी छ। त्यो खेतबारी र घरको हकदार पनि मसँग छ। तर पनि किन लाखौंको सम्पत्तिको हकदार मेरो छोरा, एउटा टुहुरो र अनाथ जस्तै पालिनु पर्छ ? किन मौन छ मेरो अधिकार ? यस्तै तर्क र विर्तकनाहरू घुमिरे मेरो दिमागमा। अनि मैले अठोट गरें। जसरी पनि आफ्नो अधिकारको लागि, छोराको अधिकारको लागि यो समाजमा मैले कडा सङ्घर्ष गर्नु पर्दछ।"

"यही अठोटका साथ गाउँकै एकजना समाजसेवी दिदीलाई लिएर इलाका प्रहरी कार्यालयमा गएँ र आफ्नो सम्पूर्ण वृतान्त बताएपछि प्रहरीको सहयोगमा ससुराद्वारा तीन वर्ष अगाडिदेखि हामीबाट अलगिएर बसेका मेरो पतिलाई झिकाइयो। इलाका प्रहरी कार्यालयमा र निजगढ गाविसको सहयोगमा विवाह दर्ता गरियो। त्यही विवाह दर्ता र छोराको जन्म दर्ताको प्रमाण लिई सदरमुकाम गएर नाबालकको अंश र मेरो मानो भराई पाऊँ भनी निवेदन दिएपछि ससुराले हाललाई घर बनाई बस्न भनी एक लाख बराबर मूल्य पर्ने एक कठ्ठा घडेरी दिन मञ्जुर गर्नुभयो। सोही शर्तअनुसार गत वर्ष चैत १५ गते ५ वर्षीय छोरो सरोजको नाममा जग्गा पास गराउन सफल भएकी छु। यद्यपि मैले गर्नुपर्ने सङ्घर्ष अझै छ। म र मेरो छोराको पूरा हकको लागि सङ्घर्ष गर्न बाँकी नै छ। तर पनि आफ्नो यो सानो प्रयास पहिलो पटक सफल भएकोमा खुशी छु।" छोरोको नाममा घडेरी पास गराई आएपछि रजनीले यसरी खुशी व्यक्त गरिन्। यस्ता हजारौं रजनीहरू होलान्, जो अधिकारविहीन अवस्थामा बाँचिरहेका छन्। जसले शिक्षा र चेतनाको अभावमा आफ्नो अधिकारबाट वञ्चित हुनु परेको छ। आज राजनीकै जस्तो नियति भोगिरहेका शोषित, पीडित र अन्यायको जाँतोमुनी पिल्सिरहेका महिलाहरूले सोच्नु पर्‍यो- आफ्नो लागि आफै संघर्ष गर्नु पर्दछ, आफै उठ्नु पर्दछ। अनि, रजनी मझिनीले जस्तै हरेक आपत-विपतमा पनि हार नमानी आफ्नो अधिकारको बत्ती बालेर खोजी गर्नु पर्दछ।

*– प्राची द्वैमासिक, २०५८ साउन*

# बढ्दै गएको अराजकता र निरीह सरकार

केही दिन अघि कारोबार दैनिक पत्रिकाका लागि दिइएको एक अन्तरवार्तामा यातायात व्यवसायी महासङ्घका अध्यक्षले दाबीका साथ भने "यातायात क्षेत्रको सरकार भनेका हामी नै हौँ।" देशभरका सडकमा सिन्डिकेट लागु गरेका यातायात व्यवसायीको तर्फबाट आएको यो भनाइका विपक्षमा मत राख्ने ताकत सरकारका निकायमा छैन। किनभने राज्यले सार्वजनिक यातायातमा कुनै लगानी नै गरेको छैन। जनताले तिरेको तिरोबाट बनेका सडकहरूमा साहुजीहरूको दादागिरी चल्छ।

यसै अवधिमा औषधी व्यवसायी महासङ्घले अल्केम कम्पनीको औषधी आफू मातहतका व्यवसायीले बेच्न नपाउने निर्णय गऱ्यो। गएको वर्ष साल्ट ट्रेडिङ् कम्पनी लिमिटेडले धादिङ जिल्लामा स्थापना गर्न लागेको खाना पकाउने ग्याँस कम्पनी वर्षौंदेखि ग्याँस व्यवसायमा एकाधिकार जमाएर बसेको ग्याँस व्यवसायी महासङ्घको विरोधका कारण रोकियो। सरकारलाई घुँडा टेकाउन कानुनले अति आवश्यक वस्तुका रूपमा वर्गीकरण गरेको ग्याँस वितरणमा उनीहरूले रोक लगाएपछि सरकारले साल्ट ट्रेडिङ कम्पनीमार्फत खोल्न तयारी गरेको ग्याँस कम्पनीको योजना त्यत्तिकै तुहियो।

पेट्रोलियम पदार्थको ढुवानी गर्ने ट्याङ्कर व्यवसायी आफैं निर्णय गर्छन् -कुन डिपोबाट आयात गर्ने, कति मात्रामा आयात गर्ने, ढुवानी भाडा कति लिने। सरकार उनीहरूका मागका अगाडि निर्लज्ज लाचार हुन्छ र उनीहरूका माग सम्बोधन गर्न सहमत हुन्छ। गएको असार महिनादेखि सरकारले चुरे क्षेत्रका साथै अन्य विभिन्न स्थानबाट बालुवा गिटी उत्खनन् गर्न रोक लगायो। विरोधमा व्यवसायीले आफूसँग मौजाद रहेको बालुवा, गिटी र ढुङ्गा बेचबिखन बन्द गरे, जसकाकारण राज्यको प्राथमिकतामा परेका विकास निर्माण कार्य ठप्प भए। लाचार राज्य उनीहरूका मागसँग असहमत हुने कुरै थिएन। पुस महिनासम्म अवैध उत्खनन् गर्न दिने शर्तमा सहमति कायम गऱ्यो। कहाँ कहाँ उधिन्न पाउनुपर्छ भन्ने कुराको निर्णय पनि तिनै व्यवसायीका संस्थाले गर्छन्। जनताले विभिन्न समयमा



सुबोधराज प्याकुरेल

**नेपाल मेडिकल काउन्सिलले शुद्ध प्राविधिक ढङ्गले निर्णय गर्नुपर्ने चिकित्सा विज्ञान पढाउने शिक्षालयदेखि प्रहरीको पदोन्नतिको शुद्ध प्रशासनिक निर्णयमा पनि अदालतले भन्न थाल्यो -कति जना र को कोलाई उन्नति गर्ने, कति सङ्ख्यामा भर्ना गर्ने। खिलराज रेग्मीले प्रमुख कार्यकारी पद छोडेपनि त्यसको रन्कोले अदालतलाई तताउन छोडेको छैन कि भन्ने शङ्का आम नागरिकमा जाग्यो भने?**

गरेका बलिदानीपूर्ण आन्दोलनले लोकतान्त्रिक भनिएका राजनीतिक दल र तिनका नेतृत्वलाई यो देश चलाउन हामीले जिम्मा दियौं। तर यो देश प्रहरी, प्रशासनले दर्ता गरिदिएका विभिन्न सङ्घ, महासङ्घले चलाउन थालेका छन्। मुलुकमा भइरहेका यस्ता विसङ्गतिपूर्ण कार्यको फेहरिस्त लम्बिँदो छ।

अब थपियो अदालत। नेपाल मेडिकल काउन्सिलले शुद्ध प्राविधिक ढङ्गले निर्णय गर्नुपर्ने चिकित्सा विज्ञान पढाउने शिक्षालयदेखि प्रहरीको पदोन्नतिको शुद्ध प्रशासनिक निर्णयमा पनि अदालतले भन्न थाल्यो -कति जना र को कोलाई उन्नति गर्ने, कति सङ्ख्यामा भर्ना गर्ने। खिलराज रेग्मीले प्रमुख कार्यकारी पद छोडेपनि त्यसको रन्कोले अदालतलाई तताउन छोडेको छैन कि भन्ने शङ्का आम नागरिकमा जाग्यो भने?

नीतिगत विषयमा न्याय र अन्याय न्याय निरूपण गर्ने निकायले हेरिदिनु पर्ने हो। तर, नीति भित्रको न्याय अन्याय छाडेर व्यक्ति र सूक्ष्म व्यवस्थापनमा अदालत क्रियाशील भयो भने ऊ पनि आलोचनाको घेराभन्दा बाहिर जान सक्दैन। यसले नीतिगत सुधारमार्फत सम्पूर्ण जनताको सुनुवाइ हुने आधारशीलालाई कमजोर पार्छ। सबै पीडित अदालतसम्म पुग्न सक्दैनन्। त्यसैले नीतिगत सुधारमा एकलव्य ध्यान केन्द्रित गर्नुपर्छ र नीतिगत सुधार गर्ने निकाय सरकार र संसद् हुनुपर्छ। ती जवाफदेही निकायलाई न्याय र अन्यायको मामिला सच्याउन परमादेश जारी गर्न सक्ने दायित्व पाएको अदालतको गरिमा यस अर्थमा निर्विवाद हुनुपर्छ।

हाम्रो देशमा यतिबेला अराजकताले संस्कारका रूपमा जरो गाड्न थालेको छ। संस्कारगत सुधारको अभिन्न पाटो भनेको नीतिगत सुधार हो। यस्तो सुधार प्राविधिक विषयबाट हुँदैन। यसअघि अदालतले भ्रष्टाचार जस्तो संवेदनशील विषयमा म्याद नाघेपछि दायर भएको आधारमा मुद्दा खारेज हुन्न भनेको थियो। यस्तो नजिर संसारका सबैजसो देशमा छ। तर भर्खरै हाम्रो अदालतले आफ्नै नजिर उल्टायो। स्व.गिरिजाप्रसाद कोइरालाका स्वकीय सचिवको मुद्दा अनुसन्धान थालेको दुई वर्षमा दायर नगरेको भनेर खारेज गरेको समाचार प्रसारण भएको छ। अब ढुक्कसँग भन्न सकिन्छ- माओवादीका पूर्व लडाकुको रकममा भएको अपचलनलगायत अन्य थुप्रै अभियोजन जुन कार्यपालिकाले समयमा आयुक्तको नियुक्ति नगरिदिएर र अन्य व्यवस्थापन हुन नसकेर अख्तियारले पूरा गर्न सकेको छैन, ती सब मुद्दा दायर हुनासाथ खारेज हुनेछन्। किनभने यो विषयमा भर्खरैको फैसलाले नजिर स्थापना गरिसकेको छ।

सर्वोच्च अदालतमा नयाँ श्रीमान्हरूको नियुक्तिलाई लिएर भएका टिकाटिप्पणी र अदालतले देखाउन थालेको सूक्ष्म व्यवस्थापन तथा प्राविधिक निर्णयहरूले थप अन्योल त सृजना गरेकै छ। स्याल कराउनु र सिँगारी हराउनु जस्तो नहोस्। सबैलाई चेतना भया।

# खाद्य अधिकार : सैद्धान्तिक आयाम तथा अभ्यास



तेजमान श्रेष्ठ[१], अधिवक्ता

## १. विषय प्रवेश

खाद्यसम्बन्धी अधिकार आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारअन्तर्गत पर्ने एक महत्वपूर्ण मानवअधिकार हो। मानवअधिकारको सूत्रपातसँगै खाद्यसम्बन्धी मानवअधिकारलाई आधारभूत मानवअधिकारको रूपमा स्वीकार गरिए तापनि जीवनको अधिकार, यातना विरुद्धको अधिकार जस्ता नागरिक तथा राजनीतिक अधिकारकै सरह स्थापित गर्न लामो समय लाग्यो। यसो हुनुको कारण यस अधिकारलाई उल्लङ्घन भएको अवस्थामा कानुनी उपचार प्रदान गर्ने व्यवस्था थिएन र प्राज्ञिक संलाप तथा अदालती अभ्यास पनि खाद्यसम्बन्धी अधिकारलाई फरक तहकै अधिकारको रूपमा हेर्ने गर्दथे।

विश्वमा सबै जनङ्ख्यालाई खुवाउन पुग्ने खाद्य उत्पादन हुने भए पनि खाद्य तथा कृषि सङ्गठनको अनुसार सन् २०११ देखि २०१३ को बीचमा विश्वमा चौरासी करोड भन्दा बढी मानिसहरू कुपोषणयुक्त जीवन गुजार्न बाध्य रहे।[२] नेपालमा पनि झण्डै २५ प्रतिशत जनतामा गरिबी व्याप्त छ।[३] अझ हुम्ला र बझाङमा ६० प्रतिशत बालबालिका कुपोषण ग्रस्त छन्।[४] तसर्थ भोकमरीबाट मुक्त हुन नसकेको नागरिकको खाद्य अधिकार सुनिश्चित भइसकेको अवस्था छैन।

भोकमरीबाट विश्वलाई मुक्त पार्दै खाद्य अधिकारलाई क्रमिकरूपमा कार्यान्वयन गर्नको लागि सन् २००४ मा "FAO Voluntary Guidelines to Support the Progressive Realization of the Right to Adequate Food in the Context of National Food Security" (FAO Voluntary Guidelines) in 2004.[५] ग्रहण गरिएको थियो। खाद्य तथा कृषि सङ्गठनको यो प्रयासको एक दशकपछि सन् २०१४ सम्म आइपुग्दा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति[६]ले अन्तर्राष्ट्रिय सन्धिको हैसियत प्राप्त गरेको छ। अन्तर्राष्ट्रियस्तरमा उक्त समितिले व्यक्तिगत उजुरी सुन्ने हैसियत पाएको भने नेपालको परिप्रेक्ष्यमा नेपालको अन्तरिम संविधान, २०६३ ले खाद्य सप्रभूता सम्बन्धी अधिकार प्रदान गरेको छ।[७] विघटित नेपालको पहिलो संविधानसभाका विषयगत समितिमा समेत खाद्य अधिकारलाई समावेश गरिएको थियो। नेपालले खाद्य अधिकारलाई संवैधानिकरूपमा स्वीकार गरेको मात्र छैन कि सन् २०२२ सम्म नेपालले आफूलाई अति कमविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा पुऱ्याउने तयारी गर्दैछ।[८] यसर्थ गरिबी र कुपोषणबाट आक्रान्त नागरिकहरूको खाद्य अधिकार सुनिश्चित नगरी नेपालको घोषित लक्ष हासिल गर्न सहज छैन। तसर्थ कानुनी तथा कार्यक्रम दुवैमा खाद्य अधिकारको सुनिश्चित गर्न जरुरी छ।

## २. *खाद्य अधिकारको परिभाषा तथा यसका विभिन्न आयामहरू*

सामान्य बुझाइमा खाद्य अधिकार भन्नाले हरेक व्यक्तिले आफ्नो आवश्यकता र सांस्कृतिक परम्पराअनुसार उचित, पोषिलो र स्वच्छ खाना खान पाउनु भन्ने बुझिन्छ। आर्थिक सामाजिक तथा सास्कृतिक समिति (यसपछि आसास) ले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ (The International Covenant on Economic, Social and Cultural Rights (ICESCR), 1966.)[९] ICESCR को धारा ११ लाई आफ्ना सामान्य व्याख्यात्मक टिप्पणी (General Comment 12) मा "जब प्रत्येक पुरुष, महिला तथा बालबालिकाको, एक्लै वा समुदायमा, पर्याप्त खाद्य र यसको उपार्जनको माध्यमसम्म जुनसुकै समयमा भौतिक र आर्थिक पहुँच हुन्छ तबमात्र खाद्य अधिकारको कार्यान्वयन भएको हुन्छ"[१०] भनी व्याख्या गरेको छ। तसर्थ खाद्यान्न वा यसको उपार्जनको माध्यमसम्म सदा पहुँच रहनु खाद्य अधिकार उपभोगको लागि आवश्यक पूर्व शर्त हो। खाद्य अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समाधिक्षकले यस अधिकारको विस्तृत परिभाषा यसरी गरेका छन् :

---

१ LLM, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, एसेक्स विश्वविद्यालय, यु के, LLM, संवैधानिक कानुन तथा अन्तर्राष्ट्रिय कानुन, त्रिवि, नेपाल।

२ http://www.fao.org/hunger/en/, visited Aug 30, 2014

३ National Planning Commission Secretariat, Central Bureau of Statistics, *Poverty in Nepal: Nepal Living Standard Survey* (2011), 13

४ UNDP, *Nepal Human Development Report 2014*, 22

५ FAO <http://www.fao.org/righttofood/news-and-events/2014-right-to-food-guidelines10/en/> accssed Aug 30, 2014. It is called Right to Food Guidelines in short.

६ यसपछि यस समितिलाई आ सा सा समिति वा समिति मात्र भनिएको छ।

७ Article 18 (3)

८ National Planning Commission, Nepal <www.npc.gov.np> accessed Sept 3, 2014

९ यसपछि यस अभिसन्धिलाई ICESCR वा अभिसन्धि वा महासन्धि मात्र भनिएको छ।

१० अनुच्छेद ६

*"प्रत्यक्ष वा वित्तीय खरिदमार्फत उपभोक्ताको सांस्कृतिक परम्पराअनुसार गुणात्मक एवम् परिमाणात्मक तरिकाले प्रशस्त एवम् पर्याप्त खाना र जसले आम मानिसको शारीरिक एवम् मानिसक जीवन, व्यक्तिगत र सामाजिक, दुवैरूपले सुरक्षित, मर्यादित र अभावको भयरहित रहेको सुनिश्चित गर्दछ र (उक्त अधिकारको) परिपूरण गर्दै मर्यादित अवस्था जसमा नागरिहकहरूको नियमित, निरन्तर र निर्वाध रूपले खाद्यान्नमा पहुँच रहन्छ।"* [११]

खाद्य अधिकार पूर्ण रूपले उपभोग गर्न पाउने अवस्था श्रृजना हुनु भनेको नागरिकहरूको नियमित, निरन्तर र निर्वाधरूपले खाद्यान्नमा पहुँच रही कुनै पनि अभावको डरबाट मुक्त हुने अवस्था हो।[१२] यसको लागि साँस्कृतिक मान्यतालाई सम्मान गर्दै उपलब्धता, पहुँच तथा पर्याप्तता र दिगोपनाको जरुरी छ।[१३]

खाद्यान्नको उपलब्धता भन्नाले व्यक्ति वा समुदायको खाद्यान्न पाउने अवस्था जसका लागि खाद्यान्नको उपलब्धता र यो अधिकार उपभोग गर्दा अन्य अधिकारमा प्रतिकुल असर पर्न नहुने भन्ने बुभिन्छ। समितिले खाद्यान्नको पर्याप्तताको आधारभूत अन्तरवस्तु भनेको खाद्यान्नको उपलब्धता र दिगोपना हो भनी व्याख्या गरेको छ।[१४] यस प्रकारको उपलब्धता परिमाण र गुणस्तर दुवैमा पर्याप्त हुनुका साथै साँस्कृतिक रूपमा स्वीकारयोग्य हुनु पर्ने र कुनै प्रतिकूल असर पार्न नहुने समेत भनेको छ।

खाद्यान्नमाथिको पहुँच भन्नाले आफ्नै उत्पादन गरेर वा माध्यमबाट दिगो रूपमा उपलब्ध खाद्यान्न प्राप्त गर्ने अवस्था भन्ने बुभिन्छ। समष्टिगतरूपमा देशमा खाद्यान्न उपलब्धता पर्याप्त भए पनि व्यक्तिले आफ्नो खाद्यान्नको आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्दैन भने यसलाई खाद्यान्नमा पहुँच भएको मान्न सकिँदैन। त्यसले खाद्यान्नको उपलब्धता आर्थिक र भौतिक दुवै रूपमा हुनु पर्दछ। नेपालको परिप्रेक्ष्यमा मध्यपश्चिम तथा सुदूरपश्चिमका पहाडी जिल्लाहरूका लागि आवश्यक खाद्यान्न पूर्व पश्चिम राजमार्गमा अवस्थित तराईमा भण्डार गरिएर राखिएको छ। तर त्यहाँका बासिन्दाले आवश्यक पर्दाको बखत सजिलै खरिद गर्न पाइरहेका छैनन्। तसर्थ भण्डारण पर्याप्त हुँदैमा मात्र पनि पहुँच भएको भन्ने सकिँदैन।

खाद्यान्नको पर्याप्तता भन्नाले मानिसहरूले पर्याप्त मात्रामा स्वस्थ्य र गुणस्तरयुक्त खाना खान पाउनु पर्छ भन्ने बुभिन्छ। आसास समितिले आफ्नो सामान्य व्याख्यात्मक टिप्पणी सङ्ख्या १२ मा औंल्याएजस्तै ICESCR महासन्धिको धारा ११ उद्देश्य अनकूल छ कि छैन भन्ने कुरा खाद्यान्नको पर्याप्तताको महत्वपूपूर्ण पक्ष हो।[१५] दिगोपनाको अवधारणा खाद्यान्नको पर्याप्ता वा खाद्य सुरक्षासँग अन्योन्याश्रित रूपले सम्बन्धित छ। दिगोपनाको लागि वर्तमान पुस्ताको मात्र नभएर भावी पुस्ताको समेत खाद्यान्नमा पहुँच छ भन्नु हो किनकी हामीसँग उलब्ध प्राकृतिक साधनहरू साझा हुन्। दिगोपनाले दीर्घकालसम्मको उपलब्धता र पहुँचको धारणालाई पनि समावेश गर्छ।

खाद्यसम्बन्धी अधिकारको तीनओटा आयाम हुन्छ। "खाद्यसम्बन्धी अधिकार खाद्य सम्प्रभुता (Food Sovereignty), खाद्य सुरक्षा र खाद्य अधिकारसँग जोडिएको हुन्छ।" [१६] खाद्य सम्प्रभूता राजनीतिक अवधारणा, खाद्य सुरक्षा प्राविधिक अवधारणा हो भने खाद्यान्नको अधिकारलाई कानुनी अवधारणा मानिन्छ।[१७] राजनीतिक अवधारणको रूपमा लिइएको खाद्य सम्प्रभुता किसान मजदुरहरूको अभियान (Via Campesina) ले सन १९९६ मा अगाडि सारेको हो । यस अवधारणाअनुसार साना किसान मजदुर महिलाहरूले खाद्यान्नको उत्पादन, वितरण, नियमनका विषयमा *व्यक्ति, समुदाय तथा राष्ट्र*को अधिकारलाई सुनिचिश्त गर्दै वातावरणीय, सामाजिक, आर्थिक तथा सांस्कृतिकरूपले आफ्नो विशिष्ट परिस्थिति अनुरूप खाद्य, कृषि, पशुपालन तथा मत्स्य प्रणालीसम्बन्धी नीतिहरू निर्धारण गर्ने अधिकार सम्बन्धित तीनै *व्यक्ति, समुदाय तथा राष्ट्र*मा निहित हुन्छ"[१८], खाद्य सम्प्रभूताले प्राकृतिक श्रोतसाधनको दिगो संभार र प्रयोगमा जोड दिन्छ र यसले खाद्यान्नलाई प्राण धान्ने पोषणको श्रोत पहिले र अनि मात्र व्यापारको वस्तुको रूपमा लिन्छ।[१९] यस प्रकारले खाद्य सम्प्रभुताले प्राकृतिक श्रोतसाधनको उपयोगमा दिगोपना र खाद्यान्नलाई प्राण धान्ने पोषणको श्रोतको रूपमा लिँदै यसका उत्पादनको साधन तथा उत्पादन र वितरणमा पनि यी साधन उपयोग गर्नेहरूको प्राथमिक निर्णयकारी भूमिकामा जोड दिन्छ।

११ Report by the Special Rapporteur on the right to food, Mr. Jean Ziegler, submitted in accordance with Commission on Human Rights resolution 2000/10; UN Doc. E/CN.4/2001/53, para 14; See also UN Doc and A/56/210. Jean Ziegler , Christophe Golay, Claire Mahon and Sally-Anne Way. *The Fight for the Right to Food: Lesson Learnt (International Relations and Development Series,* (Palgrave, 2011) p 15.

१२ See 'The Four Freedoms' speech by F.D. Roosevelt, delivered on 6 January 1941 to the United States Congress.

१३ General Comment No. 12 para 8 to 13

१४ GC 12, para 8

१५ GC 12, para 7

१६ Constituent Assembly of Nepal, *Preliminary Report and Concept Notes of the Constituent Assembly, Committee on Fundamental Rights and Directive Principles of the State* (2010) 292

१७ ibid

१८ <http://viacampesina.org/en/index.php/main-issues-mainmenu-27/food-sovereignty-and-trade-mainmenu-38/1250-india-food-sovereignty-in-manipur> accessed Sept 11 , 2014

१९ Via Campesina, November 11-17, 1996 in Rome, Italy
http://www.voiceoftheturtle.org/library/1996%20Declaration%20of%20Food%20Sovereignty.pdf> accessed Sept 11 , 2014

खाद्य सुरक्षा हरेक व्यक्तिको खाद्यान्नका श्रोतसँग स्थायी पहुँचसँग सम्बन्धित छ। Menezes ले खाद्य सुरक्षालाई हरेकले स्वास्थ्यकर आहारको बानीको आधारमा पर्याप्त मात्रामा स्थायीरूपमा खाद्यान्नमा पहुँच हुनु हो र यसले उसको अरु आवश्यकता र आउने समयको खाद्य प्रणालीलाई नकारात्मक प्रभाव पार्न हुन्न भनी परिभाषित गरेको छन्।[३०] यसर्थ खाद्य सुरक्षाले खाद्यान्नको अभाव हुन नदिने प्राविधिक पक्षलाई जोड दिन्छ।

**राज्यका दायित्वहरू**

नागरिक वा अन्य व्यक्तिहरूको पर्याप्त खानाको अधिकारअन्तर्गत राष्ट्रिय कानुन वा अन्तर्राष्ट्रिय कानुनहरूद्वारा श्रृजित सम्मान गर्ने, संरक्षण गर्ने र परिपूरण गर्ने तीन बाध्यकारी दायित्व रहेको हुन्छ। तसर्थ राज्यले खाद्य अधिकारको अवस्था सुधारको लागि, आफ्नो भूगोल वा भौगोलिक, राजनीतिक सीमाभित्र रहेका हरेक व्यक्तिको जीवनको गुणस्तर सुधारको लागि र अझ खासगरी सीमान्तकृत र जोखिममा परेका समूहहरूका लागि लक्षित हुनुपर्दछ। नेपाल आर्थिक ,सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को पक्ष राष्ट्र भएको हैसियतले आफ्ना सम्पूर्ण नागरिकको खाद्यसम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्न उत्तरदायी हुन्छ। सम्मान गर्ने दायित्वले राज्यको शक्ति अभ्यासलाई सीमाङ्कन गर्दछ ताकि यसले नागरिकको खाद्यान्न सम्मको पहुँचलाई खतरा नपुऱ्याओस्।[३१]

संरक्षण गर्ने दायित्व अन्तर्गत खासगरी सरकारी निकाय बाहेकको तेश्रो व्यक्ति वा पक्ष जस्तो कि निजी क्षेत्र तथा उद्योगहरूले व्यक्तिलाई उसको खाद्य अधिकारबाट विमुख नपारोस् भन्ने हो।[३२] Maastricht Guidelines ले राज्यले निजी क्षेत्र वा गैह्रसरकारी निकायको गतिविधि नियन्त्रण गर्न नसक्दा व्यक्ति सामाजिक आर्थिक अधिकार उपभोग गर्न विमुख हुन्छन् भनेको छ।[३३] संरक्षण गर्ने दायित्वअन्तर्गत राज्यले कानुनी तथा संस्थागत संरचना तयार गरी लागु समेत गर्नुपर्दछ।

परिपूरण गर्ने दायित्वअन्तर्गत राज्यले ICESCR धारा २ मा व्यवस्था गरिएजस्तो उपलब्ध श्रोत र साधनको अधिकतम प्रयोग गरी राज्यले खाद्यानको पहुँचबाट वञ्चित भएका व्यक्ति वा समूहको पहुँचको प्रत्याभूतिका लागि अधिकतम प्रयास गर्नुपर्छ। यदि कसैबाट यो अधिकारको हनन हुन गएमा त्यसबाट पर्न गएको क्षतिको क्षतिपूर्तिसहित पुन पहुँचको अवस्थाको प्रत्याभूति गरिनु पर्ने परिपूरणको सिद्धान्त हो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिको सामान्य व्याख्यात्मक टिप्पणी सङ्ख्या १२ मा "खाद्य सम्बन्धी अधिकार उपयोग भएको तब मात्र मानिन्छ जब हरेक व्यक्ति, लोग्ने मान्छे, महिला र बालक, एक्लै वा समूहमा यसका खरिदका साधनहरूमा भौतिक तथा आर्थिक पहुँच राख्दछन्" भनिएको छ। यसर्थ पहुँच सुनिश्चित गर्न राज्यले आफ्ना तीनैओटा दायित्वको पालना गर्नुपर्छ।

**प्रगतिशील या तत्काल अनुभूतिकरण**

अविभेदको सिद्धान्तलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूद्वारा प्रत्याभूत गरिएको छ। खासगरी दोस्रो विश्व युद्धको अन्त्यपछि मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धिहरूको निर्माण हुन थाल्यो र यी सबै सन्धिहरूको आधार भनेको मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ नै हो। यस घोषणापत्रको बुँदा नं. २ मा कसैलाई जात, लिङ्ग, धर्म, आस्था, अन्तस्करण वा अन्य कुनै पनि आधारमा विभेद नगरिकन सबैले समानरूपमा उपभोग गर्न पाउने अधिकार राख्दछ भनिएको छ। तर, जहाँनिर श्रोत साधनको उपयोगको कुरा आउँछ, राज्यसँग पर्याप्त श्रोत र साधन नहुन सक्छ। राज्यसँग श्रोत साधन नभएकाले सबै मागहरू एकैसाथ पूरा गर्न सम्भव हुँदैन।[३४] तर पनि राज्यले आफ्ना सम्पूर्ण प्रयासहरू प्रभावकारी ढङ्गले गर्नुपर्ने दायित्व हुन्छ भनी आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिले जोड दिएको छ।[३५] राज्यले लिएका कदमहरू प्रष्ट, ठोस र निश्चित उद्देश्य सहितको हुनुपर्छ भन्नेमा समिति थप जोड दिन्छ।[३६] भोकमरी तथा कुपोषणबाट मुक्त हुने आधारभूत अधिकार उपभोग सुनिश्चित गर्नको लागि अभिसन्धिका पक्ष राष्ट्रहरूले तत्काल तथा आपतकालीन अरु कदमहरू चाल्न स्वीकार गर्दछन्[३७] भनी समितिले सामाजिक आर्थिक अधिकारको तत्कालको कार्यन्वयनमा जोड दिएको छ।

सबै मुलुकसँग खाद्य अधिकार तत्काल कार्यन्वयन गराउनको लागि पर्याप्त श्रोत-तथा साधनको कमी हुन सक्छ। तर, श्रोतसाधनको कमीका कारण राज्यले नागरिक वा अन्य मानिस जो त्यस मुलुकमा बसोवास गरेका छन् उनीहरूको भोकमरी र कुपोषणबाट मुक्त हुने अधिकारको सुनिश्चित गराउने दायित्वबाट पन्छन सक्दैनन्। बरु उनीहरूले अन्तर्राष्ट्रिय सहयोगका लागि पहल गर्न सक्छन्। महत्वपूर्ण त के छ भने उनीहरूले चालेको कदम प्रष्ट, ठोस र निश्चित उद्देश्यसहितको हुनै पर्छ। यसबाहेक नीति निर्माणमा सहभागिता तथा भेदभाव नहुने अवस्था सुनिश्चित गर्नु अझै महत्वपूर्ण छ, जो तत्कालै लागु हुने हकहरू हुन्। यसर्थ

---

३० Franscisco Menezes,'Food Sovereignty: A vital requirement for food security in the context of globalization' (2001) Development 44 (4) 30

३१ UN Economic and Social Council. *The right to food. Report by the Special Rapporteur for the right to food, Jean Ziegler* (16 March 2006), available at http://www.righttofood.org/new/PDF/ECN4200644.pdf, last visited Feb, 12, 2011

३२ Committee on Economic, Social and Cultural Rights. General Comment No. 12, paragraphs 15, 27.

३३ Maastricht Guidelines on Violations of Economic, Social, and Cultural Rights, para 18.

३४ Arun Ray. *National Human Rights Commission of India.* New Delhi: Khama Publishers. 2004. Vol. I. p. 50,51

३५ ESCR Committee GC No 3 para 9, The nature of States parties' obligations (Fifth session, 1999), UN Doc. E/1991/23/annex III at 86

३६ Ibid, paras 2, p. 16

३७ GC 12, para 1

खाद्य अधिकारका सबै पक्षहरू क्रमशः लागु गर्दै जाने प्रकृतिका मात्र होइनन्।

## ३. खाद्य अधिकारका कानुनी आधारहरू

मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा संहिताबद्ध गरिनु पूर्व धेरै अघिदेखि नै संसारका प्राय सबै धर्महरूमा खाद्य सम्बन्धी अधिकारलाई स्वीकार गरिएको पाइन्छ। अन्तर्राष्ट्रिय कानुनी दस्तावेजको रूपमा सर्वप्रथम संयुक्त राष्ट्रसङ्घको बडापत्रको धारा ५५ मा खाद्य अधिकारको सिधै उल्लेख नगरिएता पनि आर्थिक सामाजिक अधिकारको व्यवस्था तथा त्यसको लागि अन्तर्राष्ट्रिय सहयोगको समेत व्यवस्था गरेको छ। धारा ५५(क) ले उच्चतम जीवनशैली, पूर्ण रोजगारी र विकास तथा आर्थिक सामाजिक प्रगतिका विषयमा उल्लेख गरेको छ भने धारा ५५ (ख)ले यी अधिकारको कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय सहायताका बारेमा उल्लेख गरेको छ। त्यसगरी धारा ५५(ग) ले अविभेदको अधिकार प्रदान गरेको छ जसअनुसार कसैलाई जात, लिङ्ग, भाषा तथा धर्मको आधारमा विभेद नगरी मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी पालना र सम्मान गरिनुपर्ने उल्लेख छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights (UDHR), 1948)[२८] मा खाद्य अधिकारलाई स्पष्ट रूपमा स्वीकार गरिएको छ। घोषणापत्रको हैसियत बाध्यकारी नभएकोले UDHR पछिका संयुक्त राष्ट्रसङ्घद्वारा विकसित तथा अन्य क्षेत्रीय महासन्धि तथा अन्तर्राष्ट्रिय मानवीय कानुनहरूले समेत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा खाद्य सम्बन्धी अधिकारलाई कानुनी आधार प्रदान गरेको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६[२९] जारी भएपछि खाद्य अधिकारलाई कानुनीरूपमा स्वीकार गरियो। UDHR को धारा २२ देखि २७ सम्म आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू जस्तै काम गर्न पाउने अधिकार, अशक्त अथवा आफ्नो पहुँच वा काबुभन्दा बाहिरको अवस्थामा सामाजिक सुरक्षाको अधिकार, उपयुक्त बसोबासको अवस्था तथा शिक्षाको अधिकारहरू उल्लेख छन्, जुन अधिकारहरू खाद्य अधिकार उपभोग गर्ने अवस्थासँग सम्बन्धित रहेका हुन्छन्। UDHR मा खाद्य अधिकारसम्बन्धी यस्तो व्यवस्था गरिएको छ :

*प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, विरामी, अशक्तता, विधवा, बुढेशकाल वा आफ्नो काबुभन्दा बाहिरको परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।*[३०]

यसप्रकार यस घोषणापत्रमा सामान्य अवस्थामा मात्र नभएर व्यक्तिको आफ्नो काबुभन्दा बाहिरको अवस्थामा जीविकोपार्जनका उपायका अभावमासमेत खाद्य लगायतका अधिकारसहित जीवनस्तरको अधिकार हुनेछ भनी उल्लेख गरिएको छ। ICESCR महासन्धिले घोषणापत्रमा उल्लेख गरिएको अधिकारलाई कानुनी हैसियत प्रदान गरेको छ। महासन्धिमा "व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्"[३१] भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी उक्त प्रतिज्ञापत्रमा "भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक हक" स्वीकार गर्दै सो को सुनिश्चतताका लागि अन्तर्राष्ट्रिय सहयोग लगायत अन्य आवश्यक कार्यक्रम अवलम्बन गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।[३२] यस प्रकार ICESCR महासन्धिले भोकमरी विरुद्धको अधिकार लगायत खाद्यसम्बन्धी सबै अधिकारको प्रत्याभूत गरेको छ।

ICESCR महासन्धिको बाहेक महिला विरुद्धको सबै खाले भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), १९७९ ले महिलाको विशेष अवस्था जस्तो कि गर्भावस्था र शिशुलाई स्तनपानको वेलामा महिलाको पोषणयुक्त आहारा पाउनुपर्ने हकको व्यवस्था गरेको छ।[३३] त्यसैगरी बाल अधिकार सम्बन्धी महासन्धि (CRC), १९८९ ले बालबालिकाको पोषणयुक्त खाना तथा शुद्ध पिउने पानीको पहुँचद्वारा कुपोषण विरुद्ध लड्ने अधिकार, आफू आमाको गर्भमा हुँदैमा पर्याप्त स्याहारको अधिकार समेत व्यवस्था गरेको छ।[३४] यसप्रकार खाद्य अधिकार भनेको केवल सिधै खाद्यवस्तु सम्मको पहुँच मात्र नभएर विशेष अवस्थामा पनि उचित स्वास्थ्य अवस्था राख्न सक्ने वातावरणको श्रृजना हुनुसम्मको अधिकार पर्दछन जसलाई अन्तर्राष्ट्रिय महासन्धिहरूमा व्यवस्थासमेत गरिएको छ।

शरणार्थीहरूको संरक्षणसम्बन्धी सन्धिमार्फत असामान्य अवस्थाको श्रृजना भई आफ्नो देश भन्दा बाहिर शरणार्थी जीवन बिताउँदासमेत भोकमरी विरुद्धको अधिकारलाई स्वीकार गरिएको छ। शरणार्थीहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, १९५१ ले आफ्नो देशमा वैधरूपमा बसेका शरणार्थीहरूलाई रासनलगायत सामाजिक सुरक्षामा आफ्ना नागरिक सरह व्यवहार गरिनुपर्छ भन्ने व्यवस्था गरेको छ।[३५] अन्तर्राष्ट्रिय मानवीय कानुनहरूमासमेत सशस्त्र द्वन्द्वको क्रममा पनि खाद्य अधिकारलाई सम्मान गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त महासन्धिले गैर सैनिकलाई अत्यावश्यक खाद्यान्न, बाली, भण्डार, पिउने

२८ यसपछि यस घोषणापत्रलाई सहजताको लागि अङ्ग्रेजी acronyms UDHR मात्र भनिएको छ।

२९ यस पछि यस महासन्धिलाई सहजताको लागि अङ्ग्रेजी acronyms ICESCR मात्र भनिएको छ।

३० Universal Declaration of Human Rights, 1948, Art. 25(1)

३१ ICESCR 1966, Art. 11 (1)

३२ Art. 11 (2)

३३ Art. 12

३४ Art. 27(1)

३५ The International Convention on Protection of Refugees, 1951 Art. 20; and Related Protocol, 1967.

पानी तथा सिचाइको विध्वंश गरी "भोकमरीलाई युद्धको माध्यमको रूपमा प्रयोग गर्न प्रतिबन्ध"[३६] गरेको छ।

अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका खाद्यसम्बन्धी अधिकारहरूलाई कार्यान्वयन गर्नको लागि विश्व खाद्य सङ्गठनद्वारा विकसित मार्ग निर्देशिकाले[३७] सहयोग प्रदान गर्दछ। यो निर्देशिकाले राज्यले आफ्ना नागरिकहरू जो खासगरी खतरायुक्त अवस्थामा छन तिनले आफूलाई भोकमरीबाट मुक्त राख्न सकुन् भन्ने उद्देश्यको लागि राज्यले चाल्नुपर्ने कदमको सम्बन्धमा व्यवहारिक दिग्दर्शन र सुझाव प्रदान गरेको छ। यसले अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका प्रतिवद्धता लागु गर्न राष्ट्रियस्तरमा नीति नियम तर्जुमा गर्न समेत सदस्य राष्ट्रहरूलाई आह्वान गर्दछ। यसप्रकार अन्तर्राष्ट्रिय महासन्धिहरूले खाद्य अधिकारलाई आधारभूत मानवअधिकारको रूपमा स्वीकार गरेको छ भने FAO Guidelines ले राज्यलाई ती अधिकार कार्यान्वयन गराउन व्यवहारिक सुझाव तथा दिग्दर्शन प्रदान गरेको छ।

### ***४. खाद्यअधिकार सम्बन्धमा नेपाली कानुनी प्रावधान***

नेपालमा खाद्यअधिकारलाई कानुनी हैसियत प्रदान गरेको इतिहास त्यति लामो छैन। नेपाल अधिराज्यको संविधान, २०४७ मा खाद्यअधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरेको थिएन। दशवर्षे सशस्त्र द्वन्द्वको अन्तसँगै विस्तृत शान्ति सम्झौता, २०६३, जसलाई नेपालको अन्तरिम संविधान, २०६३ को एक अभिन्न अङ्ग मानिएको छ, मा तत्कालीन युद्धरत पक्षहरू माओवादी (तत्कालीन विद्रोही नेकपा माओवादी) र नेपाल सरकार दुवैले खाद्य सम्प्रभुताको हकलाई स्विकार गरेका छन। त्यसैगरी खाद्यान्नको श्रोत र वितरणमा असर नपुर्‍याउने दुवैपक्षले स्वीकारेका छन्। नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को मौलिक हक खण्डको धारा १८ सामाजिक सुरक्षाको हकअन्तर्गत १८ (३) खाद्यान्नको अधिकारलाई "कानुनमा व्यवस्था भए बमोजिम" भन्ने व्यवस्थासहित मौलिक हकको रूपमा स्वीकार गरिएको छ। धारा १८(३) को उक्त अधिकार स्वत: मौलिक हक हुने भन्ने चाहिँ होइन। संविधानमा नै उल्लेख भए अनुरूप यस हकलाई कानुनमा व्यवस्था गरेपछि मात्र उपभोग गर्न पाउने अवस्था रहन्छ। तर धारा १२(१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक" (Right to life with dignity) प्रदान गरिएको छ। सम्मानपूर्वक बाँच्न पाउने हक आफैँमा पूर्ण मौलिक हक भएको हुँदा सम्मानपूर्वक बाँच्नका लागि आवश्यक अन्य हकहरू पनि मौलिक हकको रूपमा स्वीकारिएको बुझ्नुपर्छ। यसर्थ, सम्मानपूर्वक बाँच्न पाउने हकको माध्यमबाट खाद्यसम्बन्धी अधिकारको हक पनि स्वत: प्राप्त हुन्छ भनेर बुझ्नु पर्ने हुन्छ ।

सम्मानपूर्वक बाँच्न पाउने हक भनेको मानवीय मूल्य, मान्यता र मर्यादामा आधारित जीवन जीउने हक हो। अमेरिकी अदालतले *Munn v. Illinois* "जीवन" भनेको प्राणीवत अस्तित्व मात्रले पर्याप्त हुँदैन भनी व्याख्या गरेको छ।[३८] त्यसैगरी भारतीय सर्वोच्च अदालतले *Francis Coralie v. Union Territory of Delhi* मुद्दामा जीवनको अधिकारमा सम्मानपूर्वक बाँच्न पाउने हकसमेत समावेश हुन्छ भनेर भनिएको छ।[३९] यसर्थ सम्मानपूर्वक बाँच्न पाउनु भनेको प्राणीवत अस्तित्वबाट माथि उठेर मानवीय मूल्य, मान्यता र मर्यादामा आधारित जीवन जिउन पाउने हकअर्थात त्यसका लागि शिक्षा, स्वास्थ्य, आवास, सामाजिक सुरक्षा, खाद्यान्न जस्ता आधारभूत अधिकारको सुनिश्चित भएको अवस्था हो।

नेपालमा खाद्य अधिकारलाई सुरक्षित गर्न छुट्टै विशिष्ट ऐनको व्यवस्था छैन। खाद्य ऐन, २०२३ तथा खाद्य नियमावली, २०२७ ले खाद्य गुणस्तरताको हक प्रदान गरेको छ। त्यसैगरी खाद्य गुणस्तरता प्रदान गर्न उपभोक्ता संरक्षण ऐन, २०५४ तथा उपभोक्ता संरक्षण नियमावली, २०५६ छ जसले बाह्य मुलुकबाट उपभोग्य वस्तु आयात गर्दा उक्त उपभोग्य उत्पादन भएको देश, सो वस्तुको गुणस्तरको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथा छिमेकी मुलुकले कायम गरेका गुणस्तरसम्बन्धी नीति निर्धारण समेतलाई आधार लिनु पर्ने, कृत्रिम अभाव हुन नदिने जस्ता प्रावधान राखिएको छ ।

त्यसैगरी कारागार ऐन, २०१९ तथा कारागार नियमावली, २०२० ले कारागारमा रहेका थुनुवाहरूलाई जीवन निर्वाहका लागि तोकिए बमोजिमको सिदा दिइनुपर्ने, कैदी बन्दीहरूको स्वास्थ्य अवस्थाको हेरविविचार गरिनुपर्ने, साथै कारागारको भौतिकलगायत उनीहरूले पाउने सुविधाको नियमित अनुगमन गरिनुपर्ने, सुत्केरीलाई विशेष आहारको व्यवस्था, बच्चाको हकमा छुट्टै व्यवस्था गरेको छ। यसर्थ खाद्य अधिकारको हिसाबले यो ऐन निकै महत्वपूर्ण छ।

जग्गा प्राप्ति ऐन, २०१८ तथा जग्गा प्राप्ति नियमावली, २०२६ ले राज्यलाई सार्वजनिक हितका लागि क्षतिपूर्ति दिएर व्यक्तिको जग्गा प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। यसप्रकारको कानुनी हकले खासगरी परापूर्व कालदखि नै जग्गामा आश्रित परिवारको जीवननिर्वाहको माध्यम खोसिँदा पनि उनीहरूको वैकल्पिक माध्यम उपलब्ध हुन सक्छ। तर, पनि यसै ऐनको आधारमा अन्य विकल्प नभएका व्यक्तिहरूको जग्गा अधिग्रणपश्चात् खाद्य अधिकार हनन् हुन सक्ने अवस्था पनि छ ।

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण, नियन्त्रण) ऐन, २०४९ तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण, नियन्त्रण) नियमावली, २०५१ ले आमाको दूधलाई प्रतिस्थापन गरी बिक्री वितरण गरिने दूग्ध पदार्थको निरीक्षकबाट निरीक्षण गरेपश्चात् मात्र गर्न सकिने व्यवस्था गरेको छ। यसबाहेक अत्यावश्यक वस्तु संरक्षण ऐन, २०१२, अत्यावश्यक वस्तु तथा सेवा सञ्चालन ऐन,

---

[३६] The Protocol Additional to the Geneva Conventions of 12 August 1949, and relating to the Protection of Victims of Non-International Armed Conflicts (Protocol II), Art 14:; [37] IV Geneva Convention on the Protection of Civilian Population in Times of War, 1949 Art 55 and Additional Protocol I of the Geneva Conventions; Articles 70 and 71

[३७] Available at http://www.fao.org/nr/tenure/voluntary-guidelines/en/; visited on June 28, 2012

[३८] Mahendra P. Singh. *VN Shukla's Constitution of India.* Delhi: Eastern Book Company. 2010, p. 192

[३९] Ibid

२०१४ लगायत अन्य थुप्रै ऐन नियमहरू पनि प्रत्यक्ष वा परोक्षरूपमा खाद्य अधिकारसँग सरोकार राख्छन्, जसलाई यहाँ विवेचित गरिएको छैन। यहाँ विवेचित ऐन तथा नियमहरू बाहेक संविधान तथा ऐनहरूका व्यवस्थालाई कार्यान्वयन गराउने आवधिक योजनाहरू, राष्ट्रिय नीतिहरू जस्तै राष्ट्रिय कृषि नीति, २००४, राष्ट्रिय पोषणसम्बन्धी नीति तथा रणनीति, २००५, राष्ट्रिय स्वास्थ्य नीति, योजना तथा कार्यक्रमहरू जस्तै मानवअधिकार राष्ट्रिय कार्य योजना, कृषि सम्बन्धी दीर्घकालीन योजनासमेतको सफल कार्यान्वयनले मात्र भोकमरी तथा कुपोषणबाट मुक्त हुने आधारभूत मानवअधिकारको संरक्षण हुन सक्छ।

## ५. खाद्य अधिकारको न्याययोग्यता सम्बन्धी विकसित विधिशास्त्र

अधिकारको उल्लङ्घन भएको अवस्था वा हुन सक्ने अवस्थामा उक्त हक भोग चलनको लागि कानुनी उपचारका लागि अधिकारप्राप्त सक्षम न्यायिक निकायमा जान सकिने अवस्थालाई अधिकारको न्याययोग्यता (Justiciability) भनिन्छ। आसासअ महासन्धिमा खाद्य लगायत अन्य आर्थिक सामाजिक अधिकारको उल्लङ्घन हुन गएको अवस्था कानुनी उपचारको व्यवस्था नभएकोले यस्ता अधिकारहरू न्याययोग्य हुँदैन भन्ने अवस्था रहेको थियो। त्यसैले सबै मानवअधिकारहरू उत्तिकै महत्वपूर्ण र एक अर्कामा अन्योन्याश्रित हुन्छन् भनी विभिन्न विश्वघोषणा तथा सम्मेलनहरूमा स्मरण गराइनुपर्ने अवस्था आयो। मानव अधिकारको भियना घोषणापत्र तथा कार्ययोजना (Vienna Declaration of and Programme Action), १९९३ ले मानवअधिकारको यिनै विशेषतालाई जोड दिँदै सबै मानवअधिकारलाई समान व्यवहार गर्न जोड दिइयो।[८०] यसर्थ खाद्यअधिकार पनि अरू न्याययोग्य अधिकार जत्तिकै महत्वपूर्ण छ।

आर्थिक सामाजिक अधिकारको विधिशास्त्रीय विकाससँगै यी अधिकारहरू पनि नागरिक तथा राजनीतिक अधिकार जत्तिकै न्याययोग्य हुँदै आएको छ। Courtis आर्थिक सामाजिक अधिकार नागरिक तथा राजनीतिक अधिकार जत्तिकै न्याय योग्य हुँदैनन् भन्नु गलत विचार हो भन्ने तर्क गर्दछन्।[८१] आर्थिक सामाजिक अधिकारसम्बन्धी अनुबन्धमा कानुनी उपचारको अभावबाट रहन गएको ऐतिहासिक असन्तुलनलाई मानवअधिकार परिषद् (Human Rights Council ) ले सम्बोधन गर्ने देखिन्छ।[८२] मानवअधिकार संयन्त्रहरूको निर्माणको क्रमसँगै यसखाले प्रश्नको विद्यमानता क्रमशः कमजोर बन्दैछ। आर्थिक सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी ऐच्छिक आलेखले अन्तर्राष्ट्रिय कानुनको हैसियत प्राप्त गरेपछि आर्थिक सामाजिक सांस्कृतिक अधिकार समितिले व्यक्तिगत उजुरी पनि ग्रहण गर्न सक्ने अवस्था श्रृजना भएको छ। तर, अधिकांश मुलुकहरू यसको पक्ष राष्ट्र भई नसकेकाले यसको प्रभावकारितामा भने यद्यपि शङ्का छ ।

खाद्यान्न अधिकार सुरक्षित गर्न सरकारहरूका सामु पहाड जस्तै खडा भएको चुनौती भनेको बहुराष्ट्रिय कम्पनीहरूको व्यापारमाथिको नियन्त्रणले खाद्य वस्तुमा उपभोक्ता पहुँचमाथि पुऱ्याएको जोखिमको अवस्था पनि एक हो। बहुराष्ट्रिय कम्पनीहरूले एकातिर नश्ल सुधारिएको खाद्यान्नको (Genetically Modifed Food ie GMF) बीउबीजनमाथि एकाधिकार जमाउँदैछन भने अर्कोतर्फ परम्परागत स्थानीय बीउबीजन उत्पादनलाई कमजोर मात्र नभएर नष्ट नै पार्दैछन्, जसले बीउमार्फत किसानहरूलाई खाद्यवस्तु माथिको अधिकारबाट विमुख पार्दैछन्।

## ६. न्यायिक हस्तक्षेपहरू

नेपालमा खाद्य अधिकारका सम्बन्धमा न्यायिक हस्तक्षेपको शुरुवात तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि मात्र शुरु भएको हो। मध्य तथा सुदूरपश्चिमका जिल्लाहरूमा व्याप्त भोकमरी र गरिबीको समस्या विकराल राष्ट्रिय समस्याको रूपमा रहिरहेको छ। नेपालको सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मर्म तथा सिद्धान्तहरूसमेतलाई ख्याल गर्दै आफ्नो संवैधानिक अधिकार क्षेत्रको प्रयोगमार्फत रिट क्षेत्राकाधिकार अन्तर्गत सार्वजनिक सरोकारको विषय अन्तर्गत खाद्य अधिकारको न्यायगोग्यताका सम्बन्धमा केही महत्वपूर्ण फैसलाहरू गरेको छ। जसमध्ये केहीको तल विवेचना गरिएको छ।

### (अ) माधवकुमार बस्नेत वि. नेपाल सरकार समेत[८३]

यस मुद्दामा निवेदक अधिवक्ता बस्नेतले नेपालका जुम्ला, मुगु, कालीकोट, डोल्पा, बझाङलगायतका जिल्लामा खाद्यान्न अभाव एवम् चरम गरिबीका कारण गर्दा मानिसहरू अन्यत्र बसाइँ सर्न बाध्य भएका मात्र होइनन् की कतिपय पीडित महिलाहरू आफ्ना बालबच्चालाई विष दिएर आफूसमेत आत्महत्या गर्ने गरेका दृष्टान्त प्रस्तुत गर्दै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (८) अन्तर्गत सर्वोच्च अदालतबाट न्यायिक हस्तक्षेपको माग गरेका थिए।

दुर्गम जिल्लाको खाद्यान्न अभावको समस्यालाई मध्यनजर गर्दै आपूर्ति मन्त्रालयले प्रभावित परिवारहरूलाई आवश्यक खाद्यान्न आपूर्तिको व्यवस्था गरिएको र यसमा अदालती हस्तक्षेप आवश्यक नभएको जिकिर गरेको थियो। यस मुद्दामा सर्वोच्च अदालतले नागरिकको जीवन र सम्पत्तिको रक्षा गर्नु भनेको राज्यको दायित्व भएको ठहर गऱ्यो। यद्यपि खाद्यान्न वितरणमा राज्यका नीतिहरू

[८०] Vienna Declaration and Programme of Action , Adopted by the World Conference on Human Rights in Vienna on 25 June 1993 available at www.ohchr.org; visited Feb. 20, 2012

[८१] Christian Courtis."Justiciability of Right to Food" *Max Planck United Nations Year Book of Law*, Volume 11, Max Planck: The Netherlands. 2007, pp. 317-337

[८२] Malcolm Langford. "The Justiciability of Social Rights: From Practice to Theory" *Social Rights Jurisprudence: Emerging Trends in International and Comparative Law.* Malcolm Langford (Ed). New York: Cambridge University Press. 2008.

[८३] Adv. Madhab Basnet v Rt. Honorable PM Girija Prasad Koirala, Writ No 3341 of 2055, Decision Date 2055/06/27 BS, *Supreme Court Judgment on Constitutional Issues , 2047-2057* (2058 BS), Part I, Narendra Prasad Pathak and Narendra Prasad Khanal (Ed), Kathmadu: Pairabhi Books, pp 516-18

र सरकारले चालेका कदमहरूको औचित्य र प्रभावकारिता परीक्षण नगरे पनि "यो एउटा पहिलो त्यस्तो मुद्दा थियो जसमा सर्वोच्च अदालतले प्रतिवादीलाई कारण देखाऊ आदेश दिएर खाद्य अधिकार उलङ्घन सम्बन्धमा न्यायिक परीक्षण हुनसक्ने सिद्धान्तलाई स्वीकारेको थियो।"[४४]

**२. प्रकाशमणि शर्मा वि. नेपाल सरकार समेत**[४५]

सन् २००८ मा नेपालका मध्य तथा सुदूर पश्चिमका १२ ओटा पहाडी जिल्लाहरूमा भोकमरीका कारण फैलिएको आउँ र झाडापखालाले मानिसहरू मारिएका र सो को लागि गरिएका सरकारी प्रयासहरू अपर्याप्त हुन गई नागरिकका खाद्यान्न, आवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, रोजगार आदि व्यक्तिको सम्मानमूलक जीवन जिउने आधारभूत मानवअधिकारको उल्लङ्घन भएकोले सो दोहोरिन नदिन र उचित क्षतिपूर्ति प्रदान गर्न सर्वोच्च अदालतमा रिट निवेदन दिइएको थियो। निवेदकहरूले रिट याचिकामा खाद्यान्न अभाव हुने क्षेत्रमा खाद्यान्नको वितरण तथा भण्डारण गर्न गराउन, यातायातको समुचित व्यवस्था गर्न तथा नागरिकहरूलाई खाद्यान्नमा उचित पहुँच पुऱ्याउन सम्बन्धित सरकारी निकायहरूलाई आदेश दिन गरिएको मागलाई अदालतबाट सुनुवाई गरिएता पनि सर्वोच्च अदालतले बृद्धबृद्धा, केटाकेटी, गर्भवती महिला र शिशुका आमाहरूका सम्बन्धमा विशेष संरक्षणात्मक मापदण्ड कायम गर्न सरकारले विशेष संरक्षकको भूमिका निर्वाह गर्नुपर्छ भन्ने निवेदकको विषयवस्तुमा सुनुवाइ गरेन।[४६] त्यति हुँदाहुदै पनि गरी सर्वोच्च अदालतले खाद्यअधिकार उल्लङ्घन पीडितहरूलाई न्यायलयसम्म जाने ढोका यस रिट निवेदनमार्फत खोलियो।

**बजुद्दीन मियाँ समेत वि. नेपाल सरकार समेत**[४७]

हरेक वर्ष जङ्गली जनावरहरूले गर्ने अन्नबालीको प्रचुर विनाशबाट पीडित हुँदै आएका कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्र आसपासका कृषकहरूले जिम्मेवार सरकारी निकायहरूबाट क्षतिपूर्ति दिलाउन सर्वोच्च अदालतमा रिट याचिका दर्ता गराए। यस मुद्दामा सर्वोच्च अदालतले राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र आसपासका समुदायको बाली विनाशले उनीहरूको आम्दानीमा प्रचुर ह्रास हुने हुँदा उनीहरूको भोकबाट मुक्त हुने अधिकारको राज्यबाट उल्लङ्घन हुने कुरा आत्मसात गऱ्यो। साथै अन्तरिम संविधान प्रदत्त खाद्य सम्प्रभुताको अधिकार भनेको हरेक नागरिकको खाद्य सुरक्षा तथा भोकरहित हुने अधिकार हो भनी सर्वोच्च अदालतले व्याख्या गऱ्यो। यसर्थ नागरिकको खाद्यान्न माथिको पहुँच कायम गर्नु गराउनु तथा खाद्यान्न सङ्कटको अन्त्य गर्नु राज्यको वैधानिक उत्तरदायित्व हो भन्ने निष्कर्षमा समेत अदालत पुग्यो। सर्वोच्च अदालतले मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरू खासगरी ICESCR अधिसन्धिको धारा ११ (२) तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका आधारमा नेपालले अन्तरिम संविधानको धारा १८(३) मा उल्लेख गरिएको खाद्यान्न अधिकारलाई एउटा अपरिहार्य अधिकारका रूपमा आत्मसात गऱ्यो। यस प्रकार संवैधानिक विकास र न्यायिक हस्तक्षेपको आधारमा २०४७ सालको संविधानदेखि २०६३ को अन्तरिम संविधानसम्म आइपुग्दा नेपालले खाद्य अधिकारलाई पूर्णरूपमा न्याययोग्य मौलिक अधिकारको रूपमा स्वीकार गरेको छ।

**७. निष्कर्ष**

खाद्य अधिकारलाई अरू नागरिक तथा राजनीतिक अधिकारजस्तै UDHR मा नै स्वीकार गरिएपनि यस अधिकारले न्याययोग्य अधिकारको अवस्था पाउन निकै लामो समय लाग्यो। विश्वविद्यालयका प्राज्ञिक छलफल र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार रक्षासम्बन्धी संयन्त्रका व्याख्या तथा अदालतका निर्णयहरूले यस अधिकारलाई न्याययोग्य स्तरमा पुऱ्याउन मद्दत गऱ्यो। अन्ततः ICESCR को स्वेच्छिक आलेखले अन्तर्राष्ट्रिय कानुनी दस्तावेजको हैसियत प्राप्त गरेपछि अब खाद्य अधिकारको न्याययोग्यतामा विवाद रहेन। तथापि यस आलेखलाई अनुमोदन गर्ने राष्ट्रको सङ्ख्या अत्यन्त न्यून रहेको यसको व्यापक प्रयोग अझै हुन बाँकी देखिन्छ।

खाद्य अधिकार परिपूर्तिको लागि बढी श्रोतको जरुरी पर्ने भन्दै यसलाई श्रोतकेन्द्रित र क्रमशः श्रोतको उपलब्धताको आधारमा परिपूर्ति गर्दै जाने अधिकारको रूपमा बुझाइ रहे पनि कम्तीमा भोकभरीबाट मुक्ति र अविभेदजस्ता हक तत्कालै लागु हुनु पर्ने हक हुन्। आर्थिक, साँस्कृतिकसम्बन्धी समितिले आफ्ना सामान्य व्याख्या तथा विशेषसमाधिक्षकहरूले भनेजस्तै यो अधिकार परिपूर्तिका लागि खाद्य उपलब्धता, पहुँच, पर्याप्तता, साँस्कृतिक प्रचलन अनुकूल तथा दिगोपनाको जरुरी छ। साथै, खाद्य अधिकार परिपूर्तिको लागि पानीको अधिकार, काबुभन्दा बाहिरको अवस्थामा सामाजिक सुरक्षाको अधिकारको पनि प्रत्याभूति गरिनु पर्छ। नेपालको सन्दर्भमा अन्तरिम संविधान, २०६३ जारी भएपछि खाद्य सम्प्रभुतासम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरिएको र सर्वोच्च अदालतबाट भएका व्याख्याबाट समेत खाद्य अधिकारलाई मौलिक रूपमा स्थापित भइसकेकोले यो अधिकार न्याययोग्य अर्थात उल्लङ्घन भएको अवस्थामा न्यायिक निकायमा कानुनी उपचार खोज्न सकिने अधिकारको रूपमा स्थापित भएको छ। तथापि संविधानमा यसलाई कानुनी व्यवस्था भए बमोजिम भन्ने व्यवस्था गरिनु र सो अनुसार छुट्टै कानुनी व्यवस्था नगरिनु, राज्यका संयन्त्रहरूमा सबै नागरिकहरूको सहज पहुँच नहुनाले खाद्य अधिकारको पूर्ण उपभोग गर्न सक्ने सहज अवस्था भने विद्यमान छैन।

---

४४ नेपालमा खाद्य अधिकार: एक अध्ययन, इन्सेक, २०७१, काठमाण्डौं, पृष्ठ सङ्ख्या ११३

४५ Writ No -- WO – 0388. Nepal Kanoon Patrika Vol 51, 2066 Asoj, Issue 6, p. 961-978

४६ नेपालमा खाद्य अधिकार: एक अध्ययन, इन्सेक, २०७१, काठमाण्डौं, पृष्ठ सङ्ख्या ११३

४७ Writ No -- WO – 0388. Nepal Kanoon Patrika Vol 51, 2066 Asoj, Issue 6, p. 961-978

# नेपालमा खाद्य सुरक्षा: एक समीक्षा

## १. संसारलाई नियाल्दा

मान्छेका लागि भोक सबैभन्दा कष्टपूर्ण पीडा हो। अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार आजको विश्वमा लगभग १९ करोड मानिसहरू पूर्ण बेरोजगार छन्। आगामी १० वर्षमा थप ५० करोड युवाहरू श्रम संसारमा प्रवेश गर्नेछन्। तर, उनीहरूका लागि रोजगारी अनिश्चित छ। एक अरब ३० करोड मानिसहरू दैनिक २ अमेरिकी डलरभन्दा कम आयमा घर चलाउन बाध्य छन्। विश्व खाद्य कार्यक्रमले प्रकाशन गरेको पछिल्लो प्रतिवेदनअनुसार अहिले विश्वका झण्डै १८ करोड मानिसहरू खाद्य अभाव र कुपोषणग्रसित छन्। विश्वका १२ करोड ३० लाख मान्छेहरू अघाउँजी दैनिक एक छाक पनि खान पाउँदैनन्। अर्को दु:खदायी तथ्याङ्कले- २६ करोड २० लाख जनता जलवायु परिवर्तनबाट प्रभावित भएको बताएको छ। यसैगरी ३३ करोड मानिसहरू बाढीका कारण विस्थापित छन्। हरेक वर्ष २० लाख मानिसहरू वातावरण प्रदुषण र फोहोरका कारण मर्छन्। मुख्यत: अफ्रिकी र एसियाली जनताका लागि भोक जीवनकै एक अभिभाज्य समस्या हो। एसिया र अफ्रिकामा मात्रै आगामी सन् २०२५ सम्ममा १ अर्ब ८० करोड जनता शुद्ध खानेपानीबाट वञ्चित हुनेछन्। तर विश्वका केही सीमित मान्छेहरू एक छाकका लागि लाखौं रुपियाँ खर्च गर्ने सामर्थ्य राख्दछन्। आर्थिक विषमताको यस तथ्य आगामी पुस्ताका लागि पनि यो निकै ठूलो चुनौती हो।

## २. नेपाललाई नियाल्दा

नेपालको दु:ख कम चर्को छैन। नेपालका ३१ प्रतिशतभन्दा धेरै जनता गरिबीको रेखामुनि छन्। जो मुख्यत: ७६ प्रतिशत कृषिमा आश्रित जनताकै मूल हिस्सा हो। कृषि पेसा भए तापनि २९ प्रतिशतसँग खेती गर्न जमिन छैन। तर, खेती नगर्ने पाँच प्रतिशत व्यक्तिको हातमा ३७ प्रतिशत जमिन छ। हिमालका सात प्रतिशत, पहाडका २१ प्रतिशत र तराईका ३१ प्रतिशत घरधुरी कृषि भूमिहीन छन्। काठमाडौं उपत्यका र पहाडी जिल्लामा १ लाख ३४ हजार ५ सय २७ रोपनी तथा तराईमा ९८ हजार २५ बिघा जमिन गुठीमा दर्ता छ। एकातिर खेती गर्नेहरूलाई जमिन छैन भने अर्कोतिर वार्षिक सालाखाला २० प्रतिशत जमिन बाँझो रहन्छ। नेपालमा करिब २ लाख १७ हजार परिवार बासविहीन छन्। नेपालमा सबभन्दा भोका मान्छेहरूको सूचिमा गरिब किसान, भूमिहीन भूमि, सुकुमबासी, गरिब महिला, सडक बालबालिका र बेरोजगार सहरीया मजदुर वर्ग पर्दछन्। अनौपचारिक क्षेत्र र जनमजदुरीमा संलग्न यो समुदाय खाद्य अधिकारबाट सबैभन्दा धेरै वञ्चित छ।



केशव दाहाल

**यतिधेरै सवैधानिक तथा राजनीतिक प्रतिबद्धताहरू हुँदाहुँदै किन नेपालले भोकमरी सँग लड्न सकेन ? किन भोका नेपालीहरूका लागि खाद्य अधिकार अझै अप्राप्य छ ? यी प्रश्नहरू मूलत: राम्रो राजनीतिक प्रवृति, राज्यको चरित्र र संरचनागत आर्थिक तथा राजनीतिक कारणहरूसँग सम्बन्धित छन्। निश्चय नै यसको मूल कारण हाम्रो देशको सामाजिक अर्थराजनीति हो। जसले लाखौं जनतालाई श्रोतहरू माथिको स्वामित्वबाट बेदखल गरिदिएको छ। सामाजिक सुरक्षा व्यवस्था कमजोर छ। रोजगारी छैन।**

विश्व खाद्य कार्यक्रमले सन् २०१३ मा प्रकाशन गरेको तथ्याङ्कका अनुसार नेपालमा पाँच वर्षमुनिका २९ प्रतिशत बालबालिकाहरू कम तौलका छन्। जसमध्ये ११ प्रतिशत चर्को कुपोषणबाट पीडित छन्। ४८ प्रतिशत गर्ववती महिलाहरूमा नातागतको समस्या छ। नेपालमा कुपोषणले बालबालिका र आमाहरूमा सबभन्दा धेरै दुष्प्रभावित छन्। ४६ प्रतिशत ६ देखि ५९ महिनाका बालबालिकाहरू, ३५ प्रतिशत आमाहरू र ४८ प्रतिशत गर्भवतीहरू खाद्य अभावकै कारण विभिन्न समस्याहरूमा देखिन्छन्। विश्व खाद्य कार्यक्रमका अनुसार यो अति कम विकसित देशहरूमा पनि निकै तल्लो स्तर हो। विश्व खाद्य कार्यक्रम अनुसार नेपालका २७ जिल्लाहरू खाद्यान्नको अभावमा छन्। यी मुख्यत: सुदूर तथा मध्यपश्चिमका पहाडी र हिमाली जिल्लाहरू हुन्। जसमा चर्को समस्या हुम्ला, जुम्ला, कालिकोट, रोल्पा, प्युठान, जाजरकोट, बाजुरा, बझाङ, दार्चुला, आछाम, डोटी, बैतडी, डडेल्धुरा, मनाङ र मुस्ताङमा छ। नेशनल लिभिङ स्ट्यान्डर्ड सर्भे २०१०-११ का अनुसार नेपालका ३० प्रतिशत जनता मासिक १४ अमेरिकी डलरभन्दा कम रुपियाँ कमाउँछन्।

## ३. भोकमरीसँगको लडाईं

भोकमरीसँगको लडाईं आजको होइन। यसको निकै लामो सिलसिला छ। यद्यपि अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू निकै फिका भइरहेका छन्। त्यसैले विश्वका लागि भोकमरी निकै त्रासद समस्या र टाउको दुखाइ हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले मान्छेको सम्पूर्ण अधिकार र स्वाभिमानलाई लिपिबद्ध गर्‍यो। यसको मूल अभीष्ट सबै मान्छेका लागि सबै अधिकार सुरक्षित गर्नु नै हो। यसैको मार्गनिर्देशनमा विश्वविश्वभर गाँस, बास र कपासको ग्यारेन्टीका माग र आन्दोलनहरू भए। जसले खाद्य अधिकारलाई मान्छेको बाँच्न पाउने आधारभूत अधिकारको रूपमा स्वीकार गरेको छ।

सन् १९९६, १३ देखि १७ सम्म इटालीको रोममा सम्पन्न भएको विश्व खाद्य सम्मेलन विश्व खाद्य सुरक्षा सम्बन्धमा महत्वपूर्ण घोषणापत्र पारित गर्‍यो।

सम्मेलनले सन् २०१५ सम्ममा विश्वको भोकमरीलाई आधा घटाउने प्रतिबद्धता जनायो। विश्व खाद्य कार्यक्रमले खाद्य अधिकारलाई "चार पिलर"बाट परिभाषित गरेको छ। जसमा खाद्यान्नको उपलब्धता, खाद्यान्नमा सबैको पहुँच, खाद्यान्नको यथोचित सदुपयोग र यसको दिगो उपयोग पर्दछन्। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका लागि अन्तर्राष्ट्रिय अभिसन्धिले सबै नागरिकका लागि आवश्यक खानाको प्रबन्ध गर्न सरकारलाई भनेको छ।

अभिसन्धिको मूल आशय जनतालाई आवश्यक तहको जीवनयापन र भोकबाट सुरक्षित गर्न सरकारलाई प्रतिबद्ध बनाउनु नै हो। यो राज्यका लागि बाध्यताकारी पबन्धन हो। यसको अर्थ राज्यले आफ्ना नागरिकलाई आवश्यक, गुणस्तरयुक्त र पोषिलो खानेकुरा उपलब्ध गराउन प्रबन्ध मिलाउनु पर्छ। यो नै खान पाउने जनताको अधिकार प्रतिको सम्मान हो।

त्यसो त नेपालले सन् १९९१ मै आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारका लागि अन्तर्राष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरेको हो। त्यसलगत्तै खाद्य अधिकारलाई यसले राज्यको दायित्वका रूपमा स्वीकार गऱ्यो। सन् २०११, अप्रिलमा नेपालको सर्वोच्च अदालतले खाद्य अधिकार सम्बन्धमा अदालतबाट भएका केही महत्वपूर्ण निर्णयहरू प्रकाशन गऱ्यो। अदालतको मूल आशय पनि जनताको खाद्यअधिकारको परिपूरण गर्न राज्यलाई निर्देशित गर्ने नै हो। यसैगरी नेपालको आन्तरिक संविधान ०६३ मा खाद्य अधिकारलाई संवैधानिक अधिकारको रूपमा राखिएको छ। यसैगरी नेपालको पछिलो अन्तरिम योजनाले पनि खाद्य सुरक्षामा विशेष जोड दिएको देखिन्छ। तर, यी सबै संवैधानिक, राजनीतिक तथा विकासे प्रतिबद्धताहरू भोका मान्छेको आँशुसँगै बगेर गएका छन्। भनेअनुसार जनताको खाद्य अधिकारको संरक्षण, परिपूरण र प्रत्याभूत अझै गरिएको छैन।

### ४. किन भोकै छन् नेपाली

यतिधेरै संवैधानिक तथा राजनीतिक प्रतिबद्धताहरू हुँदाहुँदै किन नेपालले भोकमरी सँग लड्न सकेन ? किन भोका नेपालीहरूका लागि खाद्य अधिकार अझै अप्राप्य छ ? यी प्रश्नहरू मूलतः राम्रो राजनीतिक प्रवृति, राज्यको चरित्र र संरचनागत आर्थिक तथा राजनीतिक कारणहरूसँग सम्बन्धित छन्। निश्चय नै यसको मूलकारण हाम्रो देशको सामाजिक अर्थराजनीति हो। जसले लाखौं जनतालाई श्रोतहरू माथिको स्वामित्वबाट बेदखल गरिदिएको छ। सामाजिक सुरक्षा व्यवस्था कमजोर छ। रोजगारी छैन। नीतिगत तहमा चर्को भ्रष्टाचार छ। उत्पादन बृद्धि र न्यायपूर्ण वितरणको कुनै तदारुकता छैन।

**भूमिसुधार भनेको जमिनको स्वामित्वमा रूपान्तरण र हदबन्दीमात्र भनिएको होइन। भूमिसुधारको अर्थ किसानहरूको हातमा जमिन, उत्पादन बृद्धि, कृषिको आधुनिकीकरण र उत्पादनको न्यायपूर्ण वितरण हो। त्यसैले भुमिसुधार नेपाली किसानहरूका लागि सम्बृद्धि र सामाजिक न्यायको महत्वपूर्ण श्रोत हो। यो नेपालको पूँजिवादी उत्पादन सम्बन्धलाई स्थापित गर्ने आधार पनि हो। नेपालको सन्दर्भमा भूमि वितरण र व्यवस्थापनमा देखिएका अन्यायपूर्ण अवस्थाहरू नै गरिब वर्ग निर्माण, खाद्य असुरक्षा र आर्थिक अन्तरविरोधका मूल कारणहरू हुन्।**

खाद्य प्रचलनहरू पुरानै प्रकृतिका छन्। मुख्यतः खान नपाउनुको कारण किसानहरूलाई अन्नबाट बेदखल गरिनु नै हो। किसानहरूलाई जमिनको अधिकार नदिनु नै हो। किसानको हातबाट अन्न जब बजारमा पुग्छ तब किसानहरू खालीपेट हुन्छन्। किसान भन्नाले यहाँ महिला र पुरुष दुवैलाई भनिएको हो।

नेपालको सन्दर्भमा नेताहरूले सामन्तवादसँग लडाइँ सकिएको बताउदै आएका छन्। निश्चय नै नेपालको मूल आर्थिक प्रवृत्त पूँजिवादी चरित्रमा रूपान्तरित हुँदैछ। तर गरिबीको सम्बन्ध भने बचेखुचेको उही सामन्तवादी भूमि व्यवस्था र सङ्क्रमणकालीन दलाल पूजीवादसँग जोडिन्छ। यस्तो आर्थिक ढाँचा भएका मुलुकहरूमा भूमि जीविकाको महत्वपूर्ण श्रोत र सम्बृद्धिको आधार हो। गरिबहरूका लागि अर्को पेशाको प्रबन्ध पनि नभएको र भूमिको पनि स्वामित्व नपाएको अवस्थाले हाम्रो गरिब समुदाय आर्थिक सङ्क्रमणको चपेटामा छ। यसले उत्पादन संस्कृति र खर्च गर्ने प्रवृत्तिलाई पनि सङ्क्रमणमै राखेको छ। यो नै नेपालमा भोकमरीको महत्वपूर्ण कारण हो। समग्र आर्थिक सङ्क्रमण र भोकमरीको जालोलाई चिर्न उत्पादन प्रक्रियालाई अझ तेज र वितरणलाई न्यायपूर्ण बनाउनुको विकल्प देखिँदैन। तर, यो काम गर्न राज्यको सक्रियता आवश्यक हुन्छ। यसका लागि भूमिसुधार एक महत्वपूर्ण र अनिवार्य शर्त हो। यहाँ भूमिसुधार भनेको जमिनको स्वामित्वमा रूपान्तरण र हदबन्दीमात्र भनिएको होइन। भूमिसुधारको अर्थ किसानहरूको हातमा जमिन, उत्पादन बृद्धि, कृषिको आधुनिकीकरण र उत्पादनको न्यायपूर्ण वितरण हो। त्यसैले भूमिसुधार नेपाली किसानहरूका लागि सम्बृद्धि र सामाजिक न्यायको महत्वपूर्ण श्रोत हो। यो नेपालको पूँजीवादी उत्पादन सम्बन्धलाई स्थापित गर्ने आधार पनि हो। नेपालको सन्दर्भमा भूमि वितरण र व्यवस्थापनमा देखिएका अन्यायपूर्ण अवस्थाहरू नै गरिब वर्ग निर्माण, खाद्य असुरक्षा र आर्थिक अन्तरविरोधका मूल कारणहरू हुन्।

नेपालमा खाद्यअधिकार भूमिअधिकारकै अभिभाज्य सवाल हो। भूमि अधिकार र भूमि सुधारको मुद्दा कचेल्टिएका कारण नै नेपालको खाद्यसङ्कट कम भएको

छैन। जसले वर्गीय शक्ति सम्बन्धमा गरिबहरूलाई सधैं निम्छरो बनाइराखेको छ। उनीहरूलाई सधैं खाद्यअधिकारबाट वन्चित र भोको बनाइरहेको छ। त्यसैले नेपालमा वर्गीय मुक्ति भन्नासाथ भोकाहरूको मुक्ति भन्ने बुझ्नुपर्छ। यसका लागि भूमिसुधार सबैभन्दा मुख्य समाधानको बाटो हो। भूमि ऐन २०२१ सामन्तवादी भूमिसुधारकै कानुनी प्रबन्ध हो। हाम्रो भूमि व्यवस्थाकै उपज कमैया, बटैया, हलिया, उखडा र हरूवा-चरुवा जस्ता मध्ययुगीन दास प्रथाको अस्तित्व छ। र सबैभन्दा भोका मान्छेहरूको सूचीमा उनीहरू नै पर्दछन्। कृषिमा अर्धबेरोजगारी हुनु, गैर कृषि क्षेत्रको विकास नहुनु, सुकुमवासी समस्या, अव्यवस्थित आवासका कारणहरू पनि त्रुटिपूर्ण भूमि व्यवस्थाले नै उत्पादन गरेका समस्याहरू हुन्। त्यसो त किसानलाई जग्गा कमाउन दिने तर अन्नमाथि अधिकार नदिने उत्पादन सम्बन्धले भोकाहरू नै उत्पादन गर्दछ। खेत जोत्नेहरूले आफ्नो भकारीमा धान थन्क्याउन नपाउने र व्यापारीले धानको मूल्य तोक्ने असङ्गतिपूर्ण व्यवस्था रहेसम्म खाद्य सुरक्षाको नाराले मात्र गरिबलाई भोकबाट बचाउन सक्दैन। वर्तमान शक्ति सम्बन्धले यस्तो अन्यायपूर्ण भूमि वितरण र व्यवस्थापनलाई जोगाइराखेको छ। यसैले नेपालको सन्दर्भमा खाद्य अधिकार स्थापना गर्न यस्तो सम्बन्धलाई बदल्नु पर्छ।

माथि नै भनियो, भूमिसुधार भनेको भूमिको स्वामित्वलाई किसानमुखी बनाउनु मात्र होइन। यो त उत्पादकत्व वृद्धि, कृषिको आधुनिकीकरण, सहकारीकरण र बजार प्रवर्धन पनि हो। यो गरिब किसानहरूको मात्र मुद्दा नभई आधुनिक र औद्योगिक राष्ट्र निर्माण र राष्ट्रिय पूँजीको विकास गर्ने काम पनि हो। जसले देशको बढ्दो खाद्यअधिकारको मागलाई पूरा गर्न सकोस्। यसका लागि स्थानीय तहबाट सशक्त सामाजिक परिचालन र माथिल्लो तहमा नीतिगत सुधारको पैरवीलाई सँगसँगै अगाडि बढाउन आवश्यक छ। खाद्य अधिकारको ग्यारेन्टीका लागि गर्नै पर्ने केही कामहरूलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ।

**(क) संवैधानिक प्रत्याभूति:** नेपाल आफ्ना नागरिकको खाद्य सुरक्षाका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउने राष्ट्र हो। यसर्थ, त्यस्ता प्रतिबद्धताहरूलाई संवैधानिक मान्यता दिन र त्यसको पूर्णत: परिपालना गर्न इमान्दार हुन आवश्यक छ। यस्ता प्रतिबद्धताहरू अन्तराष्ट्रिय समुदायलाई देखाउन मात्र होइन, आफ्नै नागरिकहरूलाई भोकबाट बचाउन गरिएका हुन् भन्ने कुरा राज्यले पुष्टि गर्नु पर्छ। प्रतिबद्धता पूरा गर्न राज्य इमान्दार हुनपर्छ।

**(ख) भूमिसुधार र उत्पादकत्व वृद्धि:** खाद्य अधिकारका लागि भूमिसुधार अनिवार्य सर्त हो। यसकालागि नेपाल सरकारले अनेक पटक भूमिसुधार आयोग गठन गरेको छ। सबै राजनीतिक आन्दोलन र राजनीतिक प्रतिबद्धताहरूमा भूमिसुधार अनिवार्य मानिएको छ। तर, अझै भूमिसुधार हुन सकेको छैन। यसैले खाद्य सुरक्षाका लागि भूमिसुधार आवश्यक छ। यो किसानमुखी र उत्पादनकेन्द्रित हुनपर्छ। भूमिसुधारका माध्यमबाट लाखौ गरिब किसानहरूलाई भोकबाट मुक्त गर्न सकिन्छ।

**(ग) सामाजिक सुरक्षाको प्रत्याभूति:** गरिब समुदाय, बालबालिका र ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षाअन्तरगत राज्यले खाद्य अधिकारको प्रत्याभूति गर्न आवश्यक छ। कमाउन नसक्नेहरूलाई भोकै राखेर आधुनिक, सभ्य र लोकतान्त्रिक राज्य बन्न सक्दैन। त्यसैले कमाउन सक्नेहरू वा धन भएकाहरू सँग लिने र कमाउन नसक्ने र गरिबहरूलाई न्यायपूर्ण रूपमा दिने कल्याणकारी चरित्रको सामाजिक सुरक्षा योजनामार्फत राज्यले भोकमाथि नियन्त्रण कायम गर्न सक्छ।

**(घ) रोजगारी सृजना:** भोकको सबैभन्दा ठूलो कारण कमाई नहुनु नै हो। कमाउन सक्नेले खान पाउँछन्। यसैले रोजगारी सृजनाका माध्यमबाट खाद्य सुरक्षाको प्रत्याभूति दिनु पर्छ। खाद्यअधिकारका लागि रोगजारी आवश्यक छ। रोजगारीका लागि औद्योगीकरण, पूर्वाधार विकास र सेवा क्षेत्रहरूको व्यापक विस्तारमा राज्यले ध्यानदिनु पर्छ। आधुनिक कृषि ग्रामीण रोजगारी र उत्पादन वृद्धिको महत्वपूर्ण माध्यम बन्न सक्छ।

**(ङ) खाने बानीमा सुधार:** हामी पुरानो खाने बानीको मारमा परेका छौं। हामीलाई धानको भात नभइ हुँदैन। यो हाम्रो भोकमरीको अर्को कारण हो। हामीसँग जे छ त्यसैलाई मिलाएर खाने सामाजिक व्यवहार र खाद्य परम्परा बनाउन आवश्यक छ। यस्ता विषयहरूमा राज्यले ध्यान दिनुपर्छ।

**(च) पारिवारिक खेती:** यो पारिवारिक खेती वर्ष पनि हो। उत्पादन बृद्धि र कृषिको व्यापारिक प्रयोजनाका लागि ठूला उत्पादनहरू आवश्यक छन्। तर, सबै परिवारले आफ्ना लागि आफैं उत्पादन गर्ने नीति लिन र यसलाई राज्यले सक्दो सहयोग गर्न आवश्यक छ। शहरहरूमा किचेन गार्डेन बनाउने, करेसाबारी लगाउने, जमिन खाली नराख्ने र भूमिको अधिकतम् सदुपयोग गर्ने नीतिलाई राज्यले प्रोत्साहन गर्नुपर्छ।

**(छ) उत्पादन सम्बन्धको आधुनीकिकरण:** हाम्रो उत्पादन सम्बन्धलाई आधुनिक र श्रमकेन्द्रित बनाउन पर्छ। सामन्ती भूमि व्यवस्थाका कारण सृजित कु-प्रथाहरू कमैया, कमलरी, हलिया, बालीघरे, डोली, गुहारे, हरूवा चरुवाहरू पूर्णत: खारेज हुनपर्छ। यस्ता पीडितहरूको नाममा रहेको ऋण खारेज गरी जोत भोगका आधारमा पाउने मोहियानी हक दिनुपर्छ। सबैखाले उत्पादन सम्बन्धलाई श्रमको सम्मान र उचित पारिश्रमिकको क्षेत्र बनाउन पर्छ।


**(ज) खाद्य संरक्षण र दिगोपन:** यसको अर्थ खाद्य सुरक्षाका लागि उत्पादित अन्नको आवश्यक भण्डारण, सुरक्षा र बचावटमा राज्यले ध्यान दिनुपर्छ। सँगै माटोको उर्वराशक्ति जोगाउने र बढाउनेतिर जानुपर्छ। उत्पादनको प्रयोगमा आगामि पुस्तालाई समेत विचार गर्नु पर्छ। राज्यले उत्पादनका साधानहरूको प्रयोग गर्दा दिर्घकालीन असरहरूमा ध्यान दिन पर्छ र हाम्रो उत्पादकत्वलाई भविष्यसम्म बचाउन पर्छ।

गर्न सकिने अरू पनि अनेकौं कामहरू छन्। तर यस्ता कामहरूको केन्द्रमा खाद्यअधिकारलाई स्थापित गर्नुपर्छ। किनभने खाद्य अधिकार राज्यको महत्वपूर्ण दायित्व हो। यसका लागि राज्यलाई जिम्मेवार बन्न सहयोग गरौं। यो नै आजकालागि लाखौं भोका नेपालीको खान पाउने अधिकारका लागि ऐक्यबद्धता हुनेछ।

*dahal.keshab@gmail.com*

# नेपालमा राजनीतिक स्थायित्व र लोकतन्त्रको संस्थागत विकासको प्रश्न

आधुनिक राज्यव्यवस्था र लोकतान्त्रिक पद्धतिमा लोकतन्त्रको विश्वव्यापी रूपमा स्वीकृत केही मूलभूत मान्यता र सिद्धान्त विद्यमान रहनुपर्ने कुरालाई स्वीकारिएको छ। यस्ता मान्यता र सिद्धान्तमा आवधिक निर्वाचन समयमा हुनुपर्ने, राज्यभित्र मानव अधिकारको स्थिति सुदृढ हुनुपर्ने, कानुनी शासन, स्वतन्त्र न्यायपालिका र स्वतन्त्र प्रेशको अवधारणालाई स्वीकारिनु पर्ने, शक्तिको उचित पृथकीकरण हुनुपर्ने, बहुलवादको सिद्धान्तलाई स्वीकारिनुपर्ने, राजनीतिक दलहरूबीच स्वस्थ्य प्रतिस्पर्धा हुनुपर्ने र सार्वजनिक क्षेत्रको कुशल व्यवस्थापन, सुशासनको अवधारणाको सम्बर्द्धन, नेतृत्व तह र जनतामा राजनीतिक संस्कृतिको विकास आदि विभिन्न विश्वव्यापी रूपमा स्वीकृत लोकतान्त्रिक मान्यता सम्मिलित रहेका छन्। त्यसैले लोकतान्त्रिक पद्धतिका आफ्नै मौलिक विशेषता, मौलिकता र पहिचान रहेका हुन्छन्।



प्रा.डा. रामकुमार दाहाल
पूर्व विभागीय प्रमुख, राजनीतिशास्त्र
के.वि., त्रि.वि., कीर्तिपुर

## परिचय

पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्बहाली (सन् १९९०) भएयता नेपालमा लोकतान्त्रिक राजनीतिक पद्धतिको अभ्यास दोस्रोपटक सुरु हुन पुगेको हो। प्रथम बहुदलीय पद्धतिको अभ्यास (सन् १९५१-६०) का सिलसिलामा नेपालमा प्रथमपटक वीपी कोइरालाको प्रधानमन्त्रीत्वमा रहेको नेपाली काङ्ग्रेसले सन् १९५९-६० को १८ महिनाको अवधिमा प्रथम जननिर्वाचित सरकारको नेतृत्व गरेको थियो। डिसेम्बर १५, १९६० मा राजा महेन्द्रबाट वि.पी. कोइरालाको नेतृत्वमा रहेको उक्त निर्वाचित सरकारलाई विघटन गरी दलीय व्यवस्थामाथि प्रतिबन्ध लगाई मुलुकमा "निर्दलीय चरित्रको पूर्वीय प्रजातन्त्र" का रूपमा पञ्चायती व्यवस्था लागु गरिएपछि नेपालको लोकतान्त्रिक अभ्यास अवरुद्ध हुन पुगेको हो। २०४६ सालको जनआन्दोलन (सन् १९९०) ले मुलुकमा पञ्चायती व्यवस्थाको अन्त्य गरी पुनः बहुदलीय व्यवस्थाको राजनीतिक अभ्यास दोस्रोपटक सुरु गरेको हो। दोस्रो बहुदलीय राजनीतिक अभ्यासका क्रममा राजा ज्ञानेन्द्रबाट पुनः सन् २००५-२००६ का अवधिमा प्रत्यक्ष शासन (Direct rule) लादिएपछि पुनः बहुदलीय अभ्यास नेपालमा अवरुद्ध हुनपुगेको हो। २०६२-६३ (अप्रिल २००६) को लोकतान्त्रिक आन्दोलनले राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको अन्त्य गरी पुनः तेश्रोपटक मुलुकमा लोकतान्त्रिक शासन पद्धतिको अभ्यास सुरु गरेको हो। यही लोकतान्त्रिक शासन पद्धतिको अभ्यासका क्रममा नेपालमा जननिर्वाचित संविधानसभामार्फत लोकतान्त्रिक संविधान निर्माण गर्ने अभ्यास समेत गरिँदै आएका छन्। अप्रिल २००८ मा प्रथमपटक निर्वाचित संविधानसभाले आफ्नो ४० वर्षको अवधिमा लोकतान्त्रिक संविधान निर्माण गर्न असक्षम भएपछि हाल दोस्रो जननिर्वाचित संविधानसभा लोकतान्त्रिक संविधान निर्माण गर्ने पवित्र कार्यमा जुटेको छ।

आधुनिक राज्यव्यवस्था र लोकतान्त्रिक पद्धतिमा लोकतन्त्रको विश्वव्यापी रूपमा स्वीकृत केही मूलभूत मान्यता र सिद्धान्त विद्यमान रहनुपर्ने कुरालाई स्वीकारिएको छ। यस्ता मान्यता र सिद्धान्तमा आवधिक निर्वाचन समयमा हुनुपर्ने, राज्यभित्र मानव अधिकारको स्थिति सुदृढ हुनुपर्ने, कानुनी शासन (Rule), स्वतन्त्र न्यायपालिका र स्वतन्त्र प्रेशको अवधारणालाई स्वीकारिनु पर्ने, शक्तिको उचित पृथकीकरण हुनुपर्ने, बहुलवाद (Pluralism) को सिद्धान्तलाई स्वीकारिनुपर्ने, राजनीतिक दलहरूबीच स्वस्थ्य प्रतिस्पर्धा हुनुपर्ने र सार्वजनिक क्षेत्रको कुशल व्यवस्थापन, सुशासन (Good Governance) को अवधारणाको सम्बर्द्धन, नेतृत्व तह र जनतामा राजनीतिक संस्कृतिको विकास आदि विभिन्न विश्वव्यापी रूपमा स्वीकृत लोकतान्त्रिक मान्यता सम्मिलित रहेका छन्। त्यसैले लोकतान्त्रिक पद्धतिका आफ्नै मौलिक विशेषता, मौलिकता र पहिचान (Fundamental charactristics and Identities/originalities) रहेका हुन्छन्। प्रसिद्ध अर्थशास्त्री ब्रुस रसेट (Bruce Russelt), समाजशास्त्री ड्यानियल लर्नर (Lerner), राजनीतिकशास्त्री रूपर्ट इमरसन (Emrson) जस्ता पश्चिमी चिन्तकले त लोकतान्त्रिक व्यवस्था सफलतासाथ कार्यान्वयन गर्न केही निश्चित पूर्वशर्त (Essential prerequisites/ preconditions for the successful working of democratic government) विद्यमान रहनुपर्ने धारणासमेत अगाडि सारेका छन्। उनीहरूले अगाडि सारेका

विभिन्न तत्त्वहरूमा राष्ट्रिय चरित्रको विद्यमानता, सम्पन्न आर्थिक अवस्था, आपसी समझदारी र नेतृत्वमा समयानुकुल निर्णय लिन सक्ने क्षमता, राजनीतिक दलको उपस्थिति, मानव अधिकारको सबल अवस्था, शिक्षित जनसमुदाय, कानुनी शासन, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र सञ्चार माध्यम, नागरिक सदाचार, सक्षम प्रशासन संयन्त्र, सबल स्थानीय स्वायत्त शासन, नागरिकमा राजनीतिक चेतना र जागृति, लिखित संविधान, शरीकरण, औद्योगिकरण, आधुनिक समाज आदि विभिन्न पूर्वशर्त/पूर्वाधार रहेका छन्। कार्ल डच (Deutsch) को प्राथमिकता सञ्चार साधनको विकासमा केन्द्रित छ भने अमेरिकी राजनीतिक शास्त्री रोवर्ट डाल (Dahl) ले आधुनिकीकरणका साधन (Indices of modernization) माथि जोड दिएका छन्। नर्मन अपहोफ र इलिचम्यान (Norman T. Uphoff and Warren Illachman) को प्राथमिकता आर्थिक र राजनीतिक विकासमा रहेको छ।

लोकतन्त्रका व्याख्याताहरूले लोकतन्त्रका अनेक कमी-कमजोरी औंल्याउँदै लोकतन्त्र कहिलेकाहीँ असक्षमहरूद्वारा गरिने असक्षमहरूको शासन (Democracy is a government by the incapables for the incapables and of the incapables) हुने कुराको सङ्केत गरेका छन्। एक राजनीतिक चिन्तकले लोकतन्त्र कहिलेकाँही मूर्खहरूद्वारा गरिने मूर्खहरूको शासन (Democracy is a government for the fool by the fool and of the fool) समेत हुने बताएका छन् भने अर्का चिन्तकले यसलाई पशुहरूद्वारा गरिने पशुहरूको शासन (Democracy is a government for the cattle by the cattle and of the cattle) भनी आलोचना समेत गरेका छन्। अमेरिकी संभ्रान्त वर्गवादी चिन्तक (Elitist thinkers) हरू- गेनेटो मोस्का र रोवर्ट मिचलले अमेरिकी शासन व्यवस्था सही रूपमा जनताद्वारा गरिने जनताहरूको शासन (Democracy is a government by the people for the people and of the people) नभइ यो व्यवहारमा केही सीमित हुनेखाने संभ्रान्त वर्गको शासन (Democracy is a government by the elites for the elites and of the elites) का रूपमा रहेको गुनासो गरेका छन्।

सिद्धान्ततः लोकतन्त्रका केही कमजोरी रहे तापनि लोकतन्त्रको कुनै विकल्प हुँदैन। यसको विकल्प भनेको यसभन्दा बढी लोकतान्त्रिक हुनु नै हो। निरङ्कुशता या अन्य शासन पद्धति लोकतन्त्रको विकल्प हुन सक्तैन र त्यस्तो विकल्प खोजिनु पनि हुँदैन। त्यसैले नेपालमा कसरी सकेसम्म शीघ्र लोकतान्त्रिक संविधानको घोषणा गर्ने र राजनीतिक सङ्क्रमणकाललाई अन्त्य गर्ने र राजनीतिक स्थायित्व कायम गरी मुलुकलाई लोकतान्त्रीकरण (Democratization) का दिसातिर अग्रसर गर्ने भन्ने विषयमा यस लेख केन्द्रित रहन पुगेको छ।

**नेपालको लोकतान्त्रिक इतिहासलाई २००७ सालदेखि नै केलाएर हेर्दा लोकतान्त्रिक अभ्यासमा विभिन्न उतारचढाव र कमिकमजोरीहरू देखिएका छन्। अन्तरपार्टी कलह र पार्टीभित्रको कलह (Inter party and intgra party conflicts) एउटा पार्टीभित्रका नेतृत्वको पनि फरक-फरक धारणा, नेतृत्व तहमा बसेका व्यक्तित्वहरूमा व्यक्तिगत स्वार्थ हावी, दलहरूले परराष्ट्र नीति, कुटनीतिजस्ता विविध विषयमा साझा समझदारी (Common political consensus) विकास गर्न नसक्नु, अदूरदर्शी नेतृत्व प्रथम संविधानसभाले आफ्नो चार वर्षे कार्यकालमा संविधान निर्माण गर्न नसक्नु आदि कारणले मुलुकमा राजनीतिक स्थायित्व हुन सकेन र लोकतन्त्रको संस्थागत विकास गर्ने उद्देश्य अधुरै रह्यो।**

### नेपालमा लोकतान्त्रीकरणका प्रयास (Attempts for the Democratization of Nepal)

नेपालमा १ सय ४ वर्षीय राणा शासनको अन्त्यपश्चात् प्रथमपटक लोकतान्त्रीकरणको प्रयासको थालनी गरिएको थियो। २००७ देखि २०१७ सम्मको एक दशकको बहुदलीय अभ्यासमा लोकतन्त्रलाई संस्थागत गर्ने कुनै ठोस कदम चाल्न नसकिए तापनि यस अवधिमा राजा महेन्द्रद्वारा प्रदत्त नेपाल अधिराज्यको संविधान, २०१५ अन्तर्गत प्रथमपटक नेपाली काङ्ग्रेसका नेता वि.पी. कोइरालाको प्रधानमन्त्रीत्वमा १८ महिनासम्म प्रथम निर्वाचित सरकारले कार्य गऱ्यो। निर्दलीय पञ्चायती व्यवस्था विरुद्धको दोस्रो लोकतान्त्रिक आन्दोलन (२०४६ साल/१९९० सन्) ले मुलुकमा दोस्रोपटक बहुदलीय राजनीतिक अभ्यास सुरु गऱ्यो। सन् १९९०-२००४ सम्मको बहुदलीय राजनीतिक अभ्यासपश्चात् राजा ज्ञानेन्द्रबाट सञ्चालन गरिएको प्रत्यक्ष शासन (Direct rule) विपरीत पुनः लोकतन्त्र पुनर्वहालीका लागि १९ दिने २०६२-६३ (अप्रिल २००६) को आन्दोलन चल्यो। अप्रिल २००८ मा संविधानसभा निर्वाचन भै पुनः दोस्रोपटक सन् २०१४ मा दोस्रो संविधानसभा निर्वाचन भै पुनः यसले दोस्रोपटक संविधान लेखनको गहन जिम्मेवार वहन गरिरहेको छ।

नेपालको लोकतान्त्रिक इतिहासलाई २००७ सालदेखि नै केलाएर हेर्दा लोकतान्त्रिक अभ्यासमा विभिन्न उतारचढाव र कमिकमजोरीहरू देखिएका छन्। अन्तरपार्टी कलह र पार्टीभित्रको कलह (Inter party and intgra party conflicts) एउटा पार्टीभित्रका नेतृत्वको पनि फरक-फरक धारणा, नेतृत्व तहमा बसेका व्यक्तित्वहरूमा व्यक्तिगत स्वार्थ हावी, दलहरूले परराष्ट्र नीति, कुटनीतिजस्ता विविध विषयमा साझा समझदारी

(Common political consensus) विकास गर्न नसक्नु, अदूरदर्शी नेतृत्व प्रथम संविधानसभाले आफ्नो ४ वर्षे कार्यकालमा संविधान निर्माण गर्न नसक्नु आदि कारणले मुलुकमा राजनीतिक स्थायित्व हुन सकेन र लोकतन्त्रको संस्थागत विकास गर्ने उद्देश्य अधुरै रह्यो।

नेपालमा विभिन्न तीन चरणमा लोकतान्त्रिक अभ्यास गरिए तापनि राजनीतिक स्थिरता/स्थायित्व कायम गर्ने दिसामा भने महत्त्वपूर्ण चुनौतीहरू विद्यमान रहेको देखिएको छ। जसले गर्दा मुलुक हाल राजनीतिक सङ्क्रमण र राजनीतिक अस्थिरताको मार्गबाट गुज्रिरहेको छ। प्रथम संविधानसभाले लोकतान्त्रिक संविधान समयमा नै निर्माण नगरेको कारणले र दोस्रो संविधानसभाले समेत तत्काल संविधान निर्माण गरी राजनीतिक सङ्क्रमणको अवस्था अन्त्य गरी राजनीतिक स्थिरता कायम गर्नेतर्फ ठोस पहल गर्न नसकेकाले मुलुक अझै पनि राजनीतिक अस्थिरताको सिकार हुन बाध्य भएको छ र नेपालमा लोकतन्त्रको संस्थागत विकास गर्ने विषय एक कोरा कल्पनाका रूपमा मात्र सीमित रहन पुगेको छ।

**नेपाली लोकतन्त्रका सकारात्मक पक्ष**

नेपालमा लोकतान्त्रिक व्यवस्थालाई पूर्ण रूपमा सुदृढ र संस्थागत विकास गर्न नसकिए तापनि यस दिशामा नेपालले महत्त्वपूर्ण उपलब्धि हासिल नगरेको भने होइन। नेपालमा लोकतन्त्रलाई खतरा पुऱ्याइएको बेला नेपाली जनताले उच्चकोटिको राजनीतिक सक्षमता प्रदर्शन गरेर लोकतन्त्र पुनर्वहालीका लागि रगतको खोलोसमेत बहाउन पछि परेको छैनन्। २००७, २०४६ र २०६२/६३ का आन्दोलनले लोकतान्त्रिक व्यवस्थालाई पुनर्बहाली गर्न निर्णायक भूमिका निर्वाह गरेका थिए। लोकतन्त्रको पुनर्बहाली र संस्थागत विकास गर्ने दिशामा नेपाली जनताले अत्यन्तै राजनीतिक सुझबुझका साथै कार्य गरेको छ। माओवादी लडाकुलाई राजनीतिक मूलधारमा ल्याई विस्तृत शान्ति सम्झौता गराई नेपालको अन्तरिम संविधान, २०६३ को निर्माणमा समेत उनीहरूलाई सहभागी बनाउन नेपाली जनता पूर्ण सफल भएका छन्। अनमिन (UNMIN) को उपस्थितिबिना पनि नेपालको शान्ति सम्झौता अगाडि बढ्न सक्छ भन्ने कुराको पुष्टि गरेका छन्। प्रथम संविधानसभामा सक्रिय सहभागिता जनाइ दोस्रो संविधानसभामा जातीय तथा क्षेत्रीय मुद्दालाई परास्त गराई नेपाली जनताले नेपाली लोकतन्त्रका मौलिक चरित्र प्रदर्शन गरेका छन्। संविधानसभा मार्फत् मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा परिणत गरिएको छ। नेपाल एक धर्मनिरपेक्ष राज्य बनेको छ। त्यसैले संक्षेपमा भन्ने हो भने लोकतन्त्रलाई संस्थागत गर्ने विषयमा महत्त्वपूर्ण उपलब्धि हासिल नगरिएका भने होइनन्।

नेपालमा लोकतन्त्रको संस्थागत विकास र राजनीतिक स्थायित्व कायम गर्ने कुरालाई उच्च प्राथमिकतामा राखी नेपालको लोकतान्त्रिक अभ्यासलाई यस लेखमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

**नेपालमा लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकासको मुद्दा : नेपालमा लोकतान्त्रिक अभ्यासको इतिहास**

नेपालमा माथि उल्लेखित तीन चरणमा लोकतान्त्रिक अभ्यास सुरु गरिए तापनि लोकतन्त्र र निरङ्कुशतन्त्रबीचको द्वन्द्वले नेपालको लोकतन्त्र सधैं खतरामा रहेको देखिएको छ। सन् २००८ मा प्रथम जननिर्वाचित संविधानसभाको प्रथम बैठकले नेपाललाई गणतन्त्रात्मक व्यवस्थामा परिणत गरेपछि राजतन्त्रको आधिकारिक रूपमा अन्त्य हुनपुगेको हो। राजतन्त्रको आधकिारिक रूपमा अन्त्यपश्चात् लोकतन्त्रलाई खतरा पुऱ्याउने तत्त्वको नै निर्मूल भएपछि पनि नेपालमा लोकतन्त्रको संस्थागत विकास एक प्रमुख मुद्दाकै रूपमा रही आएको छ।

**नेपालमा राजनीतिक स्थायित्व र लोकतन्त्रको संस्थागत विकास हुन नसक्नुका कारण**

दोस्रो जनआन्दोलन, २०६२/६३ पश्चात् पनि नेपालमा राजनीतिक स्थायित्व हुन सकेन र मुलुकमा लोकतन्त्रले दिगो जरा हाल्न सकेन। निर्वाचनको एक दिनमात्र जनताले आफ्ना राजनीतिक अधिकारको प्रयोग गर्ने हुनाले नेपाली लोकतन्त्र "एक दिने लोकतन्त्र" (One day democracy) भएको गुनासो गर्नेहरू पनि नभएका होइनन्। नेपालमा राजनीतिक स्थायित्व/स्थिरता र लोकतन्त्र सवल नहुनुमा अनेक कारण जिम्मेवार रहेका छन्, जसलाई बुँदागत रूपमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, क्षेत्रीय र अन्तर्राष्ट्रिय गरी विविध बुँदामा प्रस्तुत गर्न सकिन्छ।

**(१) राजनीतिक कारण**

माथि लेखिएका यी दुवै कुराहरू हुन नसक्नुका अनेक राजनीतिक कारण रहेका छन्, जसभित्र बढ्दो राजनीतिक सङ्क्रमणकाल, प्रथम संविधानसभाले सर्वसम्मत ढङ्गले संविधान बनाउन नसक्नु र दोस्रो संविधानसभा पनि आफ्ना प्रारम्भिक दिनहरूमा आफ्नो कार्यदक्षता प्रदर्शन गर्न नसक्नु, नेतृत्व र जनतामा राजनीतिक संस्कारको कमी आदि अनेक विषयवस्तु सम्मिलित छन्। साथै नेपालमा रहेका विभिन्न आतङ्कवादी समूह र उनीहरूद्वारा सञ्चालित आतङ्कवादी गतिविधि, नेपालका राजनीतिक (माओवादी) लगायतका विभिन्न द्वन्द्वहरूको सही रूपमा सम्बोधन नहुनु, मुलुकमा विद्यमान दण्डहीनता, विगतका अपराध सम्बोधन हुन नसक्नु, मानव अधिकार उल्लङ्घनका घटना, सङ्क्रमणकालीन न्याय व्यवस्थालाई कार्यान्वयन गर्न नसक्नु, कानुनी शासनको प्रावधान व्यवहारमा कार्यान्वयन गर्न नसक्नु, अपराधको राजनीतिकरण, राजनीतिको अपराधीकरण र घट्दो जवाफदेहिता, सुशासनको अभाव, नेतृत्वलाई जनताप्रति उत्तरदायित्व बनाउने प्रश्न, ठूला दलमा देखिएको सैन्यवादी संस्कृतिको विकास, विदेशीहरूद्वारा उनीहरूका हितमा नीति बनाइनु, राजनीति, समाज र बजारमा राज्यको प्रभावकारी स्थिति नहुनु, कमजोर सुरक्षा स्थिति आदि अनेक कारणले यस दिशामा चुनौती प्रस्तुत गरेका छन्।

**(२) आर्थिक कारण**

लोकतन्त्रको संस्थागत विकासमा मुलुकको अर्थतन्त्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ। दक्षिण-पूर्वी एशियामा लोकतन्त्र मजबुत नभए तापनि अर्थतन्त्रले यसलाई सबल बनाउने प्रयत्न गरेको देखिन्छ।

नेपालमा माओवादी जनयुद्ध र अन्य क्षेत्रमा पहिचानको राजनीतिका आधारमा चलेका द्वन्द्वले भूपरिवेष्ठित र अति कमविकसित मुलुकलाई झन थप गरिबीको चक्रमा धकेलेको छ। विप्रेषणमा आधारित कमजोर अर्थतन्त्रले लोकतन्त्रको बलियो भार धान्न सकेको छैन। भारत र चीनको आर्थिक वृद्धिसँगै नेपालले पनि आफ्नो आर्थिक विकास गर्न नसकेको खण्डमा नेपालले ठूलो दुर्घटना भोग्नु पर्ने हुन सक्छ।

(३) **संवैधानिक/कानुनी/न्यायिक कारण**

नेपालमा हुने गरेको मानव अधिकारको हनन, हिंसा र आतङ्कवादलाई कानुनी दायरामा ल्याई दण्ड गर्ने सरकारी असक्षमता, दण्डहीनता सम्बोधन हुन नसक्नु, अदालतलाई राजनीतिकरण गर्ने प्रयत्न गर्नु, न्याय किन्ने प्रयत्न, पीडकलाई कारबाही नहुने प्रवृत्ति आदि यस्ता कुरा न्यायिक कारणभित्र पर्दछन्। जसले लोकतन्त्रलाई खतरामा पुऱ्याउने गरेका छन्।

(४) **सामाजिक-सांस्कृतिक कारण**

नेपालमा अप्रिल २००६ पछि चलेका नवीन सांस्कृतिक समाजिक मुद्दाहरू पहिचानको राजनीति, भाषा, धर्म, संस्कृति लगायतका पहिचानसँग सम्बन्धित विषयले समाजलाई सबल र एकीकृत बनाउनेभन्दा खण्डित गर्ने प्रयत्न गरेको बताइन्छ। दोस्रो संविधानसभा निर्वाचनताका जनताले यस्ता एजेन्डालाई परास्त गरिदिएको भनिए तापनि वास्तविक समाजमा यी मुद्दाले अत्यधिक बजार पाइरहेको देख्न सकिन्छ। यस्ता घटनालाई उचित ढङ्गमा सम्बोधन गर्न नसके मुलुकले यसका लागि ठूलो मूल्य चुकाउनु पर्ने पनि स्थिति आउन सक्छ।

(५) **शैक्षिक कारण**

नेपालको विद्यमान शिक्षा नीति र अभ्यासले नेपालीलाई उचित नागरिक शिक्षा दिएर आदर्श नागरिक बनाउनेभन्दा अङ्ग्रेजी बोल्न सिकाएर विदेशतिर धकेल्न प्रोत्साहन दिइरहेको छ। नेपालको आफ्नो जीवित यथार्थ र धरातलमा आधारित नभएको यस शिक्षाले नेपाली जनतालाई असल नागरिक बनाएर नेपाली लोकतन्त्रलाई बलियो पार्न सकारात्मक भूमिका निर्वाह गर्न सकिरहेको छैन। यी बाहेक घरेलु, क्षेत्रीय अन्तर्राष्ट्रिय आदि अनेक कारणले गर्दा पनि नेपालमा लोकतन्त्रको दिगो विकास हुन सकेको छैन।

**नेपालमा लोकतन्त्रको संस्थागत विकास र राजनीतिक स्थायित्व नहुँदा मुलुकले भोग्नुपर्ने कठिनाइ**

मुलुकमा समयमा नै लोकतान्त्रिक संविधान निर्माण भई सङ्क्रमणकाल समाप्त भएर मुलुकले राजनीतिक गति लिन नसक्ने हो भने मुलुकले भावी दिनमा गम्भीर दुर्घटना समेत भोग्नपर्ने हुनसक्छ।

भारत र चीनको उच्च आर्थिक वृद्धिदर र नेपालको दिन प्रतिदिन ओरालो लाग्दो अर्थव्यवस्थाले गर्दा नेपाली जनतामा अति नै ठूलो असन्तुष्टि देखिएको छ। नेपाली नेतृत्वले दूरदर्शी चिन्तन र सोच राख्न नसकेकोले नेपालले दुवै छिमेकी मुलुकको उच्च आर्थिक विकासबाट ठूलो फाइदा लिन सकेको छैन। नेपालको आर्थिक स्थिति मजबुत नभएसम्म नेपालमा लोकतन्त्र कहिले पनि सुदृढ हुन सक्तैन।

दक्षिण एशियाको राजनीतिक भूगोलमा सन् १९४० को दशकदेखि नै गम्भीर परिवर्तन आएको छ। सन् १९४७ मा बृटिस अविभाजित भारतबाट पाकिस्तान र भारत दुई मुलुक जन्मिन पुगे। सन् १९७१ मा बंगलादेशमा भारतीय प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीद्वारा गरिएको भनिएको मानवीय हस्तक्षेपको कारण पाकिस्तान टुक्रिइ पूर्वी पाकिस्तान बंगलादेश नामको स्वतन्त्र राज्य बन्न पुग्यो। सन् १९७५ मा सिक्किमको व्यवस्थापिकाले सिक्किम भारतीय राज्य बन्ने निर्णय गरिएपछि सिक्किम भारतमा विलय हुनपुगेको हो।

भारत र चीनबीच अवस्थित नेपाल तिब्बत र चीनका कारणले विश्व राजनीतिको अति महत्त्वपूर्ण रणनीतिक क्षेत्रको रूपमा फेरिन पुगेको छ। भारत र अमेरिकाबीच भएको राजनीतिक सम्बन्धका कारण अमेरिकाले नेपाललाई भारतीय नजरबाट हेर्न प्रारम्भ गरेको कारणले अमेरिकाको स्वतन्त्र नेपाल नीति देखिँदैन। यो नेपालको लागि ठूलो दुर्भाग्य हो। पश्चिमी मुलुकले नेपाललाई स्वतन्त्र तिब्बतका आन्दोलन/गतिविधि गर्ने एक थलो बनाएकाले नेपालमा हाल पश्चिमी हित र चिनीयाँ स्वार्थबीच गम्भीर प्रतिस्पर्धा देख्न सकिन्छ। अर्थात् अर्को भाषामा भन्ने हो भने यी सबै शक्तिका लागि नेपाल सामरिक (रणनीतिक) दृष्टिकोणले अति महत्त्वपूर्ण क्षेत्र हो। भारतसँग लगभग १८०० किलोमिटर खुला सीमा भएकाले भारतका लागि नेपाल अति संवेदनशील क्षेत्र हो। भारतको नेपालबाट भारतका लागि कुनै पनि बेला सुरक्षा खतरा उत्पन्न हुन सक्छ भन्ने भारतीय ठम्याई छ। त्यसैले गर्दा नेपालमा भारतीय प्रभाव विस्तार हुनु भारतका लागि अस्वभाविक होइन। विश्वका सबै राष्ट्रका लागि अति महत्त्वपूर्ण र संवेदनशील क्षेत्रका रूपमा परिणत हुन पुगेको नेपालमा हाल नेपालको राजनीतिक नेतृत्व भने यी दुवै खेमाबीचको प्रतिस्पर्धाबाट फाइदा उठाउन र आफ्नो राष्ट्रिय हित र साधन गर्न पूर्णरूपमा असक्षम सावित हुन पुगेको छ। भारत र चीनको उदाउँदो अर्थतन्त्रसँग सहकार्य गरी नेपालको राष्ट्रिय आर्थिक हित सम्बर्द्धन गर्न नेपाली नेतृत्वसँग कुनै सोच नै देखिँदैन। संविधानसभाद्वारा तत्काल लोकतान्त्रिक संविधान निर्माण गरेर विद्यमान सङ्क्रमणकालीन अवस्था अन्त्य गरी राजनीतिक स्थिरता कायम नगरेसम्म यी सपना कदापि साकार हुन सक्तैनन्, तर संविधानसभाभित्र विद्यमान राजनीतिक गतिरोध र दलीय गतिविधि हेर्दा दोस्रो संविधानसभाले १ वर्षभित्र संविधानको खाका तैयार पार्ने उद्देश्य अपुरो हुने प्राय: निश्चित भएको छ।

**निष्कर्ष**

नेपालमा लोकतन्त्रको संस्थागत विकास र राजनीतिक स्थिरताका मुद्दा नेपाली राजनीतिका अति नै पेचिला मुद्दाका रूपमा रहेका छन्। दोस्रो संविधानसभाले समयमा नै संविधान निर्माण गरेर राजनीतिक सङ्क्रमणकाललाई अन्त्य गरी यस दिसामा सकारात्मक योगदान पुऱ्याउनु पर्ने हुन्छ। नेपाली नेतृत्व, राजनीतिक दल लगायत सबै सरोकारवालाले यस दिसामा गम्भीर चासो नदेखाई ढिलासुस्ती गरेमा मुलुकले गम्भीर दुर्घटनासमेत भोग्नुपर्ने हुन सक्छ, जुन नेपालका लागि अत्यन्त नै खर्चिलो सावित हुन सक्छ।

# अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ र आदिवासी जनजातिका अधिकार

**मानवअधिकारका दृष्टिले सशस्त्र द्वन्द्वकालको जस्तो हत्या, बेपत्ता, यातना जस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू नभए तापनि दण्डविहीनता, कानुनी शासनमा समस्या, राजनीतिक सङ्क्रमणकाल, आपराधिकसमूहरूमार्फत बढी रहेका आपराधिक क्रियाकलाप एवम् विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ तथा सरकारसँग विभिन्न राजनीतिक सङ्घ सङ्गठनहरूले आफ्ना हक, अधिकारसँग सम्बन्धित विषयमा भएको सहमतिको कार्यान्वयनको अभावले गर्दा लोकतन्त्र स्थापना भइसकेपछि सीमान्तकृत, पछाडि पारिएका तथा शोषित पीडित समुदायबाट उठेका आफ्ना अधिकारका स्वरहरूको उचित सम्बोधन हुन सकेको छैन।**



सूर्यबहादुर देउजा

## १. पृष्ठभूमि

नेपाल ऐतिहासिक जनआन्दोलनद्वारा एक दशकभन्दा लामो सशस्त्र सङ्घर्षको विधिवत अन्त्य, ऐतिहासिक संविधान सभाको निर्वाचन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणासँगै इतिहासकै समावेशी स्वरूपको संविधानसभामार्फत नयाँ संविधान निर्माण प्रक्रियाको पछिल्लो चरणमा प्रवेश गरेको छ। नेपाल मानवअधिकार सम्बन्धी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ लगायत मानवअधिकारसम्बन्धी दस्तावेजको पक्ष हुनुका साथै सन् २००७ मा आईएलओ. महासन्धि १६९ को अनुमोदन गरी नेपालका आदिवासी जनजातिहरूलाई उक्त महासन्धि अनुरूप संवैधानिक राजनीतिक , कानुनी, प्रशासनिक तथा अन्य उपायहरूद्वारा अधिकार सम्पन्न गराउने प्रतिबद्धता जाहेर गरिसकेको छ[1] । नेपालमा संवैधानिक हैसियत प्राप्त राष्ट्रिय मानवअधिकार आयोग, न्यायिक निकायहरू, विभिन्न व्यवस्थापकीय समितिहरू, सरकारद्वारा गठित विभिन्न आयोगहरू र राष्ट्रिय तथा स्थानीयस्तरका गैरसरकारी संस्थाहरू क्रियाशील रहेका छन्। यी संस्थाहरूले मानवअधिकार प्रवर्धन गर्ने, उल्लङ्घनका घटनाहरूको अनुगमन/अनुसन्धान गर्ने, पीडित व्यक्तिहरूलाई उचित न्याय प्रदान गर्ने पहल गर्ने, अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड लागु गर्न र तिनीहरूलाई अनुमोदन गर्न वकालत गर्ने जस्ता क्रियाकलापहरू गर्दै आएका छन्।

मानवअधिकारका दृष्टिले सशस्त्र द्वन्द्वकालको जस्तो हत्या, बेपत्ता, यातना जस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू नभए तापनि दण्डविहीनता, कानुनी शासनमा समस्या, राजनीतिक सङ्क्रमणकाल, आपराधिकसमूहरूमार्फत बढी रहेका अपराधिक क्रियाकलाप एवम् विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ तथा सरकारसँग विभिन्न राजनीतिक सङ्घ सङ्गठनहरूले आफ्ना हक, अधिकारसँग सम्बन्धित विषयमा भएको कार्यान्वयनको अभावले गर्दा लोकतन्त्र स्थापना भइसकेपछि सीमान्तकृत, पछाडि पारिएका तथा शोषित पीडित समुदायबाट उठेका आफ्ना अधिकारका स्वरहरूका उचित सम्बोधन हुन सकेको छैन। साथै सबै नेपालीहरूको भावनालाई प्रतिबिम्बित गर्ने गरी **"मानवअधिकारमैत्री संविधान"** निर्माणमा राष्ट्रको सम्पूर्ण बहस, छलफल र ध्यान केन्द्रित हुनुपर्नेमा राजनीतिक द्वन्द्व र राजनीतिक दलहरूबीच रहेको असमझदारीले गर्दा तोकिएको समयमै संविधान निर्माण हुन नसक्ने हो कि भन्ने आशङ्कासमेत उत्पन्न भएको छ। यस लेखमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ र आदिवासी जनजातिका अधिकारको सम्बन्धमा उल्लेख गरिएको छ। साथै, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले यससम्बन्धमा राखेका मान्यताहरू, अन्तर्राष्ट्रिय अनुभवका सम्बन्धमा सङ्क्षिप्त चर्चा गरिनुका साथै नेपालमा आदिवासी जनजातिका अधिकारका सम्बन्धमा उठेका सवालहरू, राज्यद्वारा यस सम्बन्धमा गरिएका पहलहरू, संविधानसभामा यस सम्बन्धमा प्रस्तुत भएका महत्वपूर्ण विषयहरू, उठेका सवालहरू, राष्ट्रिय मानवअधिकार आयोगद्वारा भएका पहलहरूका सम्बन्धमा समेत प्रस्तुत गर्ने प्रयास गरिएको छ।

अध्ययन तथा छलफलबाट प्राप्त तथ्यहरूका आधारमा आदिवासी जनजातिको अधिकार संरक्षणका निमित्त केही नीतिगत सुझावहरू समेत प्रस्तुत गरिएको छ।

१ १३ सेप्टेम्बर २००७ मा आदीवासी सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणा पक्षमा नेपालले महासभाको ६१ औं बैठकमा भोट दिएको थियो त्यसैगरी १४ सेप्टेम्बर २००७ मा आई . एल . ओ १६९ आनुमोदन गरेको हो।

**२. अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनका सन्दर्भमा आदिवासी जनजाति**

नागरिकका राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकार हुन्छन्। ती अधिकारहरू संविधान तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूद्वारा प्रत्याभूत गरिएका हुन्छन्। हरेक नागरिक ती अधिकारहरूको उपभोग गर्न स्वतन्त्र छन्। मानव अधिकार महासन्धिले कानुनको प्रयोगमा अभिवेदको सिद्धान्तको अनुसरण गर्दै सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै भेदभावबिना कानुनको समान संरक्षणका हकदार छन् भनेको छ। यस सम्बन्धमा हुने कुनै पनि भेदभावलाई कानुनले निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ। नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ ले समेत समानता, अभेदभाव र आत्मनिर्णयको अधिकारलाई जनताहरूको महत्वपूर्ण अधिकारको रूपमा मान्यता दिइएको छ।

**२.१ अन्तर्राष्ट्रिय परिभाषा**

आदिवासीहरू र जनजातिको विश्वविश्वव्यापी परिभाषा छैन। आदिवासी जनताहरूका सम्बन्धमा विश्वव्यापीरूपमा स्वीकार गरिएको एउटै परीभाषा नभए तापनि आदिवासी समुदायहरूलाई ऐतिहासिक उत्पतिको थलो, भाषा, संस्कृति जस्ता निश्चित विशेषताहरूका आधारमा परिभाषित गर्ने प्रयास भएको पाइन्छ। कोबो परिभाषा[२] (Cobo Definition) ले आदिवासी समूदाय जनताहरू र राष्ट्रहरूलाई ऐतिहासिक निरन्तरता बोकेर आक्रमण वा औपनिवेशिक अवधि अगाडि नै आफूलाई समाजका अरु समूहहरू भन्दा छुट्टैरूपमा चिनाउने जनताहरूको समूहलाई आदिवासीका रूपमा उल्लेख गरिनुका साथै भावी पुस्तालाई आफ्ना पुर्ख्यौली थलो र जातीय पहिचान आफ्नै साँस्कतिक प्रारूप, सामाजिक संस्थाहरू र कानुनी पद्धती अनुरूप हस्तान्तरण गर्न प्रतिबद्ध जनताहरूको समूहका रूपमा चित्रण गरिएको छ। आईएलओ महासन्धि १६९ ले आदिवासी जनताहरूको स्वपहिचानको अधिकारलाई समूह निर्धारणको आधारभूत दायराका रूपमा उल्लेख गरेको छ। "आदिवासिहरू" सामूहिकरूपमा विश्वविश्वभरका ७० देशहरूमा पाइने ३७ करोड भन्दा बढी जनसङ्ख्या भएका जनताहरूलाई जनाउँछ[३]। महासन्धि नं. १६९ ले आदिवासिहरू र जनजाति को हो भनेर परिभाषा दिँदैन तर यसले केही मनोगत र वस्तुगत आधारहरू दिएको छ जुन कुनै पनि मुलुकमा आदिवासीहरू र जनजातिको पहिचानको लागि संयुक्तरूपमा प्रयोग हुन्छ[४]।

**२.२ राष्ट्रिय परिभाषा**

*आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८* मा आदिवासी जनजाति भाषा, रीतिरिवाज, साँस्कृतिक पहिचान, ऐतिहासिक निरन्तरता जस्ता विशेषताहरूका आधारमा परिभाषित गर्ने प्रयास भएको देखिन्छ। जसअनुसार *"आदिवासी/जनजाति" भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूचि बमोजिमको जाति वा समुदाय सम्झनु पर्दछ*[५]" भनिएको छ।

हालसम्म यो ऐनमा ५९ आदिवासीहरू सूचीकृत भएका छन्। नेपाल सरकारले गठन गरेको उच्चस्तरीय कार्यदलले ५ फाल्गुण २०६७ मा सूची परिमार्जगरी ८१ आदिवासी जनजातिको सिफारिस गरेका थियो तर, उक्त प्रतिवेदन अझै पनि कार्यान्वयनमा आएको छैन।

**३. आई.एल.ओ. महासन्धि १६९**

**३.१ ऐतिहासिक विकासक्रम**

सन् १९७० मा आदिवासी नेताहरूले राज्यद्वारा अतिक्रमण गरिएको भूमिका सम्बन्धमा साझा सवाल उठाए। सन् १९८१ मा UN Commission on Human Rights Sub- Commission on Prevention of Discrimination and Protection of Minorities ले आदिवासी जनताहरूको सम्बन्धमा अध्ययन सम्पन गर्नुका साथै सन् १९८२ मा आदिवासी जनङ्ख्यासम्बन्धी कार्यसमूह गठन भई आदिवासी जनसङ्ख्याहरूको मानवधिकार सम्बन्धी विकासक्रमको पुनरावलोकन गर्ने र अदिवासीका अधिकारहरूका सम्बन्धमा मापदण्डहरू विकास गर्नु दुईओटा कार्य देश पाएको थियो। अगष्ट ९, १९९३ संयुक्त राष्ट्रसङ्घले १९९२-२००२ लाई आदिवासी जनताहरूको वर्षका रूपमा घोषणा गरी पुन: दोस्रो दशकमा विस्तार गऱ्यो। सन् २००२ मा आर्थिक तथा सामाजिक परिषद् अन्तर्गत आर्थिक तथा सामाजिक विकास, संस्कृति, वातावरण, शिक्षा, स्वास्थ्य तथा मानवअधिकारमा सल्लाह दिनका लागि संयुक्त राष्ट्रसङ्घीय स्थायी मञ्चका रूपमा पहिलो सल्लाहकार अङ्गका रूपमा गठन भयो। सेप्टेम्वर १३, २००७ मा आएर मात्र **आदिवासी जनजाति सम्बन्धी घोषणापत्र** संयुक्त राष्ट्र सङ्घीय महासभाद्वारा पारित हुन सक्यो।

**३.२ आई.एल.ओ. महासन्धि १६९ को स्वरूप**

आई.एल.ओ. १६९ महासन्धि खास गरेर संस्कृति, जीविका परम्परा र आदिवासी जनजातिहरूका प्रथाजन्य कानुनलाई सम्मान गरिनुपर्ने जस्ता विषयहरूलाई प्रमुख

२ UN Doc. E/CN.4/Sub.2/1986/7 and Add. 1-4.

३ विश्वविश्वको कूल जनसङ्ख्या मध्ये पाँच प्रतिशत हो तर विश्वविश्वका गरिबमध्ये भने १५ प्रतिशत हो। आदिवासीहरू उत्तरी धुवदेखि उष्णकटीबन्धीय जङ्गलहरूलगायत विश्वविश्वका सबै क्षेत्रहरूमा पाइन्छन्।

४ यसले संरक्षण गर्न खोजेको जनताहरुको विविधतालाई ध्यान दिँदै महासन्धिले "आदिवासीहरू र जनजाति" जस्तो समावेशी पदावली प्रयोग गरेको छ र दुवै समूहहरूलाई उही अधिकारहरू दिएको छ। आदिवासी र जनजाति को हो भन्ने कुरा अक्सर आदिवासी, पर्वतीय बासिन्दा, पहाडी जनजाति, शिकारी-कन्दमूल बटुल्नेहरू जस्ता राष्ट्रिय पदावलीहरूबाट थाहा हुन्छ, र कैयन मुलुकहरूले यी समुदायको विशेष सूची नै तयार गरेका छन्।

५ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, नेपाल राजपत्र भाग २ मिति २०५८।१०।२५ पृष्ठ ४०

सिद्धान्तका रूपमा उल्लेख गरेको छ। यसका साथै आदिवासी जनताहरूलाई आफ्नै पहिचान, सामाजिक संरचना र परम्पराहरू कायम राख्दै राज्यहरूका सामाजिक अङ्गका रूपमा रहन दिइनुपर्ने भन्ने उल्लेख छ। महासन्धि नं. १६९ मा एउटै पनि नयाँ वा विशेष वा सीमित अधिकार छैन। यो महासन्धिले सम्पूर्ण मानवहरूका लागि प्रत्याभूत मानवअधिकारहरूलाई पुन:प्रतिज्ञा गर्दछ तर, यसले आदिवासीहरूको जीवनको विशेष आयामहरूलाई दृष्टिगत गरी भिन्न तरिकाले प्रस्तुत गरेको मात्र हो।

- आईएलओ १६९ लाई निम्ननुसार वर्गीकरण गर्न सकिन्छ।
- सामान्य नीति (धारा १-१२)
- सारभूत सवालहरू (धारा १३-३२)
- भूमि (धारा १३-१९)
- रोजगारी र कामका शर्तहरू (धारा २०)
- व्यवसायिक तालिम, हस्तकला र ग्रामीण उद्योगहरू (धारा २१-२३)
- सामाजिक सुरक्षा र स्वास्थ्य (धारा २४-२५)
- शिक्षा र सञ्चारका साधनहरू (धारा २६-३१)
- सर्म्पक र सीमापार सहयोग (धारा ३२)
- प्रशासन (धारा ३३)
- कार्यविधि सम्बन्धी प्रावधानहरू (धारा ३४-४४)

माथि उल्लेखित विशेषताहरूमध्ये आत्म-निर्णयको अधिकार, परामर्श र भूमि अधिकारहरू, प्राकृतिक श्रोत र साधनहरू जस्ता विषयहरू प्रमुख रूपमा रहेका छन्।

### ३. ३ आई.एल.ओ. महासन्धि १६९ को प्रमुख विशेषताहरू

**आत्म-निर्णयको अधिकार**

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ को धारा १, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिको धारा १, तथा आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (UNDRIP) को धारा ३,४ र ४६ मा आत्म-निर्णयको अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ। आत्म-निर्णयको अधिकार सम्बन्धी सवाल एउटा प्रमुख बहसको विषयका रूपमा रहेको छ। आई.एल.ओ. महासन्धि अन्तर्गत सामाजिक र आर्थिक अधिकारहरू मात्र आई.एल.ओ. का क्षेत्राधिकार अन्तर्गत पर्दछ। यद्यपि आई.एल.ओ. १६९ ले आत्मनिर्णयका अधिकारहरूअन्तर्गत कुनै सीमानाहरूको उल्लेख नगरी भविष्यमा आउने अन्तर्राष्ट्रिय दस्तावेजहरूले स्थापित गर्ने यस्ता अधिकारसँग मिल्ने गरी खुल्लै राखेको छ।

**परामर्श**

आई.एल.ओ. १६९ को आधारभूत सिद्धान्तका रूपमा परामर्श पर्दछ। आदिवासी तथ कविला जनताहरूको जीवनमा प्रत्यक्ष असर पर्ने विषयहरूका सम्बन्धमा परामर्शमा जोड दिँदै खासगरी राष्ट्रिय संविधानको सुधार, नयाँ कृषि ऐनहरू, राष्ट्रिय शिक्षा अथवा स्वास्थ्य कार्यक्रम तथा सेवाहरू तथा आदिवासी तथा कविला जनताहरूलाई प्रत्यक्ष असर पर्ने विषयमा परामर्श लिनु पर्नेमा जोड दिएका छन्। आदिवासीहरूसँग परामर्श र उनीहरूको प्रतिनिधित्व गराएर संयन्त्रहरू बनाउने र सञ्चालन गर्ने, आदिवासीहरूसँग परामर्श गरेर परामर्शका लागि उपयुक्त संयन्त्र र प्रकृयाहरू स्थापित गर्ने, मुलुकको अन्य समुदायहरूसँग बराबरी हैसियतमा सबै अधिकार उपभोग सुनिश्चित गर्ने, आदिवासीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरू पूर्णरूपमा उपभोग गर्न प्रवर्धन गर्ने, आदिवासीहरू र मुलुकका अन्य समुदायबीच विद्यमान सामाजिक आर्थिक दूरी अन्त्य गर्ने र आदिवासीहरूका संस्थाहरूलाई प्रवर्धन र सहयोग गर्ने[६]।

**सहभागिता**

सहभागिता, आईएलओ १६९ को प्रमुख सिद्धान्त हो। सहभागितामा निर्णय तहका स्थानीय, राष्ट्रिय र क्षेत्रीय स्तरमा आदिवासी जनजातिहरूलाई निर्णयतहमा सहभागिता सुनिश्चित गरिनुपर्ने उल्लेख छ। आदिवासीहरूसँग परामर्श त्यसबेला सामान्य दायित्वको रूपमा आउँछ जब कानुनी वा प्रशासनिक उपायहरूले उनीहरूलाई प्रत्यक्षरूपमा असर गर्दछ[७]। साथै, विशेष परिस्थितिमा भूमिगत स्रोतको प्रारम्भिक अन्वेषण वा दोहन गर्नुअघि र पुनर्स्थापना र भूमिबाट बेदखल गर्नुअघि लगायतका कार्यमा परामर्श लिनु पर्ने आवश्यकतामा महासन्धिले विशेष जोड दिएको छ।

यदि परामर्श लिइएको संस्थाले, जुन जनताको प्रतिनिधित्व गरिएको दाबी छ, तिनै जनताहरूले उक्त संस्थालाई आफ्नो प्रतिनिधि नमानेको खण्डमा परामर्शको वैधानिकता नरहन सक्दछ। *"यदि वास्तविकरूपमा असर परेका समुदायहरूको साँचो प्रतिनिधित्व गर्ने आदिवासीहरूको संस्था वा सङ्गठनसँग उपयुक्त परामर्शको प्रकृया विकास नगरेको अवस्थामा गरिएका परामर्शहरू महासन्धिले जे आवश्यक छ भनेको छ, सो पूरा गरेको ठहरिँदैन[८]"*। महासन्धिले धारा ६(१)(ग) उल्लेख गरेअनुसार सरकारले "यी जनताहरूको आफ्नो संस्था र प्रयासको पूर्ण विकासका लागि साधन स्थापित गरिदिने र उपयुक्त अवस्थामा उपरोक्त उद्देश्य हासिल गर्नका लागि आवश्यक स्रोत प्रदान गर्ने" दायित्व निवाह गर्नु पर्दछ।

महासन्धि नं. १६९ को धारा ६-१ (ख) अनुसार सरकारले "सम्बन्धित समूहहरूले उनीहरूलाई सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक एवम् अन्य अङ्गहरूको निर्णय लिने सबै तहहरूमा स्वतन्त्रतापूर्वक र कम्तीमा पनि जनङ्ख्याको अन्य समूहहरूले जत्तिकै सहभागी हुन पाउने माध्यमहरू निर्माण गर्नुपर्दछ"। त्यसैगरी महासन्धिको धारा ६-२ मा उल्लेख भएअनुसार परामर्श गर्दा सम्झौता वा मञ्जुरी हासिल गर्नका लागि असल विश्वासका साथ गरिनु पर्दछ। अर्को तर्फ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको निर्देशक निकायले प्रष्ट भनेको छ- आदिवासीहरूले निर्णय-निर्माणलाई प्रभाव पार्न सक्ने कुनै

---

६ महासन्धिको धारा ६ र ७

७ यस्तो उपाय, उदाहरणको लागि, परामर्शका सम्बन्धमा राष्ट्रिय कानुनलाई व्याख्या गर्ने वा कुनै आदिवासीहरुको भूमिमा सडक जस्तो आधारभूत संरचना निर्माण कार्यसँग सम्बन्धित हुनसक्छ।

८ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको शासकीय निकाय, २८२ औं सत्र, २००१, शानि.२८२/१४/२

सम्भावना नभएको तर उनीहरूको विचार सुन्न भने सकिने गरी भएको सामान्य जानकारी बैठकलाई महासन्धिको प्रावधान अनुसार भएको ठहरिँदैन।

आदिवासिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र (यूएनड्रिप)ले स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरीको अधिकारको पदावली परामर्श र सहयोगको उद्देश्य स्थापित गर्न प्रयोग गरेको छ। घोषणापत्रको धारा १९ मा उल्लेख भए अनुसार,

*"आदिवासीहरूलाई असर गर्नसक्ने कानुनी वा प्रशासनिक उपायहरू अवलम्बन तथा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी प्राप्त गर्न सम्बन्धित आदिवासीहरूका आफ्नै प्रतिनिधिमूलक संस्थाहरूमार्फत उनीहरूसँग असल नियतले परामर्श र सहयोग गर्नेछन्।"*

**प्रथाजन्य कानुन**

आईएलओ १६९ ले आदिवासी जनताहरूको प्रथाजन्य कानुन जसमा तिनीहरूको आफ्नै न्याय प्रणालीको प्रयोग, द्वन्द्व रूपान्तरण संस्थाहरू र आफ्नो परम्परा कायम गर्ने जस्ता विषयहरूलाई कायम गर्नका निमित्त जोड दिएको छ। केही देशहरूले यस्ता अधिकारहरूलाई मान्यता दिने कानुनसमेत तर्जुमा गरेका छन्। उदहारणका लागि फिलिपिन्सका आदिवासी जनताहरूको अधिकारसम्बन्धी ऐन, १९२६ मा प्रथाजन्य कानुन र परम्पराहरूलाई राष्ट्रिय कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय रूपमा आत्मसात् गरिएका मानवअधिकारका आधारमा मिल्ने गरी कायम राख्ने कुरालाई समावेश गरिएको छ।

महासन्धिले सरकारलाई आदिवासीहरूको प्रथाजनित कानुन र संस्थाको सम्मान गर्नुपर्ने दायित्व तोकिदिएको छ। आदिवासीहरूले अन्तर्राष्ट्रियरूपमा पहिचान गरिएका मानवअधिकार तथा राष्ट्रिय आधारभूत मानवअधिकारसँग मेल खाने हदसम्म आफ्ना कानुन र संस्थाहरूलाई कायम राख्ने अधिकार राख्दछन्। आदिवासीको दण्ड सजाय गर्ने प्रणालीको सन्दर्भमा पनि यही कुरा लागु हुन्छ। आदिवासीहरूको प्रथा, रीतिगत कानुन तथा संस्थाहरू र अन्तर्राष्ट्रिय वा राष्ट्रिय मूल्य मापदण्डसँग कुनै प्रकारले बाझिएमा त्यसलाई समाधान गर्ने प्रणाली विकास गर्ने जिम्मेवारी सरकारको रहन्छ तर यस्ता प्रणाली लागु गर्दा सकेसम्म आदिवासीहरूको प्रथागत कानुन र अभ्यासलाई जोगाउने कुरालाई सुनिश्चित गर्नुपर्दछ।

**भूमि अधिकार**

आई.एल.ओ. १६९ ले सरकारलाई आदिवासी तथा कविला जनताहरूले परम्परागत रूपमा बस्दै आएका र उनीहरूको परम्परागतरूपमा प्रयोग गर्दै आएका पूर्ख्यौली भूमिको संरक्षण र स्वामित्व प्रत्याभूत गर्नु पर्ने उल्लेख छ। आई.एल.ओ. १६९ ले सरकारलाई विशेष उपायहरूद्वारा त्यस्ता भूमिहरूको पहिचान, सम्मान र मान्यता दिइनु पर्ने भनी औँल्याइएको पाइन्छ।

**प्राकृतिक श्रोतहरू**

आई.एल.ओ. १६९ ले आदिवासी जनताहरूको भूमि, प्राकृतिक श्रोतहरूको सवाललाई सामूहिक अधिकार र आत्मनिर्णयको अधिकारलाई जोड दिन्छ। आदिवासीहरूले परम्परागतरूपमा ओगटेका र व्यापक अर्थमा प्रयोग गरेका भूमि तथा प्राकृतिक स्रोतहरूमाथिको अधिकारलाई महासन्धिले मान्यता दिन्छ। सामान्य सिद्धान्तका रूपमा महासन्धि नं. १६९ ले भूमिको सन्दर्भमा आदिवासीहरूको प्राकृतिक स्रोतमाथि अधिकार रहन्छ। जसअन्तर्गत स्रोतहरूको प्रयोग, व्यवस्थापन र संरक्षणमा सहभागिताको अधिकार रहन्छ। यसको अपवादकोरूपमा राज्यले खनिज, भूभागभित्रको वा अरू स्रोतहरूउपर स्वामित्व रहने अवस्थामा, महासन्धिले आदिवासीहरूलाई उचित परामर्श, उनीहरूको सहभागिता, लाभ प्राप्त गर्ने तथा उनीहरूको भूभागमा कुनै हानि पुगे त्यसको क्षतिपूर्ति दिनेलगायतका थुप्रै सुरक्षात्मक उपायहरूको व्यवस्था गरेको छ। यसले उनीहरूले ओगटेका क्षेत्रका सम्पूर्ण वातावरणलाई समेट्दै भूभागको अवधारणालाई महत्व दिन्छ। भूमि अधिकारको मान्यता परम्परागत पेशासँग आधारित रहन्छ, त्यसको अर्थ त्यस भूमिमा आदिवासीहरू वर्षौंदेखि बसोबास गरी आएका हुन्छन् र यसलाई उनीहरू आफ्ना भावी सन्ततिहरूलाई पुस्तान्तरण गर्न चाहन्छन्। राज्यले आदिवासीहरूको भूमिमाथिको अधिकार सम्बन्धमा मान्यता दिने, पहिचान गर्ने, दावीलाई सम्बोधन गर्ने संयन्त्र स्थापना, र बाहिरबाट आउनेहरूले गर्नसक्ने जग्गा अतिक्रमणमा सुरक्षात्मक उपाय स्थापना गर्नुपर्दछ।

महासन्धिमा आदिवासीहरूको भूमिबाट हुने विस्थापन रोक्न श्रृङ्खलाबद्ध सुरक्षात्मक व्यवस्थाहरू गरिएका छन्। यसले आदिवासीहरूलाई उनीहरूको भूमिबाट विस्थापन नगरिने आधारभूत सिद्धान्त स्थापित गरिएको छ। यदि विस्थापनलाई छल्न नसकिने अवस्था भएमा, यो अपवादको उपायको रूपमामात्र गरिनुपर्दछ। अपवादका रूपमा उपाय अपनाउँदा आदिवासीहरूको स्वतन्त्र अग्रीम जानकारी सहितको मञ्जूरी कायम गर्नुपर्दछ। यदि मञ्जूरी लिन सकिएन भने पुर्नवासका निम्ति उचित पक्रियाहरू अपनाउनु पर्दछ। आईएलओ १६९ ले परम्परागत ज्ञान पद्धतिहरूले आदिवासी तथा कविला जनताहरूलाई प्राकृतिक श्रोतहरूको प्रयोग, व्यवस्थापन र संरक्षणलाई सक्षम बनाएको छ[९]।

यसैगरी आई.एल.ओ. १६९ ले परम्परागत शिक्षा पद्धतिलाई महत्व दिँदै यस महासन्धिले पक्ष राष्ट्रलाई आदिवासी तथा कविलाहरूको संरक्षण तथा संवर्द्धन गर्न र

---

९ खासगरी यस महासन्धिले निम्न विषयहरू सम्बन्धी अधिकारलाई जोड दिएको पाइन्छ
तिनीहरुका श्रोतहरूको प्रयोग, व्यवस्थापन, संरक्षण कार्यमा सहभागिताको अधिकार
तिनीहरूका भू-भागमा रहेका प्राकृतिक साधानहरू दोहन गर्नु पूर्व परामर्शको अधिकार
यस्ता दोहन र उपयोगका असरसम्बन्धी अध्ययनको अधिकार
त्यस्ता दोहन र उपयोगबाट प्राप्त फाइदाबाट लाभान्वित हुने अधिकार र
यस्ता क्रियाकलापहरूबाट हुने हानि नोक्सानीको सरकारद्वारा क्षतिपूर्ति पाउने अधिकार

तिनीहरूका बालबालिकहरूलाई तिनीहरूकै भाषामा पढ्नका लागि कार्य गर्नका लागि जोड दिएको छ। महासन्धि कार्यान्वयन गर्दा शिक्षा क्षेत्रमा अवलंम्बन गर्नुपर्ने केही सिद्धान्तहरू छन्: सम्भावना रहेसम्म आदिवासीहरूलाई मातृभाषामा शिक्षा प्रदान गर्नुपर्ने, शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कनमा आदिवासीहरूको सहभागिता रहनुपर्ने, शिक्षाको प्रगतिशील अपनत्व रहनुपर्ने, शिक्षाको कार्यक्रमहरूमा आदिवासीहरूको इतिहास, ज्ञान वा प्रविधिहरू समावेश तथा सम्मान गर्नुपर्ने, र सरकारले आदिवासीहरूको शिक्षालाई प्रवर्धन गर्न पर्याप्त स्रोत उपलब्ध गराउनुपर्ने जोड दिएको छ[10]।

महासन्धिको धारा ७(३) ले विषेश गरी योजनाका क्रियाकलापहरूले आदिवासीहरूको सामाजिक, आध्यात्मिक, सांस्कृतिक र वातावरणमा पार्ने प्रभावको विषयमा आदिवासीहरूको सहकार्यमा अध्ययन गर्नुपर्ने कुरालाई विषेश जोड दिन्छ र त्यस्ता अध्ययनहरूका निष्कर्षहरू लागु गर्ने आधारभूत आधार (गर्नैपर्ने कुराहरू)को रूपमा लिइन्छ। त्यसको अतिरित, प्रभाव मूल्याङ्कन र परामर्श प्राकृतिक स्रोतहरूको दोहन गर्दामात्र होइन, स्रोतहरू खोजी गर्दाको चरणमा पनि गर्नुपर्दछ। यसमा, सञ्चालकहरूलाई योजनाको शुरुवात, अनुमति वा लाइसेन्स दिनु अगावै आदिवासीहरूलाई अनिवार्य सूचना दिने, परामर्श गर्ने र सहभागिता कायम गर्ने कुरा पर्दछ।

**महासन्धि नं. १६९ अन्तर्गत आदिवासीहरूका मुख्य दायित्व**

आदिवासीहरूले लोकतन्त्र र मानवअधिकारका सिद्धान्तहरूको पालना गर्न पर्दछ, जसअन्तर्गत लैङ्गिक समानता र उनीहरूका संस्थाहरू प्रतिनिधिमूलक हुनु पर्दछ, र साथै समुदायका कमजोर वर्ग प्रति विशेष ध्यान दिनु पर्दछ। महासन्धि नं. १६९ सांस्कृतिक विविधताको संरक्षण गर्दे सुशासन र राष्ट्रिय एकतालाई सुदृढ बनाउने एउटा साधन हो

**महासन्धि नं. १६९ र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू**

महासन्धि नं. १६९ नेपालमा कार्यरत विभिन्न वित्तीय संस्थाहरूले काम गर्दा प्रमुख संयन्त्रको रूपमा काम गर्दछ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले निर्देशिका बनाएका छन् जसमा महासन्धि नं. १६९ विषयमा उल्लेख गरेका हुन्छन्। जसमा नेपालजस्तो महासन्धि अनुमोदन गर्ने राष्ट्रहरूमा महासन्धि आफ्ना कार्यक्षेत्रमा आत्मसात् गर्न सुझाव दिएको हुन्छ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू विश्व बैङ्क सम्बन्धित संस्थाहरू हुन्। यसको आफ्नै आदिवासी सम्बन्धित सुरक्षात्मक निर्देशिका[11] रहेको छ जसले ऋणी र बैङ्कका कर्मचारीहरूलाई आदिवासीहरूको पहिचान गर्ने, उनीहरूसँग परामर्श गर्ने, सांस्कृतिकरूपमा उचित हुने गरी बैङ्कको फाइदा सुनिश्चित गर्ने, नकारात्मक असरबाट जोगिने यदि यो सम्भव नभए न्यूनीकरण वा क्षति हटाउने कुरोलाई जोड दिन्छ। एशियाली विकास बैङ्कको पनि आदिवासी सम्बन्धी आफ्नै सुरक्षात्मक नीति रहेको छ। यसले परियोजनाको निर्माण वा लागु गर्दा आदिवासीहरूको पहिचान, प्रतिष्ठा, मानवअधिकार, जीवन निर्वाह प्रणाली, संस्कृतिसँग मेलखाने गरी सामाजिक वा आर्थिक लाभ, परियोजनाले कुनै प्रकारको हानि नपुऱ्याउन र उनीहरूलाई प्रभावित पार्ने परियोजनामा प्रभावकारीरूपमा सहभागी हुने कुरा पूर्ण सम्मान गर्नुपर्दछ।

**३. ४. नेपालको सन्दर्भमा आदिवासी जनजातिका अधिकार**

**३.४.१ नेपालको विश्वव्यापी आवधिक समीक्षा र आदिवासी जनजातिका अधिकार**

संयुक्त राष्टसङ्घीय मानवअधिकार परिषद्मा हुने राष्ट्रहरूको मानवअधिकार अवस्थाको विश्वव्यापी आवधिक समीक्षाअन्तर्गत सन् २०१० मा नेपालको पहिलो आवधिक समीक्षा[12] को लागि नेपाल सरकारले नेपालको मानवअधिकार अवस्था सम्बन्धी राष्ट्रिय प्रतिवेदन बुझाएको थियो। मानवअधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूको तर्फबाट राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले संयुक्त प्रतिवेदन प्रस्तुत गरेका थिए। उक्त बैठकमा नेपालको मानवअधिकार अवस्थासम्बन्धी प्रतिवेदनमाथि छलफल गरी ५५ ओटा राष्ट्रहरूले विभिन्न १३५ ओटा सुझावहरू दिएका थिए। यीमध्ये नेपाल सरकारले ५६ ओटा सुझावहरूलाई समर्थन गरी कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरेको थियो। यसैगरी २८ ओटा सिफारिसहरू कार्यान्वयन भइसकेको तथा कार्यान्वयनको प्रकृयामा रहेको प्रतिकृया दिएको थियो भने १५ ओटा सिफारिसहरूलाई अस्वीकार गरेको थियो[13]।

नेपालको विश्वव्यापी आवधिक समीक्षामा आदिवासी जनजातिका अधिकार सम्बन्धै केही सिफारिसहरू नेपाल सरकारले कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गरेको थियो। आदिवासी, अल्पसङ्ख्यक पिछडिएका समूहको, लोकसेवा, कानुन निर्माण गर्ने संस्था, र स्थानीय सरोकारका विषयमा सहभागिता बढाउन अरू प्रभावकारी प्रक्रिया चाल्ने भनी सिफारीश (१०७.२८) भएको थियो[14]। यस सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको अनुगमनबाट विद्यमान निजामती सेवा ऐनमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, पिछडिएको क्षेत्र लगायतका समूहहरूको लागि ४५ प्रतिशत सिट सुरक्षित गरिएको पाइएको छ। यसलाई थप प्रभावकारी बनाउन नेपाल सरकारले समावेशी विधेयक तयार गरी कानुन जारी गर्ने प्रयास गरेको भए

१० धाराहरू २६–३०

११ विश्व बैङ्को कार्यनीति ४.१०

१२ नेपालको पहिलो आवधिक समीक्षा सन् २०११ जनवरी २५ तारेखमा बसेको मानवअधिकार परिषद्को विश्वव्यापी समीक्षा सम्बन्धी कार्यदलको १० औं बैठकमा भएको थियो।

१३ नेपाल सरकारले ३६ वटा सिफारिसहरूमा सन् २०११ मा बस्ने मानवअधिकार परिषद्को १७ औ बैठकमा प्रतिकृया उपलब्ध गराउने भनिएकोमा ती सिफारिसहरूमा जून ६, २०११ मा बसेको बैठकमा आफ्नो धारणा दिएको थियो। नेपालको दोश्रो आवधिक समीक्षा सन् २०१५ मा बस्ने राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को २३ औ सभामा हुनेछ।

१४ नेपालको विश्वव्यापी आवधिक समीक्षाको निष्कर्ष तथा सुझावहरूको कार्यान्वयनको अवस्था २०७०

तापनि तत्कालीन अवस्थामा व्यवस्थापिका संसद्को विघटनसँगै यो कार्य हुन नसकेको देखिन्छ। त्यसैगरी जातीय विभेद, महिला आयोग, दलित आयोग, आदिवासी जनजातिका अधिकार तथा बालबालिकाका अधिकारसँग सम्बन्धी कानुनहरूलाई मानवअधिकारको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउन समीक्षा गरी अवलम्बन गर्ने सिफारिस (१०८.११) भएकोमा जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन जारी भएको छ। बालबालिकासम्बन्धी ऐनको मस्यौदा तयार भएको भन्ने बुझिएको छ तर अन्य अधिकारसँग सम्बधी कानुनहरूको समीक्षा भई अवलम्बन गर्ने प्रकृया अगाडि बढेको पाइएको छैन।

### ३.४.२ नयाँ संविधानमा आदिवासी जनजातिको अधिकारको सवाल

पहिलो संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिद्वारा प्रस्तुत गरिएको विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ मा आदिवासी जनताहरूको अधिकारलाई छुट्टै हकको रूपमा उल्लेख नगरी सामाजिक न्यायको हक अन्तर्गत सामाजिकरूपले पछाडि परेका महिला, दलित, मधेसी, आदिवासी, जनजति, अल्पसङ्ख्यक तथा सीमान्तीकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएको व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदुर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्य संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ भनी उल्लेख भएको छ। अवधारणापत्रमा आदिवासी जनजातिलाई आफ्नो पहिचानसहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तीकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ, भनी उल्लेख भएको छ। त्यसैगरी यस समितिको अवधारणासँगै प्रस्तुत गरिएका फरक मतहरू पनि रहेका छन्[१५]।

### ३.४.३ नेपाल सरकारद्वारा भएका पहलहरू

नेपाल सरकारद्वारा आदिवासी जनजाति उत्थान प्रष्ठिान स्थानीय विकास मन्त्रालय अन्तर्गत समन्वयकारी विकासको व्यवस्था गरिएको छ। पर्याप्त कार्यादेश र श्रोत साधनको अभावले प्रतिष्ठानले सीमित कार्यहरू मात्र सञ्चालन गरिरहेको छ। राजनीतिक निर्णय प्रक्रिया एवं शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवामा आरक्षणको अभ्यास पनि शुरू भइसकेको छ। नेपाल सरकारले आफनो हक आन्दोलनको लागि सङ्घर्षरत विभिन्न समूहसँग २२ अगस्ट २००७ मा २० बुँदे सहमतिका हस्ताक्षर गरेको थियो।

आइ. एल. ओ. १६९ लाई कायाव्यन गर्ने सम्बन्धमा स्थायी संरचना निर्माण भइसकेको र आई. एल. ओ १६९ सम्बन्धी सुपरिवेक्षण र अनुगमन गर्ने प्रभावकारी संयन्त्र छैन। खिम्ती जलविद्युत आयोजना, मेलम्ची खानेपानी आयोजना जस्ता ठूला परियोजनाहरू कार्यन्वयनमा आईएलओ १६९ महासन्धि अनुरूपको संवाद संयन्त्र निर्माण भएको देखिँदैन जस्ले गर्दा पटक पटक स्थानीय समुदाय र परियोजनाबीच असमझदारी र तनावका घटनाहरू भइरहेका देखिन्छन्। नर्वे, युएनडिपी, विश्वबैङ्क विश्व बैंक, एडिबीलगायत दातृ समुदायहरूको आदिवासी सम्बन्धी आफ्नै नीति भए तापनि सरकारलाई विश्वासमा लिइ त्यस्ता नीतिहरूलाई नेपालको मानवअधिकार दायित्वसँग जोडेर कार्यान्वयन गर्ने प्रतिबद्धता सुनिश्चित गरिनु आवश्यक हुन्छ।

### ३.४.४ राष्ट्रिय मानवअधिकार आयोगद्वारा भएका पहलहरू

राष्ट्रिय मानवअधिकार आयोगले सरकारी निकाय, दलित आयोग,महिला आयोग, जनजाति महासङ्घ लगायतका सङ्घ संस्थाहरूसँग सहभागी र समन्वय गर्दै आएको छ। राष्ट्रिय मानवअधिकार आयोगद्वारा भएका पहलहरूलाइ सङ्क्षिप्तरूपमा तल उल्लेख गरिएको छ।

***संरक्षण***

आयोगको रणनीतिक योजनाहरूमा आदिवासी जनजातिका अधिकार संरक्षण र संवर्द्धनको विषय समावेश गरिएको छ।

मानवअधिकार रक्षकको राष्ट्रिय सम्मेलन २०६९ मा सामूहिक अधिकारअन्तर्गत आदिवासी जनजातिका सवालहरूमासमेत छलफल गरेको थियो। आदिवासी जनजातिका अधिकारसँग सम्बन्धित खिम्ती, ढोरपाटन, निकुञ्जजस्ता विभिन्न उजुरीहरूमा छानबिन, अनुसन्धान र नीतिगत सिफारिस गरेको थियो। त्यसैगरी विभिन्न आदिवासी समूहद्वारा राजधानी तथा विभिन्न भागमा गरेका अधिकार आन्दोलनहरूको अनुगमन र सरकार तथा सरोकारवालाको ध्यानकर्षण गरेको थियो।

***सम्वर्द्धन***

ILO १६९ सम्बन्धी प्रशिक्षक, प्रशिक्षण, कार्यशाला तथा अनुगमन कार्यहरू राष्ट्रिय योजना तथा कार्यक्रममा समावेश गरेको छ। २००५ मा ILO Dialogue Conference मा NHRC, ILO & Janajatis विषय र ILO Convention No. 169 को पक्षमा सुझाव दिएको थियो। साथै UN Special Rapporteur on Indigenous Nationalities Prof. James Anaya को आयोग भ्रमणमा भेटघाट, छलफल र नेपालका आदिवासी जनजातिका विषयमा जानकारी गराएको थियो। सविधान सभा र मानवअधिकारमैत्री संविधान विषयमा पाँच वटै विकास क्षेत्र स्तरीय गोष्ठीमा आदिवासी जनजातिका सवाल समावेश गरेको थियो। राष्ट्रिय, क्षेत्रीय तथा स्थानीयरूपमा आदिवासी जनजातिका

---

१५ केही फरक मतहरू यस्ता छन्:

"आदिवासी जनजाति समुदायलाई **आत्मनिर्णयको अधिकारसहित स्वशासन र स्वायत्तताको अधिकार** तथा **स्वतन्त्र, पूर्व र सुसूचित सहमतिको हक** हुनेछ"

"आदिवासी र स्थानीय समुदायलाई **भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक** हुनेछ।"

आदिवासी जनजाति तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोतमाथि प्राथमिकताको हक स्वशासनको हक तथा राष्ट्रिय अखण्डता समग्र राष्ट्रियहित र एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानुनको अधीन रही आत्मनिर्णयको हक हुनेछ।

समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका सबै अङ्ग, तह र निकायहरुमा जनसङ्ख्याको अधारमा सहभागी हुने हक हुनेछ।

अधिकार सम्बन्धी प्रवर्धनात्मक कार्यक्रमहरू गरेको छ। आदिवासी जनजातिको हक अधिकार संरक्षण र सम्बर्द्धनमा कार्यरत मानवअधिकाकर्मीहरूलाई दुई दिवसिय क्षमता अभिवृद्धि तालिम प्रशिक्षण कार्यक्रम सञ्चालित गरिएको छ। मानवअधिकार कार्यशालामा "अल्पसङ्ख्यक तथा आदिवासी जनजातिका अधिकार" विषयक कार्यपत्र प्रस्तुति र छलफल गरेको थियो। त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगले आई.एल.ओ. ,जनजाति महासङ्घ लगायतका सङ्घ संस्थाहरूद्वारा ILO Dialogue Conference सम्बन्धी तयारी बैठकहरूमा सहभागी र समन्वय गरेको थियो।

***संरचना निर्माण***

आयोगले साङ्गठनिक पुन:संरचाना अन्तर्गत सामूहिक अधिकार महाशाखा गठन गरी आदिवासी जनजाति सम्बन्धी सवालहरूलाई प्राथमिकमकतामा राखेको छ।

***समन्वय***

अन्तर्राष्ट्रिय श्रम सङ्गठन, आदिवासी जनजाति महासङ्घ जस्तासंस्थाहरूसँग समन्वयमा आदिवासी जनजाति सवालमा कार्यगत अनौपचारिक काय समूह गठन र सो अनुरूप केही कार्यक्रमहरू सञ्चालन गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोगले सरकारी निकाय, दलित आयोग,महिला आयोग, जनजाति महासङ्घ लगायतका सङ्घ संस्थाहरूसँग सहभागी र समन्वय गर्दै आएको छ।

**४. निष्कर्ष र सुझावहरू**

**४.१ निष्कर्ष**

नेपालको सन्दर्भमा आदिवासी जनजातिका अधिकारसम्बन्धी विभिन्न सवालहरू उठिरहेका छन्। उदाहरणको लागि किपट प्रथा उन्मूलन, भूमिसुधार, वनसम्बन्धी कानुनहरू, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन, मेघा परियोजनाहरू जस्ता कारणहरूले गर्दा परम्परागत पुर्ख्यौली भूमि तथा प्राकृतिक श्रोत र साधनको उपयोगमा परेका असरहरू जस्ता सन्दर्भलाई लिन सकिन्छ। नेपालका राजनीतिक दलहरूले आत्म-निर्णयको अधिकारका सम्बन्धमा व्यक्त गरेका धारणाहरू अस्पष्ट एवम् विरोधाभाषपूर्ण देखिएका छन्। त्यसैगरी सङ्घीय राज्यको पक्ष विपक्षमा पनि संविधानसभामा हुने छलफल विरोधाभाषपूर्ण देखिएका छन्। यसै कारणले गर्दा अदिवासी जनजातिका आत्म-निर्णयको अधिकार, जातीय स्वायत्तत्ता, प्राकृतिक श्रोत माथि स्वामित्व र नियन्त्रण, सामूहिक अधिकार र प्रथाजन्य कानुनहरू जस्ता विषयहरू संविधानसभाका लागि जटिल सवालका रूपमा रहेको पाईन्छ।

UNDRIP / ILO महासन्धि १६९ को अनुमोदनपश्चात् आदिवासी जनताहरूले सहभागिता, परामर्श, स्वतन्त्रता एवम् पूर्वसूचित सहमति (FPIC) लाई वकालत औजारका रूपमा प्रयोग गर्ने परीपाटी बढ्दै जानाले आदिवासी जनजातिको मुद्दालाई समायोजन रूपान्तरण समावेशी र लैङ्गिक तथा विकासको मुद्दाको रूपमा अघि बढाउनमा सहयोग पुग्न गएको देखिन्छ। हाल संविधानसभामा सबै आदिवासी जनजातिको प्रतिनिधित्व हुनसकेको छैन। साथै पहिलो संविधानसभाद्वारा प्रस्तुत गरिएको विषयमा सहमति निर्माण गर्ने कार्यमा कसरी अगाडि जान्छ र त्यसबाटै नयाँ संविधानमा आदिवासी जनजातिको अधिकारको सुनिश्चितता निंभर हुन्छ।

**४.२ सुझावहरू**

१. राज्यले मानवअधिकारसम्बन्धी महत्वपूर्ण दस्तावेजहरू तथा संयुक्त राष्ट्रसङ्घीय घोषणाप्रति प्रतिबद्धता व्यक्त गरेअनुरूप नयाँ संविधानमा आदिवासी जनजातिको अधिकारकोसम्मान संरक्षण र सम्वर्धन सुनिश्चित गर्नु पर्दछ।
२. आत्मनिर्णयको अधिकार र जातीय स्वायतता जस्ता मुद्दालाई नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धिका आधारमा सम्बोधन गरिनु पर्दछ। खास गरेर सङ्घीय राज्यको निर्माण र व्यवस्थापन, राज्यको पुर्नसंरचना,भाषिक साँस्कृतिक तथा ऐतिहासिक पहिचानलाई मान्यता र सम्मान दिई राष्ट्र निर्माणमा सवै वर्ग समुदायको अर्थपूर्ण पूर्ण सहभागिता सुनिश्चित गरिनु पर्दछ।
३. राज्यले विभिन्न आदिवासी जनजातिहरूसँग गरेको सहमति कार्यान्वयन गर्नु पर्दछ। सरकारले आई.एल.ओ. १६९ महासन्धि अनुरूप सबै कानुनी प्रशानिक उपायहरूद्वारा आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्नु पर्दछ।
४. राज्यले पूर्वकमैया, हलिया, कमलरी जस्ता वञ्चितमा परेका समुदायहरूको निमित मानवअधिकारमुखी सोचसहितको विकास कार्यक्रम लागु गर्नुपर्दछ।
५. संविधानसभाले आईएलओ १६९, मानवअधिकार सन्धिहरू तथा घोषणापत्र अनुकुलको आदिवासी जनताहरूसँग उचित परामर्शका आधारमा नयाँ संविधानमा व्यवस्था गर्नु पर्दछ। आईएलओ १६९ को प्रभावकारी कार्यान्वयनको निमित्त विद्यमान कानुनहरूलाई यस महासन्धि अनुकुल बनाइने सुधार वा संशोधन गरिनु आवश्यक छ। कतिपय अवस्थामा नयाँ कानुन निर्माण गर्नुपर्ने समेत आवश्यक पर्दछ।
६. सहस्राब्दी विकास लक्ष्यसँग सम्बन्धित गरिने र सन् २०१५ पछिको विकास एजेण्डामा सबैका लागि शिक्षा, स्वास्थ्यजस्ता सम्बन्धी नीति योजना र कार्यक्रमहरूको तर्जुमा कार्यमा मानव अधिकार दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र आईएलओ १६९ जस्ता महासन्धि अनुरूप गरिनु पर्दछ।
७. राष्ट्रिय मानवअधिकार आयोगजस्ता राज्यका निकायहरूले आदिवासी जनजातिका अधिकार संरक्षण र सम्वर्धनमा ठोस भूमिका निर्वाह गर्नु पर्दछ।
८. सरकारी निकायहरू, मानवअधिकार सङ्गठनहरू तथा आदिवासी जनजातिका प्रतिनिधिमुलक सङ्गठनहरू बीच आई.एल.ओ. १६९ तथा अरु नेपाल पक्ष भएका प्रमुख मानव अधिकार महासन्धिहरू सम्बन्धमा सचेतना फैलाउन र त्यस्ता महसन्धिका सम्बन्धमा रहेका अन्यौल र त्यसबाट उत्पन्न द्वन्द्वलाई न्यूनीकरण गर्न सहयोग र सहकार्य गर्नु पर्दछ।

जसले जोखिम, असुरक्षा र बहिष्करणलाई जन्म दिन्छन् (कुक र कबिर, २००९) र पुनरुत्पादन गरिरहन्छन्।

सार्वभौमिक परिभाषाहरूको खोजी गर्नुभन्दा यसलाई देशको विशिष्ट अवस्था र आवश्यकताअनुसार परिभाषित गरी लचिला समग्रतामा विकास गर्न उपयुक्त हुने देखिन्छ। काम चलाउनका लागि सामाजिक संरक्षणलाई व्यक्ति, परिवार र समाजलाई जीवनचक्रमा आइलाग्ने महत्वपूर्ण जोखिमहरू सामना गर्न सक्षम बनाउने, गरिबी, जोखिम, सामाजिक असमानता र बहिष्करणलाई न्यूनीकरण गर्ने र मानव विकास तथा सामाजिक न्यायलाई प्रवर्धन गर्ने उद्देश्यले अवलम्बन गरिएका सार्वजनिक, निजी वा साझा उपायहरूका रूपमा परिभाषित गर्न सकिन्छ। यसमा निम्नलिखित सबै वा कुनै उपायहरू समाविष्ट हुन्छन् जसले:

- विपन्नहरूलाई नगद वा जिन्सी हस्तान्तरण गरी न्यूनतम आय र उपभोग सुनिश्चित गर्दछन्।
- जोखिममा रहेकाहरूलाई आजीविकासम्बद्ध सङ्कट र आघातहरूबाट सुरक्षा प्रदान गर्दछन्।
- मानव विकासलाई प्रवर्धन गरी अन्तरपुस्ता गरिबीको श्रृङ्खलालाई तोड्न मद्दत गर्छन्।
- सीमान्तकृत वा सामाजिक बहिष्करणमा परेका व्यक्तिहरूको अधिकार र सामाजिक हैसियतलाई उकास्दै न्यायपूर्ण र समावेशी समाजको विकासमा योगदान दिन्छन्।

### ३. मानवअधिकारको रूपमा सामाजिक सुरक्षा

सन् १९४८ को मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले राज्य र समाजबाट व्यक्ति तथा परिवारले संरक्षण प्राप्त गर्ने अधिकारलाई मानवअधिकारको रूपमा मान्यता दिएको छ। घोषणापत्रको धारा २२ मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकार हुने र त्यसको प्राप्तिका लागि राष्ट्रिय प्रयास र अन्तर्राष्ट्रिय सहयोग हुनुपर्ने कुरामा जोड दिएको छ। धारा २३ (३) मा काम गर्ने हरेक व्यक्तिले उसको र परिवारको मानवीय गरिमायुक्त जीवनयापन सुनिश्चित हुने गरी पारिश्रमिक पाउने अधिकार र आवश्यक भएमा त्यसका लागि सामाजिक संरक्षणका अन्य पूरक उपायहरू अपनाउनुपर्ने उल्लेख छ। दफा २५ मा प्रत्येक व्यक्ति र परिवारको स्वास्थ्य र कल्याणका लागि भोजन, लुगालत्ता, आवास, औषधोपचार तथा अन्य आवश्यक सेवाहरू र बेरोजगारी, बिमारी, अपाङ्गता, वैधव्य, वृद्धावस्था वा आफ्नो नियन्त्रण बाहिरका अन्य परिस्थितिका कारण जीवनयापनमा पर्ने असरका विरुद्ध सुरक्षाको अधिकार छ भनिएको छ। साथै, मातृत्व र बाल्यावस्थाका लागि विशेष स्याहारसुसार र सहयोग आवश्यक पर्ने र विवाहबन्धनभित्र वा बाहिर जन्मेका बालबालिकाले एकनासको सामाजिक सुरक्षा प्राप्त गर्ने कुरामा जोड दिइएको छ (संयुक्त राष्ट्रसङ्घ, १९४८)।

---

**महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ ले सबैलाई र विशेष गरी अवकाशप्राप्त, बेरोजगार, बिरामी , अशक्त र वृद्धावस्थाका कारणले काम गर्न नसक्नेहरूका लागि सामाजिक सुरक्षा र तलबी बिदाको अधिकार एवम् कार्यस्थलमा स्वास्थ्य र सुरक्षाको अधिकारमा जोड दिएको छ (दफा ११)। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सामाजिक सुरक्षासम्बन्धी महासन्धि नं. १०२ (१९५२) मा रोजगारीमा संलग्न व्यक्तिहरूका लागि औषधोपचार, बिरामी , बेरोजगारी, वृद्धावस्था, कामको सिलसिलामा लाग्ने चोटपटक, मातृत्व, अशक्तता, तथा शेषपछि र अघि परिवारले पाउने सुविधाहरूको प्रावधान गर्नुपर्ने उल्लेख छ।**

---

त्यस्तै, संयुक्त राष्ट्रसङ्घ महासभाबाट पारित आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६) मा हस्ताक्षर गर्ने पक्ष राज्यहरूले सबैको सामाजिक बीमासहितका सामाजिक सुरक्षाको अधिकार हुने, परिवार र विशेष गरी आमा, बालबालिका र युवाहरूलाई यथासम्भव फराकिलो संरक्षण (धारा १०) पर्याप्त जीवनयापनको स्तर (दफा ११) मानसिक र शारीरिक स्वास्थ्य (दफा १२) र शिक्षा प्राप्त गर्ने (धारा १३, १४) अधिकारलाई मान्यता दिएका छन्।

महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव अन्त गर्ने महासन्धि, १९७९ ले सबैलाई र विशेष गरी अवकाशप्राप्त, बेरोजगार, बिरामी , अशक्त र वृद्धावस्थाका कारणले काम गर्न नसक्नेहरूका लागि सामाजिक सुरक्षा र तलबी बिदाको अधिकार एवम् कार्यस्थलमा स्वास्थ्य र सुरक्षाको अधिकारमा जोड दिएको छ (धारा ११)। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सामाजिक सुरक्षासम्बन्धी महासन्धि नं. १०२ (१९५२) मा रोजगारीमा संलग्न व्यक्तिहरूका लागि औषधोपचार, बिरामी , बेरोजगारी, वृद्धावस्था, कामको सिलसिलामा लाग्ने चोटपटक, मातृत्व, अशक्तता, तथा शेषपछि र अघि परिवारले पाउने सुविधाहरूको प्रावधान गर्नुपर्ने उल्लेख छ।

बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिले अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष हेरचाह र सहयोग, स्तरीय शिक्षा र स्वास्थ्य एवम् पोषणसेवाहरू, गरिबी र अभावमा रहेका बालबालिकाका लागि राज्यबाट सहयोग प्राप्त गर्ने अधिकार (धारा, २३, २४, २५, २६) शारीरिक र मानिसक आवश्यकता पूर्ति गर्न सक्ने जीवनस्तर प्राप्त गर्ने अधिकार (धारा २७) प्रदान गरेको छ। त्यस्तै अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा अपाङ्गता भएका व्यक्तिहरूप्रति विभेद गर्न नहुने, र राज्यले सबै नीति र कार्यक्रमहरूमा उनीहरूको मानवअधिकारको सुरक्षालाई ख्याल गर्नु पर्ने, विशेष गरी अपाङ्गता भएका महिला र बालबालिकाहरूको मानव अधिकारको संरक्षणका लागि सचेष्ट रहनुपर्ने, दैवी प्रकोप, सशस्त्र द्वन्द्व, र जोखिम एवम् सङ्कटकालीन

- विमलचन्द्र शर्मा

# खाद्य अधिकार र मानवअधिकार


मानव जीवनका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार आधारभूत आवश्यकता हुन। जीवनसँग सम्बन्धित मानवअधिकारहरू मध्ये पर्याप्त एवम् पोषणयुक्त खान पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ लगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि १९६६ मा खाद्य एवम् पोषणको अधिकारलाई जीवनसँग अन्तर्निहित महत्वपूर्ण मानव अधिकारको रुपमा व्यवस्था गरिएको छ। यस अधिकारलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १८ (३)मा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुताको हक हुने छ भनी मौलिक हकको रुपमा पनि व्याख्या गरिएको छ।








खाद्य अधिकार
नयाँ संविधानमा
ग्यारेन्टी गर !
सुरक्षित र गुणस्तरीय
खाद्य अधिकार ऐन
चाँडो जारी गर !
Right to Food, Human Rights
खाद्य अधिकार, मानवअधिकार
इन्सेक
फोटो : निर





# मानवअधिकारको दृष्टिकोणमा सामाजिक संरक्षण



बाबुराम अर्याल

## १. पृष्ठभूमि

युरोपीय मुलुकहरूले उन्नाइसौँ शताब्दी आइनपुग्दै लोककल्याणकारी राज्यको नाममा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्दै आए पनि एसिया-अफ्रिकाका धेरै मुलुकहरूका लागि सामाजिक सुरक्षा नौलो विषय हो। सामाजिक सुरक्षा सामाजिक न्यायको अभिन्न भाग हो। सामाजिक सुरक्षा भन्नाले सार्वजनिकरूपमा रहेका जोखिम तथा कमजोरीलाई सम्बोधन गर्ने नीति तथा कार्यक्रमहरूलाई जनाउँदछ। यसको उद्देश्य आघात व्यहोरेका तथा तनावमा रहेका घरपरिवारलाई सहयोग पुऱ्याउनुका साथै यसलाई मानव पूँजीको विकास एवम् सुधार गर्न तथा मानिसहरूलाई सबल बनाउन र उत्पादनमूलक पूँजी जम्मा गर्न तथा भविष्यमा उनीहरूको आयआर्जन क्षमता अभिवृद्धि गरी अन्तरपुस्तागत रूपमा हुने गरिबीको हस्तान्तरणलाई तोड्ने औजारका रूपमा हेर्नु हो। यसले आर्थिक तथा सामाजिक रूपमा असुरक्षित वा जोखिम सम्भाव्य व्यक्तिलाई विभिन्न उपाय र निकायबाट विशेष सहुलित, सहायता र संरक्षण सुनिश्चित गर्दछ। सामाजिक सुरक्षालाई सामाजिक बीमा, सामाजिक संरक्षण, सामाजिक सुरक्षा कवच वा कहिले काहीँ सामाजिक न्यायमात्र पनि भन्ने गरिन्छ। जे भनिए तापनि यो न्याय र लोकल्याणकारिता प्रवर्धन गर्ने नीतिगत तथा कार्यक्रमिक उपकरण हो।

असमानता र विविधता सामाजिक यथार्थ हो। तर समानता र न्याय राज्यको दायित्व हो। यसर्थ राज्य प्रणालीले सामाजिक न्याय तथा समानता सुनिश्चित गर्नका लागि उपयोगमा ल्याउने विभिन्न उपायमध्ये सामाजिक सुरक्षा एक हो। विपन्न र गरिबका लागि न्यूनतम आय सुनिश्चित गर्नु, उपभोग र वितरण सुनिश्चित गर्नु, विपत्ती समानताका लागि सामाजिक बीमा र सुरक्षा कवच र आधारभूत सुविधाका लागि सहयोग सामाजिक सुरक्षाका उद्देश्य हुन्। सामान्यत: बेरोजगारी, बिमारी, अक्षमता र वृद्धावस्थाको सुरक्षा यसका कार्य क्षेत्र हुन्। विश्वव्यापीकरण, वित्तीय तनाव, जनसाङ्ख्यिक संरचना परिवर्तन, प्राकृतिक र मानवीय प्रकोप, जलवायु परिवर्तन, युद्ध तथा अपराधजस्ता कारणले सामाजिक सुरक्षाको आवश्यकता र महत्व विस्तार भएको छ। यस लेखमा प्रस्तुत विषयको प्रचलित अवधारणा, मानवअधिकारको सन्दर्भमा आएका विभिन्न व्यवस्थाहरू तथा नेपालको सामाजिक संरक्षणसम्बन्धी नीति तथा कानुनहरूको अध्ययन तथा विश्लेषण गरी भविष्यमा अवलम्बन गर्नुपर्ने उपायहरूका बारेमा साङ्केतिक सुझावहरू प्रस्तुत गरिएको छ।

## २. सामाजिक संरक्षणको अवधारणात्मक पक्ष

सामाजिक संरक्षणका लागि तीन शब्दहरू पर्यायवाची रूपमा प्रयोग हुने गरेका छन्: सामाजिक सुरक्षा, सामाजिक सुरक्षा जालो (Saftey Nets) र सामाजिक संरक्षण। सामाजिक सुरक्षाले अक्सर सामाजिक सहयोग एवम् सामाजिक बीमाका कार्यक्रमहरूको संश्लेषित रूप र विशेष गरी पश्चिमा मुलुकहरूमा विकसित बृहत् सामाजिक सुरक्षाको पद्धतिलाई इङ्गित गर्दछ (नोर्टन र अन्य, २००२)। सामाजिक सुरक्षा जालोले अक्सर विकासशील मुलुकमा गरिबी, विपत्ति, वा आर्थिक समायोजनबाट प्रभावित समूहका लागि सञ्चालन गरिने अल्पावधिका र तत्काल राहत उपलब्ध गराउने खालका कार्यक्रमहरूलाई जनाउँछ।

सामाजिक संरक्षण (Social Protection) अपेक्षाकृत नयाँ शब्द हो जसले उल्लिखित दुवैथरीका कार्यक्रमहरूका साथै मानवविकास र सामाजिक रूपान्तरणजस्ता बृहत्तर उद्देश्यहरूलाई पनि आत्मसात् गर्दछ (व्यारियान्टोस् तथा सेफर्ड, २००३)। यो शब्द विकसित र विकासशील दुवै थरी मुलुकहरूमा प्रयोग भइरहेको पाइन्छ। त्यसैले सामाजिक संरक्षणलाई आफ्नो देशको परिवेश, आवश्यकता, उपलब्ध स्रोतसाधन, एवम् औचित्यका आधारमा सङ्कीर्ण वा विस्तृत रूपले परिभाषित गरी कार्यान्वयन गर्न सकिन्छ। यसलाई सङ्कट र जोखिमका बेला नगद वा जिन्सी हस्तान्तरण गरी तत्काल राहत उपलब्ध गराउन मात्र प्रयोग गर्ने वा मानव विकासका लागि लगानीका रूपमा समेत प्रयोग गर्ने, वा आर्थिक सामाजिक रूपान्तरण एवम् (डेभेरक्स र सबाटस-ह्विलर, २००४) सामाजिक न्याय, दिगो शान्ति र सामाजिक एकीकरणको माध्यमका रूपमा पनि प्रयोग गर्ने भन्ने कुरा राजनीतिक निर्णयको विषय हो।

त्यसैले, सामाजिक संरक्षणको परिभाषा र दृष्टिकोणहरूमा भिन्नता पाइन्छ। यसलाई साँघुरो (जस्तै गरिबी र जोखिमकेन्द्रित) वा समावेशी र व्यापक रूपमा मानव विकास र सामाजिक रूपान्तरण समेतलाई समेट्ने गरी परिभाषित गर्न सकिन्छ। शिक्षा र स्वास्थ्य सेवामा दिइने अनुदान तथा समग्र नि:शुल्क आधारभूत शिक्षा र स्वास्थ्य सेवालाई पनि सामाजिक संरक्षणका रूपमा समावेश गरिएको पाइन्छ। यसमा सरकारका कदमहरूलाई मात्र समावेश गर्न पनि सकिन्छ। साथै निजी, सहकारी, स्वैच्छिक संस्था वा अनौपचारिक सञ्जालका प्रयासलाई पनि समाहित गर्न सकिन्छ। विपन्न मुलुकहरूमा राज्यप्रदत्त संरक्षणका कार्यक्रम आफैँमा यथेष्ट नहुने हुँदा नीजि, सामुदायिक तथा गैरसरकारी क्षेत्रका नवप्रवर्तनशील कार्यक्रमहरूले पनि टेवा दिनुपर्दछ र विभिन्न प्रदायकहरूको सहक्रियात्मक र सार्थक सहभागिता आवश्यक हुन्छ। प्रभावकारी सामाजिक संरक्षणले सामाजिक आर्थिक प्रणालीमा विद्यमान त्यस्ता संरचनात्मक विषमताहरूलाई पनि सम्बोधन गर्नुपर्दछ

अवस्थामा उनीहरूको संरक्षणका लागि सबै उपायहरू अवलम्बन गर्ने, उपयुक्त शिक्षा र स्वास्थका सेवाहरूको प्रावधान गर्नुपर्ने, सकेसम्म प्रारम्भिक चरणदेखि बहुशास्त्रीय मूल्याङ्कनका आधारमा उनीहरूका आवश्यकताको पहिचान गरी सामाजिक जीवनका सबै पक्षहरूमा उनीहरूको समावेशी सहभागिता हुने गरी शिक्षा, स्वास्थ्य, रोजगार, पुन:स्थापना र अन्य सामाजिक सेवाहरू उपलब्ध गराउनुपर्ने उल्लेख छ।

त्यस्तै प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिममा उनीहरूको पहुँच हुनुपर्ने, गाँस, बास, कपडा र पर्याप्त सामाजिक सुरक्षासहितको मर्यादित जीवनस्तरका प्रावधान गर्नुपर्ने, उनीहरूको जीवनलाई सहज बनाउनका लागि उपयुक्त सेवाहरू, सहायक सामग्रीहरू उपलब्ध गराउनुपर्ने, गरिबी निवारण, सार्वजनिक आवास र सामाजिक सुरक्षाका कार्यक्रममा उनीहरूको पहुँच सुनिश्चित गर्नुपर्ने जस्ता दायित्वहरू पनि पक्ष राष्ट्रहरूमा रहेका छन् (संयुक्त राष्ट्रसङ्घ, २००६)। यस्तै, विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिहरू, सहस्राब्दी विकास लक्षहरू लगायतका घोषणापत्रहरूले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सामाजिक संरक्षणका विविध पक्षमा जोड दिएको पाइन्छ। यथार्थमा, सामाजिक सुरक्षा आफैँमा मानवअधिकार त हो नै, यसले व्यक्तिका अन्य अधिकारहरूको पनि संरक्षण गर्दै प्रचलनमा ल्याउन मद्दत गर्दछ। यसको माध्यमबाट नागरिकको क्षमता एवम् आत्मविश्वाशमा अभिवृद्धि हुन्छ र सामाजिक आर्थिक जीवनमा सहभागिता सहज हुन्छ।

### ४. सामाजिक सुरक्षाका उपकरणहरू

सामाजिक संरक्षणका कार्यक्रम चार प्रकारका हुन सक्छन्– संरक्षात्मक, निरोधात्मक, प्रवर्धनात्मक र रूपान्तरणमुखी। परिभाषामा जस्तै यसका घटक वा उपकरणहरूका सम्बन्धमा पनि सहमति बन्न सकेको छैन। विभिन्न संस्थाले विभिन्न ढाँचा अगाडि बढाएको पाइन्छ। कसैले यसका मुख्य दुई प्रकार मानेका छन्– सामाजिक सहयोग र सामाजिक बीमा (नर्टन र अन्य, २००२)। उल्लेखित दुई प्रकारमा कसैले श्रमबजारको नियमन (सेचिनि र मार्टिनेज, २०११) थपेर तीन प्रकारका मानेका छन्। एसियाली विकास बैङ्कले सामाजिक सहयोग, सामाजिक बीमा, श्रमबजार नीति तथा कार्यक्रम, विशेष क्षेत्र केन्द्रित कार्यक्रमहरू र बाल संरक्षण गरी पाँच तत्वहरूमा जोड दिएको पाइन्छ (एडीबी, २००३) कसैले सामाजिक सेवाहरू (विशेष गरी आधारभूत सेवाहरू शिक्षा र स्वास्थ्यलाई पनि समावेश गरेका छन् (डेभेरक्स, र सबाटस-ह्विवलर, २००४)। सामान्यत: सामाजिक सुरक्षाका औजारहरूलाई निम्नानुसार राख्न सकिन्छ:–

**(क) सामाजिक सहयोग** : अक्सर सबै खर्च सरकारले करमार्फत व्यहोर्ने र सेवाग्राहीहरूको योगदान आवश्यक नपर्ने जस्तै: ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जनजातिलाई दिइने भत्ता, छात्रवृत्ति कार्यक्रम, नि:शुल्क स्वास्थ्योपचारका लागि भौचर आदि। अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अन्य महासन्धिहरू जस्तै पार्टटाइम वर्क कन्भेन्सन (नं.१७५) अशक्तता, वृद्धावस्था र परिवारिक वृत्तिसम्बन्धी महासन्धि (नं. १२८) र घरेलु कामसम्बन्धी महासन्धि (नं.१७७) मा पनि सामाजिक सुरक्षासम्बन्धी प्रावधानहरू समाविष्ट छन्।

**(ख) संरक्षणात्मक कार्यक्रमहरू** : संरक्षणात्मक कार्यक्रमहरू तत्काल उद्धार र राहतमा जोड दिन्छन्, निरोधात्मक कार्यक्रमहरू गरिबी न्यूनीकरण गर्ने र झट्काहरूको असर कम गर्ने (जस्तै, सामाजिक बीमा, अनौपचारिक बचत र लगानी वा सम्पतिको विविधीकरण कार्यक्रमहरू) खालका हुन्छन्, प्रवर्धनात्मक कार्यक्रमहरूले आय र सक्षमता बढाउँछन् (जस्तै, लघुवित्त, आजीविका प्रवर्धन, विद्यालय पोषण, शिक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू), र सीमान्तकृतहरूको सशक्तीकरण, समावेशीकरण, समतामूलक नीति एवम् कानुनहरू र मानवअधिकार प्रवर्धन रूपान्तरकारी कार्यक्रमहरूमा पर्दछन्

**बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिले अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष हेरचाह र सहयोग, स्तरीय शिक्षा र स्वास्थ्य एवम् पोषणसेवाहरू, गरिबी र अभावमा रहेका बालबालिकाका लागि राज्यबाट सहयोग प्राप्त गर्ने अधिकार (धारा, २३, २४, २५, २६) शारीरिक र मानिसक आवश्यकता पूर्ति गर्न सक्ने जीवनस्तर प्राप्त गर्ने अधिकार (धारा २७) प्रदान गरेको छ। त्यस्तै अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा अपाङ्गता भएका व्यक्तिहरूप्रति विभेद गर्न नहुने, र राज्यले सबै नीति र कार्यक्रमहरूमा उनीहरूको मानवअधिकारको सुरक्षालाई ख्याल गर्नु पर्ने, विशेष गरी अपाङ्गता भएका महिला र बालबालिकाहरूको मानव अधिकारको संरक्षणका लागि सचेष्ट रहनुपर्ने, दैवी प्रकोप, सशस्त्र द्वन्द्व, र जोखिम एवम् सङ्कटकालीन अवस्थामा उनीहरूको संरक्षणका लागि सबै उपायहरू अवलम्बन गर्ने, उपयुक्त शिक्षा र स्वास्थका सेवाहरूको प्रावधान गर्नुपर्ने, सकेसम्म प्रारम्भिक चरणदेखि बहुशास्त्रीय मूल्याङ्कनका आधारमा उनीहरूका आवश्यकताको पहिचान गरी सामाजिक जीवनका सबै पक्षहरूमा उनीहरूको समावेशी सहभागिता हुने गरी शिक्षा, स्वास्थ्य, रोजगार, पुन:स्थापना र अन्य सामाजिक सेवाहरू उपलब्ध गराउनुपर्ने उल्लेख छ।**

(डेभेरक्स, र सबाटस-ह्विवलर, २००४)।

(ख) **सामाजिक बीमा (Social Insurance)** : योगदानमा आधारित कार्यक्रमहरू जस्तै, स्वास्थ्य बीमा, उपदान, सञ्चयकोष, निवृत्तिभरण र बेरोजगार बीमा आदि।

(ग) **आधारभूत सेवाहरू (Social Services)**: आधारभूत शिक्षा, स्वास्थ्य, पोषण, आवास, बृद्धाश्रम, प्रारम्भिक बालविकास, अनाथालय, द्वन्द्वप्रभावित तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय वा गैरआवासीय हेरचाहजस्ता कार्यक्रमहरू।

(घ) **संरक्षात्मक कानुन तथा नीतिहरू :** सक्रिय श्रमबजार नीतिमार्फत सीप विकास तालिम, रोजगार विनिमय सेवा, स्वरोजगारका लागि ऋण, रोजगारमूलक सार्वजनिक निर्माण, कामका लागि खाद्यान्न कार्यक्रम, ग्रामीण पूर्वाधार विकास कार्यक्रम जस्ता रोजगारमूलक कार्यक्रमहरू र शोषणमूलक श्रम अभ्यासहरूको अन्त र सुरक्षा तथा स्वास्थ्य, न्यूनतम ज्याला, बिरामी बिदा, प्रसुति सुविधा, चोटपटकका लागि क्षतिपूर्ति, आरक्षण, व्यक्तिको जिउधनको संरक्षणजस्ता श्रम कानुनका प्रावधानहरू।

## ५. नेपालमा सामाजिक सुरक्षाको प्रयोग र अनुभव

नेपालमा सामाजिक सुरक्षालाई व्यवस्थित रूपबाट हेर्न थालिएको धेरै भएको छैन। विसं १९०५ मा मुलुकी किताबखाना विसं १९३३ सालमा कमाण्डरी किताबखानामा परिणत भई पछि निजामती कर्मचारीलाई लक्षित गरी निवृत्तिभरण प्रणालीको अवलम्वन गरिए तापनि आम जनमुदायलाई लक्षित गरेर कार्यक्रम ल्याइएको भने दुई दशक पनि भएको छैन। खाद्य ढुवानी, स्वस्थ्य सुविधा एवम् गरिबी निवारणसँग आबद्ध तथा लक्षित कार्यक्रममा रहेको सामाजिक सुरक्षाको अवयवलाई नलिने हो भने आ व २०५२/५३ देखि मात्र यसतर्फ केही प्रयास हुँदै आएका छन्। नवौ पञ्चवर्षीय योजनामा पहिलो पटक सामाजिक सुरक्षासम्बन्धी नीतिलाई स्थान दिइयो, जसले ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गका सीमित कार्यक्रमलाई मात्र आवधिक योजनामा समावेश गर्न पुग्यो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ मा रोजगारी र सामाजिक सुरक्षाको हक सुनिश्चित गरिएको छ। त्यस्तै राज्यका नीतिअन्तर्गत धारा ३९ ले महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अशक्त र लोपोन्मुख जातिको संरक्षणका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्न राज्यलाई निर्दिष्ट गरेको छ। संविधानका भावना लोककल्याणकारिता र सामाजिक न्यामा लक्षित रहेको छ। जसअनुरूप जोखिममा रहेका, अत्यन्त विपन्न र बहिष्करणमा परेका, वृद्ध असहाय, अपाङ्ग, एकल महिला, लोपोन्मुख आदिवासी जनजाति तथा विपन्न नागरिकलाई जिविकोपार्जनमा आइपर्ने जोखिमको सामना गर्न सघाउ पुऱ्याउने दृष्टिकोणले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ। साथै सबै प्रकारको आम्दानीमा एक प्रतिशत सामाजिक सुरक्षा शुल्क असुल गरी बृहत् रूपमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न अवधारणा पनि अघि सारिएको छ, तर यसलाई कार्यान्वयन भने गरिसकिएको छैन। नेपालमा खाद्यान्नमा अनुदान (छानिएका दुर्गम जिल्ला) सम्बन्धित कार्यक्रम, सामाजिक सहायता बीमा (वृद्ध भत्ता, एकल महिला भत्ता, अशक्त भत्ता, लोपोन्मुख आदिवासी भत्ता आदि) रोजगार सुरक्षा योजना, सार्वजनिक निर्माण कार्य (कामका लागि खाद्यान्न), कर्णाली विशेष कार्यक्रम, कर्मचारी सुरक्षा कार्यक्रम, सीप विकास कार्यक्रम, लक्षित कार्यक्रम, सामाजिक विकास कार्यक्रम, सामाजिक समावेशिता (आरक्षण र सकारात्मक विभेद) मार्फत सामाजिक सुरक्षाको सीमित प्रयोग भइरहेको छ। चालु तेह्रौं योजनामा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूलाई एकीकृत र प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याई गरिबी न्यूनीकरण, मानव विकास र सामाजिक न्यायमा सहयोग पुऱ्याउने लक्ष्य राखेको छ।

नेपालमा सामाजिक सुरक्षालाई प्रयोगमा ल्याउन थालिएको थोरै समयमा पनि केही कमजोरीहरू सुधार गर्नु पर्ने आवश्यकता देखिएको छ। जस्तो- सामाजिक सुरक्षाको नीतिगत स्पष्टता छैन, जसले गर्दा सामजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू मिश्रितरूपमा सञ्चालनमा रहँदा राज्यको दायित्व निर्धारणमा समेत समस्या देखिएको छ। खास सूचकहरूभन्दा उभय पक्षको आधारमा कार्यक्रम सञ्चालन भएको पाइन्छ। नगद अनुदान कूल बजेटको एक तिहाइ भए पनि कार्यक्रम सञ्चालन गर्ने निर्दिष्ट जनशक्ति छैन। त्यस्तै यो वितरणमुखी, पूर्तीपक्षीय दृष्टिकोणको हावी र लक्षित वर्ग पहिचानको समस्या पनि देखिएको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई दिइने सुविधा कोटामा आबद्ध गरिएको छ, जसलगर्दा यसको व्यापकता कम हुने गर्दछ। कार्यक्रममा लक्षित वर्गको सरल पहुँच छैन। विश्वासिलो सूचना, सूचना व्यवस्थापन र प्रभावकारी अनुगमन हुन सकेको छैन। त्यस्तै दिन प्रतिदिन बजेटमाथि चाप बढ्दै छ। यसले मुलुकको वित्तीय स्वास्थ्यलाई बिगार्ने संभावना पनि उत्तिकै छ। राज्यको सहयोगका कारण सेवाग्राहीहरूमा (जो काम गर्ने क्षमतामा छन्) आलस्य र निस्क्रिय रहनेसम्भावना छ। विस्तारै परिवर्तन हुँदै गएको जनसाङ्खिक परिवर्तनले थप साधन र क्षमताको माग गर्दछ।

## ६. विद्यमान नीति तथा कानुनहरू

नेपालमा सामाजिक सुरक्षामा प्रतिफलित हुने ऐन, नियमावली वा क्षेत्रगत नीति कार्यक्रमहरू प्रशस्त छन्। वर्तमान तेह्रौं योजनाले सामाजिक संरक्षणको माध्यमबाट गरिबी न्यूनीकरण, मानव विकास र सामाजिक न्यायमा सहयोग पुऱ्याउने उद्देश्य हासिल गर्नका लागि सबै नागरिकहरूका लागि न्यूनतम सामाजिक संरक्षण प्रदान गर्न पूर्वाधार तयार गर्ने, बढी जोखिमको सामना गरिरहेका समुदायहरूलाई पहिले सम्बोधन गर्ने, विद्यमान कार्यक्रमहरूको एकीकरण, सुदृढीकरण तथा सुधार गर्ने र सरकारका प्रयासहरू न्यूनतम सामाजिक संरक्षणको धरातल तयार गर्नमा केन्द्रित गर्दै स्वैच्छिक एवम् योगदानमूलक प्रणालीहरूलाई प्रोत्साहित गर्ने कुरामा जोड दिइएको छ। साथै, अत्यन्त जोखिममा रहेका लोपोन्मुख एवम् सीमान्तकृत समुदायहरू, एचआईभी एड्सबाट प्रभावित बालबालिका र आमाबाबु दुवै गुमाएका बालबालिकालाई क्रमशः कार्यक्रमहरूको सञ्जालभित्र ल्याउने, सामाजिक संरक्षणसम्बन्धी राष्ट्रिय प्रारूपलाई अन्तिम रूप दिने, निजामति कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतलाई प्रदान गरिने निवृत्तिभरण प्रणालीमा पुनरावलोकन र सुधार गर्ने, बहुक्षेत्रीय पोषण योजनाको उद्देश्य हासिल गर्ने, बढ्दो सामाजिक सुरक्षा खर्चलाई धान्नका लागि

वित्तीय सम्भावना र स्रोतहरूको रणनीति तयार गर्ने, सामाजिक सुरक्षा कोषको सुदृढीकरण गरी औपचारिक र अनौपचारिक क्षेत्रलाई लक्षित गरी योगदानमूलक सामाजिक बीमाका कार्यक्रमहरूलाई प्रोत्साहन गर्ने, सामाजिक स्वास्थ्य बीमाका कार्यक्रमहरूलाई अभियानको रूपमा सञ्चालन गर्ने, कृषि र पशुपालनको क्षेत्रमा नवप्रवर्तनशील बीमाका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने जस्ता विभिन्न कार्यनीतिहरू उल्लेख गरेको छ (राष्ट्रिय योजना आयोग, २०१३)।

उल्लेखित परिप्रेक्ष्यमा तल सामाजिक संरक्षणसँग प्रत्यक्ष वा परोक्षसम्बन्धित नीति तथा कानुनहरूको सरसर्ती बिहङ्गावलोकन गरिएको छ। यस प्रयोजनका लागि सामाजिक संरक्षणलाई फराकिलो अर्थमा परिभाषित गरिएको छ जसले आर्थिक जोखिमभन्दा पर पुगेर मानव विकास र सामाजिक रूपान्तरणका मुद्दालाई समेत आत्मसात् गर्दछ। त्यसैले आधारभूत सामाजिक सेवाहरूलाई पनि यसको उपकरणको रूपमा स्वीकार गरिएको छ। यस कार्यलाई सहज बनाउनका लागि यी विभिन्न कानुन तथा नीतिहरूलाई चार समूहमा राखी समीक्षा गर्ने प्रयास गरिएको छः- सामाजिक सहयोगसम्बन्धी, सामाजिक बीमासम्बन्धी, आधारभूत सेवासम्बन्धी र संरक्षणात्मक कानुन तथा नीतिहरू सम्बन्धी।

**(क) सामाजिक सहयोगसम्बन्धी प्रावधानहरू**

नेपालमा सामाजिक हस्तान्तरणका लागि भनेर छुट्टै कानुन बनेको छैन। आर्थिक वर्ष २०५१/५२ देखि बजेट भाषणमार्फत ज्येष्ठ नागरिक, विधवा र अपाङ्गता भएका व्यक्तिलाई नगद हस्तान्तरणको कार्यक्रम ल्याइयो। २०६३ को राजनीतिक परिवर्तनपछि यस कार्यक्रमलाई विस्तार गरी लोपोन्मुख जातजातिहरू, बालबालिकाहरू र ६० मुनिका विधवाहरूलाई पनि समेटिएको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ मा सबै नागरिकहरू र विशेष गरी ज्येष्ठ नागरिक एवम् वञ्चितीकरणमा परेका अन्य व्यक्तिहरूको अधिकार संरक्षणका लागि पृथक कानुनी व्यवस्था हुने, सबै नागरिकहरू समान हुने, लिङ्ग, जातजाति, भाषिक वा धार्मिक आधारमा कुनै विभेद गर्न नहुने, महिला र पुरुषबीचमा पारिश्रमिक वा सामाजिक सुरक्षाको विषयमा विभेद गर्न नपाइने कुरा उल्लेख छ। सबै नागरिकहरूको शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुत्ताको अधिकारको संरक्षण गर्नुपर्ने, सुकुमवासी, हरूवा, चरुवा, र बँधुवा मजदुर लगायत आर्थिक सामाजिकरूपले पछि परेका समुदायका लागि जग्गासहित सामाजिक सुरक्षाको व्यवस्था गर्ने, रोजगारी र आयआर्जन हुने क्षेत्रमा लगानी गर्ने जस्ता काम गर्न राज्यलाई निर्देशित गरेको छ (धारा ३३,नेपालको अन्तरिम संविधान–२०६३)।

ज्येष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षाका लागि बनेको ऐन (२००६) ले ६० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको संरक्षण र सामाजिक सुरक्षाको व्यवस्थाका लागि मार्गदर्शन गर्दछ। दैवी प्रकोप (उद्धार) ऐन, २०३९ ले सरकारलाई दैवी प्रकोपबाट प्रभावित भएकालाई संरक्षण र उद्धार गर्नका लागि कानुनी र संस्थागत ढाँचा प्रदान गर्दछ। सरकारले निश्चित समयसम्म कुनै क्षेत्रलाई दैवीप्रकोप प्रभावित क्षेत्र घोषणा गरी सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूलाई परिचालन गर्न सक्छ। विपत प्रतिकार्यका लागि केन्द्रीय, क्षेत्रीय, जिल्ला, र स्थानीयस्तरमा दैवी प्रकोप उद्धार समिति, केन्द्रीय तहमा आपूर्ति, आवास तथा पुनःस्थापना उपसमिति र राहत तथा उपचार उपसमितिहरू समेत रहेका छन्। विपत व्यवस्थापनसम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रवाह र समन्वयको लागि केन्द्रीय, क्षेत्रीय र जिल्ला तहमा तथा नगरपालिकाहरूमा आपतकालीन कार्यसञ्चालन केन्द्रहरू रहने व्यवस्था छ। दैवी प्रकोप उद्धार कोष र व्यवस्थापन समितिहरू मार्फत व्यवस्थापन र उद्धारका कार्यहरू गर्ने र नगद तथा जिन्सी हस्तान्तरण गर्ने गरिन्छ (गृह मन्त्रालय, २०७०)।

**(ख) सामाजिक बीमासम्बन्धी कानुनी प्रावधानहरू**

निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० ले निजामती सेवामा रहेका व्यक्तिहरूको सेवाका शर्तहरू तोकेका छन्। यस्तै नेपाली सेना, जनपद तथा सशस्त्र प्रहरीहरू, सामुदायिक विद्यालय, महाविद्यालय र विश्वविद्यालयका शिक्षक वा प्राध्यापकहरूको सेवा, सुविधा र सामाजिक सुरक्षाको व्यवस्था गर्ने आ-आफ्नै ऐन र नियमावलीहरू रहेका छन्। कर्मचारी सञ्चयकोष ऐन, २०१९ ले निजामती कर्मचारी, संवैधानिक अङ्गका पदाधिकारीहरू, सार्वजनिक संस्थानका कर्मचारीहरू, प्रहरीहरू, नेपाली सेनाका साथै १० जना वा तीभन्दा बढी कामदारहरू रहेका निजीक्षेत्रका प्रतिष्ठानका कर्मचारीहरूबाट सञ्चय हुन आउने कोषको व्यवस्थापनका लागि संस्थागत आधार तयार गर्दछ। सहकारी ऐन, २०४८ ले विभिन्न प्रकारका सहकारी संस्थाहरू र युनियनहरूको स्थापना र सञ्चालनका लागि आधार प्रदान गरेको छ। यसले सहकारी संस्थाहरूको निर्माण, दर्ता, सदस्यता, कार्यविधिहरूलाई निर्देशित गर्दछ। यस्तै, नेपालमा विस्तारै फस्टाउन थालेको अर्को क्षेत्र हो- बीमा। नेपालमा बीमा क्षेत्रलाई बीमा समितिले नियमन गर्दछ, जसलाई बीमा ऐन, २०४९ ले आधार प्रदान गर्दछ। बीमा समितिले एक स्वायत्त संस्थाको रूपमा बीमा प्रणालीको विकास गर्दछ, र त्यसलाई व्यवस्थित र नियमन गर्दछ। राष्ट्रिय लघुवित्त नीति, २०६४ मार्फत सरकारले लघुबचत, लघुवित्त कार्यक्रमहरूका सम्बन्धमा बढी लचिलो दृष्टिकोण लिएको छ।

**(ग) आधारभूत सेवाहरूसम्बन्धी कानुन तथा नीतिहरू**

स्वास्थ्य र शिक्षा व्यक्ति, परिवार र समुदायको कल्याण र जोखिमको एक प्रमुख पक्ष हो। नेपालको अन्तरिम संविधानमा प्रत्येक नागरिकले राज्यका तर्फबाट कानुनी प्रावधान गरी निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने (धारा १६) र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने (धारा १७) उल्लेख गरिएको भए पनि त्यस्तो कानुनी व्यवस्था भएको पाइदैन। मुलुकी ऐन, २०२० को इलाजको महलले बिरामीलाई उपचार गर्दा अपनाउनुपर्ने सतर्कता, र असावधानीका कारणले क्षति पुग्न गएमा हुने कारबाहीको व्यवस्था गरेको छ। राष्ट्रिय स्वास्थ्य नीति, २०४८ ले निरोधात्मक, उपचारात्मक, प्रवर्धनात्मक र पुनःस्थापनामूलक स्वास्थ्य सेवाको विस्तार एवम् स्तरोन्नति, स्वास्थ्य सेवाप्रदायक संस्था र मानवसाधनको विकास, निःशुल्क आधारभूत स्वास्थ्य सेवा, सङ्गठन र व्यवस्थापनमा सुधार, गैरसरकारी क्षेत्र र विकास साझेदारसँग सहकार्यमा जोड दिएको छ (स्वास्थ्य मन्त्रालय, १९९१)।

**नेपालमा सामाजिक सुरक्षालाई प्रयोगमा ल्याउन थालिएको थोरै समयमा पनि केही कमजोरीहरू सुधार गर्नु पर्ने आवश्यकता देखिएको छ। जस्तो- सामाजिक सुरक्षाको नीतिगत स्पष्टता छैन, जसले गर्दा सामजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू मिश्रितरूपमा सञ्चालनमा रहँदा राज्यको दायित्व निर्धारणमा समेत समस्या देखिएको छ। खास सूचकहरूभन्दा उभय पक्षको आधारमा कार्यक्रम सञ्चालन भएको पाइन्छ। नगद अनुदान कूल बजेटको एक तिहाइ भए पनि कार्यक्रम सञ्चालन गर्ने निर्दिष्ट जनशक्ति छैन। त्यस्तै यो वितरणमुखी, पूर्तिपक्षीय दृष्टिकोणको हावी र लक्षित वर्ग पहिचानको समस्या पनि देखिएको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई दिइने सुविधा कोटामा आबद्ध गरिएको छ, जसलगर्दा यसको व्यापकता कम हुने गर्दछ। कार्यक्रममा लक्षित वर्गको सरल पहुँच छैन। विश्वासिलो सूचना, सूचना व्यवस्थापन र प्रभावकारी अनुगमन हुन सकेको छैन। त्यस्तै दिन प्रतिदिन बजेटमाथि चाप बढ्दै छ। यसले मुलुकको वित्तीय स्वास्थ्यलाई बिगार्ने संभावना पनि उत्तिकै छ। राज्यको सहयोगका कारण सेवाग्राहीहरूमा (जो काम गर्ने क्षमतामा छन्) आलस्य र निस्क्रिय रहने सम्भावना छ। विस्तारै परिवर्तन हुँदै गएको जनसाङ्ख्यिक परिवर्तनले थप साधन र क्षमताको माग गर्दछ।**

गाविसहरूलाई गाउँस्तरीय स्वास्थ्य केन्द्रको सञ्चालन र व्यवस्थापन एवम् स्वास्थ्य शिक्षा, सरसफाई, परिवार नियोजन, खोप र पोषणका लागि जिम्मेवार बनाइएको छ।

तेह्रौं योजनाले आधारभूत र स्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको समतामूलक पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। शिक्षा सेवातर्फ सबै तहको शिक्षामा समतामूलक पहुँच र गुणस्तरमा अभिवृद्धि गर्ने कुरामा जोड दिइँदै आएको छ। नेपाल सरकारले आधारभूत तह (कक्षा १ देखि ८) सम्म नि:शुल्क शिक्षा र पाठ्यपुस्तक प्रदान गर्दै आएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐनबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गठन गरी रोजगार र स्वरोजगारमूलक तालिमहरू प्रदान गरिरहेको छ। शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ ले विशेष शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा र दूर शिक्षाका माध्यमबाट शिक्षाका अवसरमा वृद्धि र समावेशीकरणमा जोड दिँदै साक्षरोत्तर कक्षाहरू र निरन्तर सिक्ने वातावरण दिन खोजेको पाइन्छ। विशेष शिक्षा परिषद् गठन गरी आवश्यक वित्तीय साधनहरूको व्यवस्था मिलाउने र विशेष शिक्षाका लागि सामुदायिक विद्यालयलाई आर्थिक अनुदान दिने जस्ता व्यवस्था भएको पाइन्छ। यस्तै व्यवस्था छात्रवृत्ति ऐन, २०२१ तथा नियमावली २०६० ले पनि महिला, आदिवासी जनजाति, विपन्न समुदाय, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, र पिछडिएको दुर्गम क्षेत्रका बासिन्दाहरूलाई आरक्षणको व्यवस्था गरेको छ। बहिष्करणमा परेका समुदायलाई नै मुख्य भूमिका प्रदान गर्दै उनीहरूलाई विकासको मूलप्रवाहमा ल्याउने र सरकारको गरिबी न्यूनीकरण गर्ने उद्देश्यलाई सघाउन २००४ मा अध्यादेशबाट गरिबी निवारण कोषको स्थापना भएको छ। यसप्रकार सामाजिक सेवाहरूको क्षेत्रमा नीति र कानुनहरूको कमी देखिँदैन।

**(घ) संरक्षणात्मक कानुन तथा नीतिहरू**

संविधान अनुसार कुनै पनि बालबालिकालाई कारखाना, खानी वा यस्तै जोखिमयुक्त स्थानमा काममा लगाउन वा प्रहरी, सेना वा द्वन्द्वमा संलग्न गर्न नपाइने प्रावधान गरिएको छ (धारा २२)। त्यस्तै, कुनै पनि व्यक्तिलाई परम्परा, रीतिरिवाजको नाममा शोषण गर्न नहुने, जबरजस्ती काममा लगाउन नहुने र बेचबिखन गर्न, दास वा बाँधा बनाउन नहुने व्यवस्था छ (धारा २९)। कुनै पनि श्रमिकलाई कानुनबमोजिम सङ्गठित भइ आफ्नो हक हितको संरक्षणका लागि सामूहिक सौदाबाजीमा सहभागी हुने अधिकार छ (धारा ३०)। मुलुकी ऐन, २०२० को ज्याला मजदुरीको महलमा कसैलाई निजको मञ्जुरीबेगर कुनै काम लगाउन नहुने, मञ्जुरीबिना काम लगाएमा वा ज्याला मजदुरी नदिएमा ज्याला मजदुरी भराई सजाय र जरिवाना हुने व्यवस्था छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ निजामती सेवा ऐन तथा सम्बद्ध नियमावली, प्रहरी ऐन तथा नियमावली, २०४९ लगायतले कर्मचारीको सेवाको सुरक्षा गर्नुका साथै उनीहरूको लागि तलबसहितको बिदा, औषधोपचार, वर्षमा एक पटक चाडपर्व खर्च, सञ्चयकोष, उपदान, तलबसहितको प्रसुति बिदा, तथा पेन्सन लगायतका विभिन्न प्रावधानहरू गरेको छन्। ऐतिहासिक रूपमा सीमान्तकृत समुदायलाई मर्यादित कामका अवसर प्रदान गर्नका लागि महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्रका बासिन्दालाई सरकारी रोजगारीमा ४५ प्रतिशत आरक्षण गर्ने व्यवस्था छ। श्रम ऐन, २०४८ र श्रम नियमावली, २०५० ले श्रमका मापदण्डहरूको निर्धारण, सामूहिक सौदाबाजीलगायतका अधिकार एवम् कल्याणकारी र न्यूनतम पारिश्रमिक तोक्ने प्रावधानहरू राखेको छ।

श्रम तथा रोजगार नीति, २०६२ ले लगानी मैत्री वातावरणा सिर्जना गरी रोजगारीका अवसर सिर्जना गर्ने, बाँधा श्रमलगायत बाध्यकारी श्रम अभ्यासलाई उन्मूलन गर्ने, अनौपचारिक क्षेत्रलाई समेत समेट्ने गरी एकीकृत सामाजिक सुरक्षा पद्धतिको विकास गर्ने, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको प्रवर्धन गर्ने, रोजगारीमा महिला, दलित, विस्थापितको पहुँच सुनिश्चित गर्ने, श्रमलचकता र सामाजिक सुरक्षालाई सन्तुलित रूपमा अघि बढाउने, अनौपचारिक क्षेत्रलाई समेट्न संस्थागत, प्रक्रियागत र संरचनागत विकास गर्ने र सामाजिक सुरक्षा प्रणालीलाई त्रिपक्षीय योगदानमा आधारित बनाउने कुरामा जोड दिएको छ। यातायात व्यवस्था ऐन, २०४९ र नियमावली,

२०५४ले वाहनको धनीले सवारी चालक लगायतका स्टाफहरूको बीमा गर्नुपर्ने व्यवस्था गरेको छ। वैदेशिक रोजगार नीति, २०६८ र वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार प्रक्रियामा जोखिमहरूको न्यूनीकरण गर्ने, सीप प्रदान गरी वैदेशिक रोजगारमा पठाउने, ठगी, मानवतस्करी र बेचबिखनलाई नियन्त्रण गर्ने, वैदेशिक रोजगार कल्याणकारी कोषलाई कामदार कल्याणका लागि अधिकतम रूपमा परिचालन गर्नेलगायत महिलाहरूका लागि सहुलियत पूर्ण ऋण उपलब्ध गराउने, विप्रेषणको प्रभावकारी उपयोग गर्ने उल्लेख छ। ट्रेड युनियन ऐन, २०४९ ले कामदार तथा कर्मचारीहरूलाई सङ्गठित हुन, सामूहिक सौदाबाजी गर्न र कामदारका हितमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न समर्थ बनाउँछ। अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र कल्याणका लागि बनेको ऐन (२०३९) ले सरकारलाई अपाङ्गता भएका व्यक्तिका लागि तालिम तथा रोजगारीका अवसरहरू प्रदान गर्न निर्देशन गर्दछ र कुनै पनि व्यक्तिलाई अपाङ्गताको आधारमा रोजगारीमा विभेद गर्नबाट निषेध गर्दछ। संविधानतः कुनै पनि व्यक्तिलाई कानुनबमोजिम बाहेक वा क्षतिपूर्ति नदिई उसको सम्पतिबाट बेदखल गर्न नहुने (धारा १९) व्यवस्था छ। बालबालिकासम्बन्धी ऐन, २०४८ र नियमावलीले बालबालिकाको शिक्षा र स्वास्थ्यका लागि मातापितालाई जिम्मेवार बनाएको छ। मुलुकि ऐन, २०२० को गरिब कंङ्गालको, लोग्ने स्वास्नीको, अंशवण्डाको, स्त्री धनको, कुटपिटको लगायत विभिन्न महलहरूमा सामाजिक संरक्षणलाई प्रत्यक्ष र अप्रत्यक्षरूपमा प्रभावित पार्ने विभिन्न प्रावधानहरू रहेका छन्।

## ७. कार्यान्वयन र परिणामको सङ्क्षिप्त झलक

कार्यक्रमहरू नै नीति र कानुनहरूको कार्यान्वयनका बाहकहरू हुन्। यसरी हेर्दा सङ्ख्याका आधारमा कार्यक्रमहरूको कमी देखिँदैन। तर, तिनको पहुँच, तिनबाट प्राप्त हुने सुविधाको पर्याप्तताका बारेमा असन्तोषका स्वर पनि सुनिने गरेका छन्। विश्व बैङ्कले सन् २००९ मा नौ जिल्लामा गरेको अध्ययनबाट के देखिएको छ भने अझै पनि ग्रामीण क्षेत्रमा सङ्कट र झट्काहरूको सामना गर्ने तरिकाहरू अनौपचारिक नै बढी छन्। समस्याका बेला परिवारजन, मित्रहरू र सामाजिक सञ्जालहरू नै सहयोगका लागि अघि आउँछन्। सर्वेक्षणको अघिल्लो वर्षमा एकप्रतिशत भन्दा कम मानिसहरूले विपदका बेला सरकारको सहयोग प्राप्त गरेको पाइयो। विपदको सामना गर्ने संयन्त्रहरू पनि भौगोलिक क्षेत्र, जातजाति, र आर्थिक हैसियतका आधारमा फरक हुने गरेको पाइयो (विश्व बैङ्क, २०११)। सामान्यतः ज्येष्ठ नागरिकहरूले सरकारबाट प्राप्त भत्ताको प्रशंसा गरेको पाइन्छ।

हाम्रा सामाजिक हस्तान्तरणका अधिकांश कार्यक्रमहरूको मुख्य विशेषता के हो भने यी भौगोलिक र सम्वर्गीय आधारमा लक्षित भएका छन् र निशर्त छन्। जसअनुसार लक्षित विशेषता भएका ( भौगोलिक क्षेत्र, जाति, उमेर समूहमा पर्ने) सबै व्यक्ति त्यसमा सहभागी हुन पाउँछन् चाहे ती गरिब हुन वा धनी। कामका लागि खाद्यान्न, विद्यालयमा दिवा खाजा कार्यक्रम जस्ता कार्यक्रमहरू भौगोलिक आधारमा लक्षित हुन्। खास गरी सार्वजनिक निर्माणका कार्यक्रमहरू र यस प्रकारको भौगोलिक पद्धति विपन्नहरू केन्द्रित रहेको क्षेत्रमा पुग्न सहायक सिद्ध भएको पाइन्छ। शिक्षातर्फ हेर्ने हो भने प्राथमिक विद्यालयमा खुद भर्नादर ९५.३ पुगेको छ। झण्डै ९५ प्रतिशत प्राथमिक विद्यालयहरू ३० मिनेटको दूरीमा रहेका छन् (विश्व बैङ्क, २०१३)। भौगोलिक बनौट र निःशुल्क सरकारी शिक्षाको दृष्टिले यो ठूलो उपलब्धि हो। विद्यालय तहको शिक्षामा लैङ्गिक समता सूचक समदरमा पुगेको छ।

नेपालमा ७८ प्रतिशत घरपरिवारहरू आधाघण्टाको समयमा सरकारी वा निजी स्वास्थ्य संस्थामा पुग्न सक्दछन्। स्वास्थ्य क्षेत्रमा कूल गार्हस्थ उत्पादनको पाँच प्रतिशत लगानी हुँदै आइरहेको छ। तर आय र स्वास्थ्य सेवाको उपयोगबीच बलियो सहसम्बन्ध रहेको छ ( विश्व बैङ्क, २०१३)। स्वास्थ्य क्षेत्रमा तत्काल पकेटबाट तिर्नुपर्ने रकमको अनुपात ५५ प्रतिशतभन्दा बढि भएको कारणले गर्दा मानिसहरू र विशेष गरी विपन्न समुदायले स्वास्थ्य सेवाको उपयोग गर्न हिचकिचाउने गरेका छन्। प्रजनन स्वास्थ्य सेवा र बच्न सकिने रोगका विरुद्ध खोप कार्यक्रमहरूको आवृतिमा प्रगति भएको पाइन्छ। पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रति हजारमा ६१ (२००६) बाट घटेर ५४ पुगेको छ (२०११) भने सोही अवधिमा शिशु मृत्यु दर प्रतिहजारमा ४८ बाट घटेर ४६ पुगेको छ। मातृ मृत्युदरतर्फ प्रति एक लाख जन्ममा २सय ८१ बाट घटेर २ सय २९ पुगेको छ।

गरिबी निवारण कोष २०,२६८ विपन्नहरूको सामुदायिक सङ्गठनहरूमार्फत ४० जिल्लाका जम्मा १ हजार ६ सय ८१ गाविसहरूको ६ लाख २२ हजार ४ सय ३९ घर परिवारमा पुगेको छ। यसले विपन्न र सीमान्तकृत समुदायमा आय आर्जनका अवसर बढाउनका लागि कृषि, पशुपालन, लघु उद्यमहरू, व्यापार र सीपमा आधारित सेवाहरू, लघुसिचाइँ, गोरेटो तथा लिङ्करोड, लघु जलविद्युत, पानी मिल, सरसफाई, सामुदायिक निर्माणजस्ता स्थानीय पूर्वाधार निर्माणका कार्यहरू गरिरहेको छ (गरिबी निवारण कोष, २०१२)। यी उपलब्धिहरू विगत दुई दशकको राजनीतिक अस्थिरता र एक दशक लामो सशस्त्र द्वन्द्वको भएकै अवस्थामा प्राप्त भएका हुन्।

## ८. सामाजिक सुरक्षामा देखिएका समस्याहरू

प्रायः सबैजसो अध्ययनले सामाजिक संरक्षणको क्षेत्रमा नीतिगत तथा संस्थागत अन्यौल विद्यमान रहेको र व्यवस्थित नीति निर्माण गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ (रायोआ, २०१२, विश्व बैङ्क, २०११, उप्रेती, २०१०)। त्यस्तै, कार्यान्वयन पक्षका आफ्ना समस्याहरू छन्। विभिन्न निकायहरूमार्फत छरिएर र कतिपय स्थितिमा दोहोरिएर कार्यक्रमहरू जाँदा खर्चको दक्षता र प्रभावकारीतामा प्रतिकुल असर परेको छ। जवाफदेहिता, पारदर्शिता, दूर-दराजमा रकमको सुरक्षा र लक्षित समुदायमा पहुँचको दृष्टिले विभिन्न कमजोरीहरू विद्यमान छन् ( रायोआ, २०१३)। बाँड्नलाई प्रर्याप्त हुने गरी बजेट विनियोजन नहुने र अप्रत्यक्ष रासनिङको स्थिति विद्यमान रहेको, एकीकृत र एकद्वार प्रणालीको विकास हुन नसकेको, सूचना, अनुगमन र मूल्याङ्कन प्रणाली कमजोर रहेको जस्ता कमीकमजोरीहरू देखिएका छन्। सामाजिक संरक्षणका नीति, कानुन र कार्यक्रमहरूको प्रभावकारिताको

मापन तिनको सङ्ख्याको आधारमा होइन कि तिनले प्रदान गर्ने लाभको आकार र गरिबी तथा जोखिम न्यूनीकरणमा तिनले निर्वाह गर्ने वास्तविक भूमिकाका आधारमा गर्नुपर्ने हुन्छ।

## ९. भावी कार्यदिशा

सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय ढाँचाको तर्जुमा र कार्यान्वयन गर्नेः सामाजिक सुरक्षासम्बन्धी उल्लेख गरिएका प्रश्नहरूको समेत समाधान गर्ने गरी परिभाषा, प्राथमिकीकरण, सामाजिक संरक्षणको न्यूनतम धरातल, वित्तीय, संस्थागत, कार्यान्वयन र समन्वयका रणनीतिहरू र लक्षित गर्ने पद्धतिका बारेमा समेत नीतिगत प्रष्टता आउने गरी सामाजिक संरक्षणको राष्ट्रिय ढाँचा निर्माण हुनु आवश्यक छ।

## १०. निष्कर्ष

उपरोक्त चर्चाबाट के देखिन्छ भने नेपालमा सामाजिक सुरक्षाको उद्देश्यलाई सघाउने धेरै नीति, कानुन र कार्यक्रमहरू निर्माण र कार्यान्वयन भइरहेका छन्। आवधिक योजनामा पनि सामाजिक संरक्षणसम्बन्धी पृथक अध्याय थपिएको छ र शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, स्थानीय विकासजस्ता प्रायः सबै सम्बन्धित विषयगत क्षेत्रहरूका नीति, कानुन र कार्यक्रमहरूमा प्रत्यक्ष वा परोक्ष सामाजिक संरक्षणका प्रावधानहरू समावेश हुँदै गइरहेका छन्। विकास भएका र उपलब्ध प्रायः सबै उपकरणहरू प्रयोगमा आइसकेका छन्। बहुक्षेत्रीय दृष्टिकोणबाट यस मुद्दालाई सम्बोधन गर्न खोजिएको छ र सामाजिक संरक्षणको जालोको विस्तार भइरहेको छ। तर यसक्षेत्रलाई दिशानिर्देश गर्ने वा समन्वय गर्ने कुनै निर्देशक नीति, कानुन वा संयन्त्र बिना नै प्रत्येक आर्थिक वर्षमा तर्जुमा गरिने बजेट वक्तव्यमार्फत टुक्रे आधारमा नीति तथा कार्यक्रमहरू थपिने गरेका छन् र यी कार्यक्रमहरू कम्तीमा आठ मन्त्रालय, कोषहरू, र विभिन्न गैरसरकारी संस्थाहरू मार्फत सञ्चालित छन्। तसर्थ, यी सबैको समन्वय नै यसको उत्तम विकल्प हो।

सामाजिक सुरक्षा र संरक्षण सार्वजनिक दायित्व र प्राथमिकताको क्षेत्र हो। नेपालमा विगतका दिनमा सामाजिक सुरक्षातर्फ सरकारी, अर्द्धसरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष तरिकाबाट सामाजिक सुरक्षाका क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। आन्तरिक द्वन्द्व र मानवीय एवम् प्राकृतिक प्रकोपका कारण महिला, बालबालिका, बृद्ध एवम् अशक्तमा जीवन यापनका जोखिमहरू बढ्दै गएका छन्। बढ्दो खाद्य असुरक्षा र जानसाङ्ख्यिक परिवर्तनले पनि सामाजिक सुरक्षाको थप चाप सिर्जना गरिरहेको छ भने यसलाई वित्तीयरूपमा कसरी दिगो बनाउने भन्ने समस्या पनि टड्कारो देखिएको छ। यसरी हेर्दा संविधानले निर्दिष्ट गरेबमोजिमका सामाजिक संरक्षणका कार्यक्रमहरूलाई व्यवस्थित गर्नका लागि प्रष्ट एकीकृत नीतिगत र कानुनी आधारहरू तयार गर्नु पर्ने देखिन्छ। मुलुकमा सामाजिक संरक्षणको पक्षमा बलियो जनमत बनिरहेको छ र प्रमुख राजनीतिक दलहरू तथा नीति निर्माताहरूमा पनि यसका आधारभूत तत्वहरूका बारेमा सहमति बन्दै गैरहेको स्थिति छ। यस सन्दर्भमा आत्मनिर्भरता र स्वावलम्बनमा आधारित सामाजिक समर्थन प्रणालीहरूलाई प्रवर्धन गर्दै लैजान सक्ने हो भने राज्यमाथिको दायित्वलाई कम बोझिलो गर्न मद्दत मिल्छ।

**नेपालमा ७८ प्रतिशत घरपरिवारहरू आधाघण्टाको समयमा सरकारी वा निजी स्वास्थ्य संस्थामा पुग्न सक्दछन्। स्वास्थ्य क्षेत्रमा कूल गार्हस्थ उत्पादनको पाँच प्रतिशत लगानी हुँदै आइरहेको छ। तर आय र स्वास्थ्य सेवाको उपयोगबीच बलियो सहसम्बन्ध रहेको छ (विश्व बैङ्क, २०१३)। स्वास्थ्य क्षेत्रमा तत्काल पकेटबाट तिर्नुपर्ने रकमको अनुपात ५५ प्रतिशतभन्दा बढि भएको कारणले गर्दा मानिसहरू र विशेष गरी विपन्न समुदायले स्वास्थ्य सेवाको उपयोग गर्न हिचकिचाउने गरेका छन्। प्रजनन स्वास्थ्य सेवा र बच्न सकिने रोगका विरुद्ध खोप कार्यक्रमहरूको आवृतिमा प्रगति भएको पाइन्छ।**

समतामूलक पहुँचको दृष्टिले पनि सामाजिक संरक्षणका कार्यक्रमहरू सान्दर्भिक र प्रभावकारी देखिएका छन्। सामाजिक हस्तान्तरणका कार्यक्रमहरू, छात्रवृत्तिहरू र आधारभूत सेवाहरूलाई विपन्नमुखी, समावेशी र समतामुलक बनाउनेतर्फ पनि नीतिगत कानुनी र कार्यक्रमगत रूपमा प्रयास अघि बढिरहेको पाइन्छ। वर्तमान कार्यक्रमहरूको बनौट र मिश्रण हेर्दा सामाजिक संरक्षणको न्यूनतम धरातल स्थापना गर्नका लागि राम्रो आधारभूमि खडा भएको देखिन्छ। त्यसैले नेपालमा बिल्कुलै शून्यबाट शुरु गर्न पर्दैन र विद्यमान कार्यक्रमहरूमध्ये नै प्राथमिकीकरण गरी सो धरातलमा राख्न सकिन्छ।

## सन्दर्भसामग्री :


ADB.2004. *Social Protection Study Nepal*: Final Report. Asian Development Bank.

Central Bureau of Statistics. 2011. *Nepal Living Standard Survey 2011*. Kathmandu: Central Bureau of Statistics.

DFID, 2006. *Using social transfers to improve human development. Social Protection Briefing Series*. No. 3 GoN. 1991. National Health Policy. Government of Nepal.

GoN. 2012. *"National Plan of Action for Children 2005-2015"*. Government of Nepal.

ILO. 2010. World Social Security Report 2010/2011: *Providing Coverage in Time of Crisis and Beyond.* Geneva: International Labor Organization.

*Demographic and Health Survey 2011*. Kathmandu: Ministry of Health and Population, New Era and ICF International.

National Planning Commission. 2013. *Teheraun Yojanako Aadharpatra.* Kathmandu: National Planning Commission.

The World Bank. 2013. *Nepal Report on Human Development: Access, Equity, and Quality in the Education, Health and Social Protection Sectors.* The World Bank Human Development Unit, South Asia Region.

# नेपालमा प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षा



– नारायणप्रसाद शर्मा
शाखा अधिकृत, महान्यायाधिवक्ताको कार्यालय

**(क) प्रेस स्वतन्त्रताको अवधारणा**

प्रेसलाई सरल अर्थमा अखबार वा छापाको रूपमा बुझ्ने गरिए तापनि सूचना प्रविधि एवम् सञ्चार क्षेत्रमा भएको विकाससँगै रेडियो, टिभी, अनलाइन पत्रिका र अन्य डिजिटल प्रारूपका सञ्चार माध्यमहरूलाई समेत प्रेसको बृहत् परिभाषाभित्र राखिएको छ। प्रेसको कर्तव्य आमजनतासम्म सत्य तथ्य समाचार सम्प्रेषण गरी तिनीहरूलाई सुसूचित गर्दै स्वस्थ जनमत निर्माण गर्नु हो। यस्तो गहन जिम्मेवारीलाई निर्वाधसम्पन्न गर्न सबै लोकतान्त्रिक शासन व्यवस्थाहरूमा प्रेसकर्मीहरूलाई विशेष अधिकार, सुरक्षा र सहुलियत प्रदान गरिएको हुन्छ, जसलाई समग्रतामा प्रेस स्वतन्त्रता भनिन्छ। सूचना र अभिव्यक्तिको हक प्रेसको लक्ष्य हो भने प्रेस स्वतन्त्रता त्यहाँसम्म पुग्ने मार्गचित्र। लोकतान्त्रिक व्यस्थामा संविधान र कानुनमै व्यवस्था गरेर संस्थागत संरचनासहित प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको हुन्छ। लोकतन्त्र, मानवअधिकार र विधिको शासनको स्थापना एवम् निरन्तरताका लागि प्रेस स्वतन्त्रता पूर्वशर्त हो। साथै, यो वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको संवाहक र परिपूरक दुवै हो।

प्रेस स्वतन्त्रताको परिभाषा गर्ने क्रममा Merriam Webster Dictionary लेखिएको छ : किताब, पम्प्लेट, समाचारपत्र वा पत्रपत्रिका गाली बेइज्जती, राज्यद्रोह र अश्लीलताविरुद्धका प्रचलित कानुनमात्र लागु हुने गरी बिना कुनै नियन्त्रण वा काँटछाँट प्रकाशन गर्न पाउने अधिकार नै प्रेस स्वतन्त्रता हो। Oxford Learner's Dictionary का अनुसार प्रेसमा समाचार र विचारहरू सरकारले हटाउन नसक्ने गरी प्रकाशन गर्न पाउने अधिकार नै प्रेस स्वतन्त्रता हो। Prof. Robert L. Stevenson ले आफ्नो पुस्तक Global Communication in the 21st Century मा : *सरकारको पूर्व बन्देज वा अनुमतिबिना र प्रकाशनपछि पनि कानुन उल्लङ्घन भएको ठहरिएमा सीमित कानुनी दायित्वमात्र सृजना हुने गरी बोल्ने, प्रसारण वा प्रकाशन गर्न पाउने अधिकार नै प्रेस स्वन्त्रता हो,* भनी अर्थ्याएका छन्। यस अर्थमा सरकारको हस्तक्षेप बिना (जस्तैः अमेरिका) वा न्यूनतम हस्तक्षेपमा (जस्तै : बेलायत) सूचना र अभिमतहरू प्रकाशन एवम् प्रसारण गर्न पाउने हक नै प्रेस स्वतन्त्रता हो।

**(ख) प्रेस स्वतन्त्रताका घटकहरू**

प्रेस स्वतन्त्रता कुनै भौतिक वस्तु नभएर एक सिद्धान्त वा अनुभूति गर्ने मान्यता भएको हुँदा विभिन्न घटकहरू मिलेर यसले पूर्णाकार ग्रहण गर्दछ। जस्तै :

- सरकार, व्यवसाय र जनताको बारेमा सूचनामा औचित्यपूर्ण पहुँच,
- प्रतिउत्तर दिने वा सच्याउन पाउने अधिकार,
- सञ्चार माध्यम स्वयंमा पहुँच राख्न पाउने नागरिकको अधिकार र
- पत्रकारहरूका लागि केही कुरामा विशेष कानुनी र भौतिक सुरक्षा।

वस्तुतः प्रेस स्वतन्त्रता निरपेक्ष नभई सापेक्षिक अधिकार हो। तर यो राज्यविरुद्ध नागरिकहरूलाई प्राप्त सर्वोच्च स्वतन्त्रताहरूमध्ये एक हो। अतः स्वतन्त्र, सबल, कल्याणकारी र कानुनी राज्यको निर्माणका लागि प्रेस स्वतन्त्रता महत्वपूर्ण खुराक हो। साथै, यो कुनै पनि आधुनिक राज्यको नरम शक्ति (Soft Power) पनि हो। सैन्य शक्तिमा अमेरिकाभन्दा शक्तिशाली रहे तापनि शीतयुद्धमा सोभियत सङ्घको हार हुनुमा त्यहाँ रहेको न्यून प्रेस स्वतन्त्रता पनि एक कारक मानिन्छे।

**(ग) विश्वमा प्रेस स्वतन्त्रताको अवस्था**

सीमाविहीन संवाददाता (Reporters without Borders) नामक पत्रकारहरूको अन्तर्राष्ट्रिय संस्थाले सार्वजनिक गरेको विश्व प्रेस स्वतन्त्रता सूचकाङ्क (World Press Freedom Index), २०१४ का अनुसार विगत लगातार चार वर्षदेखि फिनल्याण्ड विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा प्रथम स्थानमा रहेको छ। दोस्रो र तेश्रो स्थान क्रमशः नेदरल्याण्ड्स र नर्वेले पाएका छन्। यी मुलुकहरू प्रेस स्वतन्त्रताको उपयोग र संरक्षणमा अब्बल देखिएका छन्। त्यसै गरी सोही सूचकाङ्कमा सबैभन्दा तल्लो स्थान इरिट्रियाको रहेको छ। त्यसपछिको खराब स्थानमा तुर्कमेनिस्तान र उत्तर कोरियाको रहेका छन्। यी तीन ओटा मुलुकमा सूचनाको स्वतन्त्रता छँदै छैन भन्दा पनि हुन्छ।

हाम्रो देशको सन्दर्भमा सन् २०१३ को विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा कुल १७९ मुलुकहरूमध्ये नेपालको स्थान १ सय १८ औं रहेको थियो। सन् २०१४ मा कुल १ सय ८० मुलुकहरूमध्ये नेपाल दुई खुड्किलो तल झर्दै १ सय २० औं स्थानमा रहेको छ। सार्क राष्ट्रहरूमध्ये भूटान र माल्दिभ्समात्र नेपालभन्दा अगाडि रहेका छन्।सन् २०१४ को प्रतिवेदनमा २०१३ को र २०१३ को प्रतिवेदनमा २०१२ को अवस्था चित्रण समावेश गरिएको हुन्छ।

**(घ) प्रेस स्वतन्त्रता र नेपाल**

नेपालमा प्रेस स्वतन्त्रताको स्थितिलाई निम्नलिखित चार ऐतिहासिक कालखण्डमा

विभाजन गरी अध्ययन गर्न सकिन्छ :

**(अ) राणाकाल (वि.सं १९०३-२००७)**

तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.सं १९०६/०७ को युरोप भ्रमणबाट फर्किंदा त्याहाँबाट एक प्रेस पनि सँगै ल्याएका थिए ताकि नेपाली प्रकाशनहरू मुलुकभित्रै छाप्न सकियोस्। गिद्ध आकारको रहेको हुँदा नेपालको यो पहिलो छापाखाना गिद्धे प्रेसको नामबाट चिनिन्छ। विसं १९०८ सालदेखि यो आदिम प्रेस सञ्चालनमा आयो। देव शमसेरले सरकारी मुखपत्रको रूपमा १९५८ वैशाख २४ गतेदेखि गोरखापत्रको प्रकाशन आरम्भ गराए। नेपाली रचना र श्रष्टाहरूको खोजी गरी तिनलाई देशभित्रै प्रकाशन गर्ने उद्देश्यले चन्द्रशमसेरले १९६९ सालमा गोरखा भाषा प्रकाशिनी समितिको गठन गरे। यी केही सकारात्मक कामका बावजुद राणाकालमा प्रेसको विकास र प्रेस स्वतन्त्रताको प्रवर्धन दुवै भएको थिएन। गोरखापत्रले राणा शासन र शासकहरूको मात्र प्रशस्ती गाउँथ्यो। धार्मिक, साहित्यिक, नैतिक रचनाहरू लेख्न र छाप्न पाइने भए तापनि तीमार्फत राजनीतिक मुद्दा उठाउन वर्जित थियो। नेपाली भाषाको पहिलो पत्रिकाको रूपमा गङ्गाप्रसादले सम्पादन गरेको *गोर्खेखबर कागज* नामक मासिक पत्रिकालाई लिइन्छ जसको छपाइ भारतमा हुन्थ्यो। नेपालमै छापिने पहिलो पत्रिकाको रूपमा *सुधासागर*को प्रकाशन १९५५ सालदेखि शुरु भयो। राणाकालमा अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको बन्देजलाई छल्न मोतिराम भट्टले भारत, बनारसबाट *गोरखा भारत जीवन* नामक समाचारपत्रको प्रकाशन थाले। पहिलो साहित्यिक पत्रिकाको रूपमा *शारदा* निस्किन थाल्यो। २००६ सालमा रेडियो सञ्चालनको तयारीस्वरूप मोहन आकाशवाणीको गठन भयो। तथापि, पुस्तकालय खोल्न चाहने युवाहरूलाई जरिवाना तिराउने (१९८७ साल), असन, इन्द्रचोकमा पर्चा बाँडेको र जागरणमुखी भाषण गरेको भनेर शुक्रराज शास्त्री र गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिने (१९९७ साल), *मकैको खेती* नामक पुस्तक लेखेकोमा सुब्बा कृष्णलाल अधिकारीलाई जेल हाल्ने (१९७७ साल), जयतु संस्कृतम् आन्दोलनको दमन गर्ने (२००४ साल) आदि मानक घटनाहरूबाट तत्कालीन जहाँनिया राणा शासन फरक मत, प्रेस र अभिव्यक्ति स्वतन्त्रताप्रति असहिष्णु थियो भनी सहजै ठहर गर्न सकिन्छ।

**(आ) सङ्क्रमणकाल (वि.सं २००७-२०१६)**

नेपालको इतिहासमा २००७ देखि २०१६ सालसम्मको अवधिलाई चरम राजनीतिक अस्थिरता र सङ्क्रमणको कालखण्डको रूपमा लिइन्छ जसको प्रभाव प्रेस स्वतन्त्रतामा समेत पऱ्यो। यो १० वर्से अवधिमा तीन ओटा संविधान घोषणा गरिए, दुई ओटा लागु भए र छ जना सरकार प्रमुख परिवर्तन भए। स्वतन्त्र राजनीतिक टिप्पणी गर्न पाउने गरी दैनिक पत्रिकाको प्रकाशन राणा शासनको समाप्तिपछिमात्र सम्भव भयो। सिद्धिचरण श्रेष्ठको सम्पादकत्वमा नेपालको पहिलो दैनिक पत्रिकाको रूपमा *आवाज* दैनिको प्रकाशन २००७ साल फाल्गुण ८ देखि आरम्भ भयो। यतिञ्जेल नेपालमा प्रेसको रूपमा अखबार वा छापामात्र रहेकोमा २००७ चैत्र २० देखि पहिलो श्रव्य, विद्युतीय सञ्चार माध्यमको रूपमा रेडियो नेपाल अस्तित्वमा आयो। नेपाल सरकारको वैधानिक कानुन २००४ को धारा ४ र नेपालको अन्तरिम शासन विधानको धारा १७ मा वाक् स्वतन्त्रताका प्रावधान राखिए तापनि तिनको प्रभावकारी प्रचलन हुन सकेन।

**(इ) निर्दलीय पञ्चायतकाल**
**(वि.सं २०१७-२०४६)**

२०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले विश्वेश्वरप्रसाद कोइरालाको जननिर्वाचित सरकारलाई अपदस्थ गरी, नेता र मन्त्रीहरूलाई बन्दी बनाएपछि २०१७ साल पुस २२ गते मुलुकमा निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा गरियो। तानाशाही व्यवस्था सुहाउँदो नेपालको संविधान, २०१९, पुस १, २०१९ मा जारी गरियो। उक्त संविधानको धारा ११ मा स्वतन्त्रताको अधिकार शीर्षकमा सबै नागरिकहरूलाई अन्य अधिकारका अतिरिक्त वाक् तथा प्रकाशन स्वतन्त्रतासमेत रहने भनी तोकिएको थियो। तर, धारा १७ मा सार्वजनिक हितका लागि मौलिक हकहरूको उपयोगमा बन्देज लगाउन सकिने भनी व्यवस्था गरिएबाट सो स्वतन्त्रता अधिकारको रूपमा भन्दा पनि राज्यको अनुग्रह र छनौटमा निर्भर रह्यो। यस अवधिमा २०१७ फागुन ७ देखि गोरखापत्र दैनिक रूपमा प्रकाशन हुन थाल्यो। सरकारी क्षेत्रको पहिलो अङ्ग्रेजी समाचारपत्रको रूपमा राइजिङ नेपालको प्रकाशन २०२२ सालदेखि शुरु भयो। सरकारी समाचारदातृ संस्थाको रूपमा राष्ट्रिय समाचार समितिको स्थापना २०१९ सालमा भयो। विक्रम सम्वत् २०२८ सालमा नेपालमा कम्प्युटरको प्रयोग थालियो। २०४२ साल पुस १९ बाट श्रव्य दृश्य विद्युतीय सञ्चार माध्यमको रूपमा नेपाल टेलिभिजनको प्रसारण आरम्भ भयो। यस अवधिमा सरकार नियन्त्रित सञ्चार माध्यम (गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजन) को बोलबाला रह्यो भने निजी क्षेत्र छापामा मात्र सीमित रहे पनि सरकारी सञ्चार माध्यमभन्दा सशक्त र प्रभावोत्पादक थियो। निजी क्षेत्रको पत्रकारिता निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य गरी प्रजातान्त्रिक एवम् प्रगतिशील बहुदलीय शासन व्यवस्थाको पुनर्स्थापनाको अभियानमा केन्द्रित थियो। वस्तुतः २०४६ सालको राजनीतिक परिवर्तन हुनुमा निजी क्षेत्रका अखबारहरूको अत्यन्त सार्थक र प्रेरणादायी भूमिका थियो। त्यो बेलाको मिडिया अहिलेको जस्तो व्यवसायिक भइसकेको थिएन। पत्रकारिताको अभिष्ट प्रजातन्त्रको स्थापना र अभिव्यक्ति स्वतन्त्रताको रक्षा थियो। राजनीतिक कार्यसूची बोकेका अखबारमाथि तत्कालीन राज्य व्यवस्था कठोर रूपमा प्रस्तुत भएको थियो। प्रतिकूल समाचार छापेकै कारणले पत्रकारहरूमाथि मुद्दा लाग्नु, धरपकड हुनु, छापाखाना जफत हुनु, पत्रिकाको दर्ता खारेज हुनु सामान्यजस्तै भइसकेको थियो। तर, सो दमनले प्रेस स्वतन्त्रताको आवाज र सो अनुकूल उदार राजनीतिक व्यवस्थाको मागलाई झनै बल दियो।

**(ई) प्रजातन्त्र र सङ्कटकाल (वि.सं २०४७-२०६२)**

२०४६ साल चैत्र २६ गते निरङ्कुश पञ्चायती व्यवस्थाको अवसानसँगै २०१७ सालमा अपहरित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भयो। राजा, प्रजातान्त्रिक र बाम शक्तिबीच राजनीतिक सम्झौताको दस्तावेजको रूपमा नेपाल अधिराज्यको संविधान, २०४७, कार्तिक २३, २०४७ मा जारी गरियो। सो संविधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि सो

बेलासम्मका सबै संविधानहरूमध्ये अग्रगामी र मार्गदर्शी थियो। संविधानको धारा १२ मा स्वतन्त्रताको हकअन्तर्गत सबै नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने कुरा प्रत्याभूत गरिएको थियो। तर सो कुराले तत्कालीन नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जति वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको थिएन। संविधानको धारा १३ मा नेपालको संवैधानिक इतिहासमै सर्वप्रथम छापाखाना र पत्रपत्रिकासम्बन्धी हकको व्यवस्था गरिएको थियो। सोअनुसार कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्वप्रतिबन्ध नलगाइने, तर सो कुराले तत्कालीन नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको नमानिने व्यवस्था गरी सन्तुलन र नियन्त्रणको प्रबन्ध गरेको थियो। यसैगरी, उक्त धारामा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत नगरिने एवम् कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशन गरेबापत कुनै समाचारपत्र वा पत्रिकाको दर्ता खारेज नगरिने प्रत्याभूति पनि सो संविधानले गरेको थियो। यस बाहेक उक्त संविधानको धारा १६ मा पहिलोपटक सूचनाको हकलाई समावेश गर्दै प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने, तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाउन नसकिने छुटसमेत दिएको थियो।

यस अवधिमा सञ्चार माध्यममा निजी क्षेत्रको चमत्कारिक प्रवेश र विकास भयो। दैनिक पत्रिकामा सरकारी अखबार गोरखापत्रको मात्र एकाधिकार रहेकोमा २०४७ फागुन ७ गतेदेखि निजी लगानीमा स्थापित कान्तिपुर दैनिकको प्रकाशन शुरु भयो। २०४९ सालमा एक कार्टुनमार्फत सर्वोच्च अदालतको अवहेलना गरेको आरोपमा साप्ताहिक विमर्शका तत्कालीन सम्पादक हरिहर विरही जेल गएपछि यसले प्रेस स्वतन्त्रता र अदालती मर्यादाको बीचको सीमारेखा के हो र कुन बढी जरुरी हो भन्ने विषयमा बहस छेड्यो, जुन अद्यापि जारी छ। श्रव्य विद्युतीय माध्यममा सरकार नियन्त्रित रेडियो नेपालमात्र विद्यमान रहेकोमा सञ्चारको सशक्त स्थानीय माध्यमको रूपमा निजी क्षेत्रका एफएम् स्टेशनहरूको उदय यसै कालखण्डमा भयो। सम्भवत: हाल एफएम् रेडियोको पहुँच नपुगेको कुनै पनि जिल्ला छैन होला। २०५२ देखि २०६२ सालसम्म चलेको माओवादी सशस्त्र सङ्घर्ष र जवाफी सरकारी कारबाहीका कारण यो १० वर्से अवधि प्रेस स्वतन्त्रताको दृष्टिले सङ्घर्षमय रह्यो। तथापि, निजी पहलका सञ्चार माध्यमहरूले जीउधनको जोखिम लिएरै भए पनि विचार र खबरको सम्प्रेषण जारी नै राखे। बेला बेलामा राज्य पक्षबाट लगाइएको सङ्कटकाल र मौलिक हकहरूको निलम्बनका कारण यस अवधिमा पत्रकार तथा अभिव्यक्तिकर्मीहरू विद्रोही तथा राज्य पक्षबाट पनि पीडित भए। दर्जनौं पत्रकारहरूले द्वन्द्वको चपेटामा परेर जीवन गुमाउनु पर्‍यो। सयौं आफ्नो कार्यक्षेत्रबाट विस्थापित भए। २०५६ सालमा मोबाइल फोन सेवाको शुरुवातसँगै दैनिक जीवनमा जस्तै सञ्चारप्रवाहमा समेत यसले सहजता थप्यो। २०५९ असार ३० देखि गोरखापत्र रङ्गीन स्वरूपमा प्रकाशन हुन थाल्यो भने निजी क्षेत्रका दैनिक र साप्ताहिकहरू पनि रङ्गीन ढाँचामा देखिन थाले।

### (उ) लोकतन्त्र र गणतान्त्रिक युग (वि.सं २०६३ देखि हालसम्म)

वस्तुत: २०४७ मा जस्तै २०६३ को राजनीतिक परिवर्तनमा समेत प्रेस जगतको अभूतपूर्व योगदान रह्यो किनकि अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको अवस्थामा प्रेस स्वतन्त्रता पनि ओइलाउने नै थियो। २०६२/६३ को सफल जनआन्दोलनको परिणामस्वरूप २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रद्वारा शक्तित्याग, २०६३ जेठ ४ गते प्रतिनिधि सभाको ऐतिहासिक घोषणा, २०६३ मङ्सिर ५ गते नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच ऐतिहासिक बृहत् शान्ति सम्झौतामा हस्ताक्षर, २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान जारी, २०६४ चैत्र २८ मा प्रथम संविधानसभाको निर्वाचन र २०६५ जेठ १५ गते व्यवस्थापिका संसदद्वारा २ सय ४० वर्ष लामो राजतन्त्रको अन्त्य गर्दै मुलुकमा गणतन्त्रको घोषणा आदि घटनाक्रमहरूले विगत एक दशकदेखि थुनिएको राजनीतिक निकासलाई खुल्ला गरे जसको फाइदा आमजनताले जस्तै प्रेस जगतले पनि लिन पायो। लोकतन्त्र सक्रियताका शुरुआती दिनहरूमा केही पत्रकारहरूको दु:खद हत्या पनि भयो। पहिले हत्या गरिएका पत्रकारका लागि पनि पहिचान र न्यायको लडाइँ शुरु भयो। केही अनपेक्षित घटनाका बावजुद गणतन्त्रोत्तर नेपाल प्रेस स्वतन्त्रताको अभ्यासका लागि उर्वराभूमि सिद्ध भइरहेको छ। राजनीतिक खुल्लापन र प्रेस स्वतन्त्रताले एकअर्कालाई मद्दत गर्ने एवम् फाइदा पुर्‍याउने गरिरहेका छन्। २०६४ असोज १ देखि गोरखापत्र विभिन्न मातृभाषाहरूमासमेत प्रकाशन हुन थाल्यो। छापा, एफएम र टिभीका माध्यमहरू पहिलेदेखि नै रहेकोमा तिनको गुणात्मक वृद्धि त भयो नै २०६३ पछि नेपालको सञ्चार जगतमा देखिएको नवप्रवर्तन भनेको अनलाइन पत्रकारिताको श्रीगणेश नै हो। २०६७ असार २९ गतेसम्म मुलुकका सबै गाविसहरूमा दूरसञ्चार सेवा पुगिसक्नु सञ्चार माध्यमहरूको पहुँचका लागि अर्को खुशीको कुरा हो। तथापि, प्रेस स्वतन्त्रता धेरै हदसम्म संस्थागत र सम्बलीकृत भइसक्दा पनि सो अनुपातमा व्यावसायिकता, जवाफदेहिता र निष्पक्षता कायम हुन नसक्नु चिन्ताको विषय रहेको छ।

### (ङ) पत्रकारहरूको सुरक्षा स्थिति

नेपालको सन्दर्भमा वि.सं २०५२ देखि २०६४ सम्मको अवधिमा राज्य तथा गैरराज्य पक्षबाट कुल ३५ जना पत्रकार मारिइसके। त्यस यता पनि केही पत्रकारहरूको हत्या भइसकेकोबाट यो सङ्ख्या हाल ४० नाघेको छ। नेपाल पत्रकार महासङ्घका अनुसार यसै अवधिमा चार जना पत्रकार बेपत्ता भएका छन्।

**(च) पत्रकारको सुरक्षामा रहेका समस्याहरू**

हाल आएर पत्रकारिता सबैभन्दा कम विश्वास भएको क्षेत्र (Least Trusted Profession) बन्न पुगेको छ। पत्रकारप्रतिको जनआस्था नै उनीहरूको रक्षाकवच भएको अवस्थामा सन् २०१२ मा गरिएको एक अध्ययनले १०० मा चार जना व्यक्तिहरूले मात्र प्रेसमाथि विश्वास गर्ने तथ्याङ्क देखाएको थियो। अतः प्रेसमाथि आक्रमण हुनुमा पत्रकारहरू आफैंको स्वभाव र शैली धेरै हदसम्म जिम्मेवार रहे तापनि लोकतन्त्रको प्रवर्धनका लागि यो शुभ सङ्केत होइन। फेरि, आचारसंहिताबाहिर जाने पत्रकार र पत्रिकाका विरुद्ध कानुनी कारबाही गर्न सकिने ठाउँ हुँदाहुँदै हत्या, हिंसामा उत्रिनु भनेको कानुनी राज्यलाई समेत ठाडो चुनाती दिनु हो। यस परिवेशमा पत्रकारको सुरक्षामा रहेका समस्याहरूलाई निम्नबमोजिम चर्चा गर्न सकिन्छ :

- सरकार र प्रशासनयन्त्रको अनावश्यक गोपनीयतामुखी कार्यशैली। यस कारण समाचार खुलाउन खोज्ने पत्रकारसँग स्वार्थको द्वन्द्व।
- सूचना र सोको अभिव्यक्तिलाई नियन्त्रण गर्नसके जनअसन्तुष्टि कम गर्न सकिन्छ भन्ने भ्रमपूर्ण मान्यता।
- अभिव्यक्ति स्वतन्त्रतालाई जीवन शैली (Way of Life) को रूपमा लिनुपर्नेमा आफूमाथि मर्का नपरुञ्जेलमात्र अभिव्यक्ति स्वतन्त्रता आवश्यक छ भनी बुझ्ने दोषपूर्ण चिन्तन।
- राजनीतिक रूपमा मुलुक जहिले पनि संक्रमणकालमा रहिरहनुपर्ने विवशताका कारण कानुन कार्यान्वयन र अनुसन्धान निकायहरूले उच्च मनोबलका साथ कार्य गर्न नसकिरहेको अवस्था।
- राजनीति र अपराधबीचको सम्बन्धले दण्डहीनता बढाइरहेको सन्दर्भमा प्रतिकू समाचार प्रेषित गरिएकोमा आक्रमणको त्रास।
- निजी क्षेत्रको लगानीमा कर्पोरेट पत्रकारिताको थालनी भइसक्दा पनि सञ्चार गृहहरूले आफ्नोमा कार्यरत पत्रकारहरूको सुरक्षा, आक्रमण भएको अवस्थामा निःशुल्क औषधि उपचार, जीवन एवम् दुर्घटना बीमा आदि बारे उदासीन रहनु। यहाँ टिभी क्यामेराको त बीमा गरिन्छ तर त्यसैलाई बोकेर भीडमा कुद्ने पत्रकारको कुनै दायित्व लिइँदैन।
- खास गरी जिल्लास्तरमा राजनीतिक दलका भ्रातृ सङ्गठन, भूमिगत गिरोह, सशस्त्र समूह आदिको निगरानी र त्रास, आफू अनुकूल समाचारको खोजी।
- पत्रकार र अभिव्यक्तिकर्मीहरूले व्यावसायिक सीमा नाघेर आफ्नो व्यक्तिगत हित र अवसर साँध्न शक्तिकेन्द्रहरूसँग सम्झौता गर्ने प्रवृत्ति।
- अभिव्यक्ति स्वतन्त्रताको जिम्मा लिएका पत्रकार र अभिव्यक्तिकर्मीहरू आफैँ विभिन्न राजनीतिक दल र खेमामा विभाजित भएका कारण प्रतिपक्षीहरूबाट आक्रमणको सम्भावना।
- पत्रकारमाथि सुरक्षा हाँक आएमा शुरुमै प्रहरीमा उजुरी दिनुपर्नेमा पहिले साथीभाइमाफ, पत्रकार सङ्घ, सङ्गठनमाफ बसेर सल्टाउन खोज्ने मनोवृत्ति। यसबाट एकातिर आक्रमणकारीहरूको मनोबल बढ्छ भने अर्कोतिर समयमै सूचना नपाउँदा अपराधी उम्कन सक्छ।
- पत्रकारहरूमाथि भएको र हुनसक्ने सुरक्षा चुनौतीको विश्लेषण (Security Threat Analysis) गर्ने र यस कामका लागि पत्रकार, पत्रकार संस्था र अनुसन्धान निकायबीच समन्वयको कमी।
- प्रहरी अनुसन्धानले अपराधी पहिल्याउन वा गिरफ्तार गर्न नसक्ने स्थिति। अझै पनि सञ्चार उद्यमीहरू धनुषाका अरुण सिङ्घानिया र डाङका दीपक धितालका हत्याराहरू अझै गिरफ्तार नपरेको अवस्था विद्यमान छ।

**.छ) पत्रकार सुरक्षाको प्रवर्धन कसरी ?**

पत्रकारको भौतिक सुरक्षा नभइकन प्रेस स्वतन्त्रता प्रत्याभूत हुँदैन किनभने आफ्नो जीउधन जोखिममा पर्ने भएपछि मानवीय स्वभावकै रूपमा कसैले पनि निर्भिक र निर्वाध रूपमा समाचार सम्प्रेषण गर्दैन। यसबाट काँचको शान्ति त स्थापित होला तर सही सूचनाको अभावमा जनमत दूषित हुन थाल्छ। मौनताको कुचक्र (Spiral of Silence) तोड्न र सत्यलाई स्थापित गर्न स्वतन्त्र प्रेस चाहिन्छ र यसका लागि चाहिन्छ पत्रकारहरूको चौतर्फी सुरक्षा। यसको अर्थ पत्रकारहरू आम नागरिकभन्दा शक्तिशाली हुनुपर्छ भन्ने होइन। तर उनीहरूले अपनाएको जोखिमपूर्ण र संवेदनशील वृत्तिपथलाई ध्यानमा राख्दै राज्य र जनस्तरबाट समेत पत्रकार सुरक्षाका लागि समयोचित कानुनी एवम् संस्थागत व्यवस्थाहरू गर्नुपर्दछ। यस सन्दर्भमा नेपालमा पत्रकारको सुरक्षा प्रवर्धन गरी त्यसलाई प्रभावकारी बनाउनका लागि निम्नलिखित उपायहरू विचारणीय हुन सक्छन्:

- पत्रकारहरूउपरको सुरक्षा चुनौतीको विश्लेषण (Threat Analysis) गरी माग्दा बित्तिकै सुरक्षा (On Demand Security) उपलब्ध गराउने।
- पत्रकारहरूको जीउधनको सुरक्षा गरी निर्वाध विचारप्रवाह सुनिश्चित गर्न सुरक्षा एवम् अनुसन्धान निकाय, पत्रकार, अभिव्यक्तिकर्मी र तिनका पेशागत संस्थाबीच सूचनाको आदानप्रदान र समन्वय गर्ने।
- विश्वमा जहाँ पनि सङ्क्रमणकालीन अवस्था प्रेस स्वतन्त्रताको शत्रुको रूपमा देखिने हुँदा स्थायी संविधानको निर्माण, स्थानीय निकायको निर्वाचन, शासकीय स्वरूप र राज्यको पुर्नसंरचना टुङ्गो लगाई राजनीतिक स्थिरता सुनिश्चित गर्नुपर्ने।
- पत्रकारहरूको सबैभन्दा प्रभावी शस्त्र भनेको नै उनीहरूले आर्जेको जनविश्वास हो। सही र सत्य कुराको निर्भिक र सम्झौतारहित सम्प्रेषणबाट नै जनआस्थाको निर्माण हुन्छ। यसर्थ, यस्तो महत्वपूर्ण जिम्मेवारी पाएका उनीहरूले राजनीतिक, आर्थिक र व्यक्तिगत महत्वाकाङ्क्षा एवम् आशक्तिहरूबाट टाढा रही शक्ति केन्द्रसँग होइन कि सूचनादाता जनतासँग सम्बन्ध विस्तार गर्नुपर्ने।
- सरकार र प्रशासनयन्त्रको अनावश्यक गोपनीयतामुखी कार्यशैलीलाई पराजित गर्न सूचनाको हकसम्बन्धी कानुनी र संस्थागत व्यवस्थाहरूलाई सुदृढ गर्दै केही संवेदनशील जानकारीहरूबाहेक अन्य सूचना माग्दा बित्तिकै पाउने र विकसित मुलुकहरूमा जस्तै तोकिएको

अवधि व्यतित भएपछि गोप्य राखिएका तथ्यहरूलाई पनि क्रमश: सार्वजनिक गर्दै जाने (Declassification) परिपाटी बसाउनुपर्ने।

- सञ्चारगृहहरूले आफ्नो वार्षिक आयको कम्तीमा पाँच प्रतिशत रकम पत्रकारहरूको सुरक्षा, बीमा, औषधोपचार एवम् मरणोपरान्त पत्रकारहरूको सन्तति वृत्तिमा खर्च गर्नुपर्ने गरी नीतिगत व्यवस्था गर्ने।
- कामको सिलसिलामा घाइते वा बिरामी पत्रकारको उपचार र मृत्यु भएका पत्रकारको परिवारलाई भरथेग गर्न केन्द्रीय स्तरमा नेपाल पत्रकार महासङ्घको अध्यक्षको नेतृत्वमा र जिल्ला तहमा नेपाल पत्रकार सङ्घको अध्यक्षको नेतृत्वमा एक पत्रकार सहायता तथा कल्याण कोषको गठन गर्ने। यस कोषमा नेपाल सरकारले समेत सालबसाली रूपमा आर्थिक सहायता प्रदान गर्ने।
- आवधिक योजनाहरूमा लिइने सूचना तथा सञ्चार नीतिमा पत्रकार सुरक्षाको घटक (Component) समेत समावेश गर्ने।
- पत्रकारमाथि र पत्रिकाका कार्यालयहरूमा हमलाका घटना बढ्दै गएमा सोलाई नियन्त्रण गर्न बेग्लै कानुन तर्जुमा गर्ने।

**(ज) उपसंहार**

बेलायती राजनीतिज्ञ Edmund Burke ले सन् १७८७ मा एक संसदीय छलफलमा भाग लिने क्रममा पत्रकारितालाई राज्यको चौथो अङ्ग (Fourth Estate) भनेका थिए। राज्यका तीन अङ्गमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहेकोमा ती तीन ओटै अङ्गको कामकारबाहीलाई निगरानी गर्दै स्वेच्छाचारितातर्फ जान नदिने र ती अङ्ग तथा जनताबीच सम्पर्क सेतुको रूपमा कार्य गर्ने हुँदा कुनै कानुनमा नलेखिए पनि प्रेसलाई चौथो अङ्ग मानिएको हो। यस्तो अहम् जिम्मेवारी निर्वहन गरिरहेको प्रेस स्वतन्त्र हुनु जति जरुरी छ, त्यहाँ काम गर्ने पत्रकारहरूको भौतिक सुरक्षा त्यति नै अपेक्षित छ। आजकल पत्रकारको सुरक्षा स्थितिकै आधारमा पनि कुनै मुलुकको प्रेस स्वतन्त्रताको मापन गर्न थालिएको छ। अत: पत्रकारको संरक्षण समेत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको एक अनिवार्य तत्व भइसकेको छ।

वि.सं १९५८ मा गोरखापत्रबाट शुरु भएको छापा पत्रकारिता हाल २० भन्दा बढी भाषामा झण्डै ८ हजार ओटा पत्रपत्रिका, २००७ सालमा रेडियो नेपालबाट प्रारम्भ भएको श्रव्य पत्रकारिता हाल ५ सय १२ ओटा एफएम स्टेशन, २०४१ सालमा परीक्षण प्रसारण शुरु गरी २०४२ देखि नियमति बनेको नेपाल टेलिभिजनबाट श्रीगणेश भएको श्रव्य दृष्य पत्रकारिता हाल ५२ ओटा टेलिभिजन स्टेशन र ९ सय ओटा केबुल अपरेटर, हिजो हुँदै नभएको इन्टरनेट सेवा आज ७० लाखभन्दा बढी उपभोक्ताहरूसम्म पुगिसकेको छ। मोबाइल फोनका मात्र २ करोड ग्राहक पुगिसकेका छन्। देशको ५० प्रतिशत भूभागको ७२ प्रतिशत जनसङ्ख्यामा टेलिभिजनको पहुँच पुगेको छ। रेडियो नेपालले २० भन्दा बढी भाषाहरूमा समाचार प्रसारण गरिरहेको छ भने निजी र समुदायस्तरबाट संचालित सयौं एफएम् स्टेशनहरूले समाचारमा रहेको जिल्ला र केन्द्रबीचको दूरीलाई संयोजन गरिरहेका छन्। साथै, स्थानीय महत्वको विचार र खबर प्रसारण गरिरहेका छन्। संसदमा प्रस्तुत गरिएको अदालतको अवहेलनासम्बन्धी विधेयकले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामा अनुचित बन्देज लगाउनसक्ने भनी विरोध भएपश्चात् छलफलका लागि जनतामाझ लैजाने सहमति हाल भएको छ।

सूचना क्रान्तिले व्यक्तिहरूलाई अधिकारको बारेमा जति जागरुक बनाएको छ, त्यति कर्तव्यको बारेमा संवेदनशील बनाएको छैन। यो नै सरोकारको विषय हो।

नेपालमा द्वन्द्वको समयमा राज्य पक्ष (जस्तै : कृष्ण सेन ईच्छुक) बाट र विद्रोही पक्ष (जस्तै : डेकेन्द्र थापा, ज्ञानेन्द्र खड्का) बाट समेत पत्रकारहरूको ज्यान लिने र कार्यस्थलबाट विस्थापित गर्ने कार्यहरू भए। हाल विद्रोही ने.क.पा. (माओवादी) शान्ति प्रकृया र पटक पटक सरकारमा समेत समावेश भइसकेको हुँदा मुलुकभर प्रभाव रहेको कुनै विद्रोही वा सङ्घर्षरत पक्ष अस्तित्वमा छैन। राज्य पक्षबाट पनि प्रेस स्वतन्त्रताको सम्मान र संरक्षण हुन थालेको छ। यस्तोमा खास गरी जिल्ला तहमा कार्यरत पत्रकारहरू स्थानीय राजनीतिक दल एवम् तिनका भ्रातृ सँगठन, भूमिगत गिरोह, सशस्त्र समूह, डन, स्थानीय फटाहाहरू आदिको निगरानी र त्रासमा रहिरहेका छन्। मुलुक शान्ति प्रकृयामा प्रवेश गरिसकेपछि पनि बारामा बीरेन्द्र साह र झापामा यादव पौडेलको हत्या हुनु यसैका दृष्टान्त हुन्।

स्मरणीय के छ भने पत्रकारिता पेशा गरेकै कारणले अर्थात कुनै खबर वा विचार संप्रेषण गरेकै कारणले पत्रकारमाथि हुने आक्रमण वा दमनमात्र पत्रकार सुरक्षाको शीर्षकभित्र पर्दछन्। पत्रकारका व्यक्तिगत, पारिवारिक, अन्य व्यापारिक, राजनीतिक कारणले हुन पुगेका घटनाहरूलाई प्रेसमाथिको होइन कि एक आम नागरिकमाथि भएको आक्रमणको रूपमा लिनुपर्दछ। अत: कुनै पनि घटनालाई प्रेस र पत्रकारमाथिको हमला भनेर किटान गर्नुपूर्व उक्त आक्रमण निज पत्रकार नभएको भए हुन्थ्यो कि हुँदैनथ्यो भनी छुट्याउनुपर्ने हुन्छ।

अन्त्यमा नेपालमा प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्था दुईवटै सन्तोषजनक नरहेको सन्दर्भमा एक अर्काको सम्पूरकको रूपमा रहेका यी दुई मान्यताबीच सन्तुलन कायम गर्दै विचार र समाचारको यथार्थ संप्रेषणमार्फत लोकतन्त्र, मानवअधिकार र विधिको शासनलाई जराधार तहसम्म पुऱ्याउनुपरेको छ।

**सन्दर्भ सामग्री**


२००४ सालदेखि २०६३ सालसम्मका नेपालका संविधानहरू

Merriam Webster Dictionary (Online Edition, 2014)

Oxford Learner's Dictionary (Online Edition, 2014)

Prof. Stevenson, R.L. (1994). *Global Communication in the 21st Century*. Longman

Reporters without Borders: World Press Freedom Index, 2013 & 2014

Committee to Protect Journalists: Newsletter of August, 2014

Panta, S.D. (2007). *Comparative Constitutions of Nepal*. Kathmandu: Pairavi Prakashan

अन्तर्राष्ट्रिय मञ्च, नेपालसम्बन्धी वार्षिक अङ्क, २०७१

ज्ञानेश्वर भट्टराई, बृहत् ज्ञान कोश, आशिष पुस्तक भण्डार, काठमाडौं

विभिन्न वेबसाइटहरू

# भावी संविधान र न्यायपालिकाको स्वरूप



अधिवक्ता वीपी अधिकारी

**ऐतिहासिक पृष्ठभूमि**

नेपालको न्याय प्रणालीमा प्रथम संहिताबद्ध कानुनको रूपमा रहेको वि.सं. १९१० सालको मुलुकी ऐनको प्रस्तावनामा "एकै व्यहोरामा कसैलाई बढी कसैलाई घटी सजाय हुन जाने हुँदा अब उप्रान्त छोटाबडा प्रजा प्राणी सबैलाई खत जात माफिक एकै सजाय होस् घटीबढी नहोस् भन्नका निमित्त" ऐन जारी गरिएको भन्ने उल्लेख भएबाट कानुनको अगाडि समानता (Equality before the law) भन्ने सिद्धान्तलाई केही हदसम्म आत्मसात् गर्न खोजेको देखिन्छ। वि.सं. १९१० सालमा मुलुकी ऐन जारी हुँदाको अवस्थासम्म पनि धर्मशास्त्रको आधारमा न्याय व्यवस्था सञ्चालित रहँदै आएको पाइन्छ। किराँतकाल, लिच्छवी काल, मल्लकाल तथा शाह कालसम्मका कतिपय न्यायिक मान्यता र व्यवस्थापनपक्ष स्मरणीय छन्। देवानी र फौज्दारी मुद्दा तथा राजस्व उठ्ती जस्ता विविध मुद्दा हेर्न कोटीलिङ, इटाचपली, टक्सार, धनसार जस्ता विशिष्टीकृत अदालत स्थापना हुनु तत्कालीन स्थितिमा उल्लेखनीय पक्षको रूपमा रहेको छ। त्यस्तै अदालतमा कर्मचारीको नियुक्ति गर्दा विवेक पुऱ्याई निडर, इमानदार र लगनशील मानिसलाई नियुक्त गर्ने, अदालतबाट उठेको राजस्व राष्ट्रिय मूल ढुकुटीमा नहाली छुट्टै कोष स्थापना गरी राख्नु पर्ने जस्ता विकसित मान्यताहरूलाई वर्तमान परिप्रेक्ष्यमा पनि स्वतन्त्र न्यायपालिकाको अभीष्ट मान्यताको रूपमा ग्रहण गर्न सकिने सकारात्मक पक्ष हुन्।

वि.सं. १९९७ साल असार १२ गतेको प्रधान न्यायालय स्थापना सम्बन्धी सनदले न्यायपालिकालाई कार्यपालिकाबाट अलग गरी इलाका अदालत, अपिल अदालत, भारदारी अदालत र प्रधान न्यायालय गरी अदालतको चार तह निर्माण गऱ्यो। यो कार्यबाट न्यायपालिकालाई कार्यपालिकाबाट अलग गर्ने कार्य भएकोले यसलाई न्याय प्रशासनको दृष्टिले यस समयको ज्यादै महत्वपूर्ण कार्यको रूपमा लिइन्छ। वि.सं. २००७ सालको राजनीतिक परिवर्तन पछि संविधान र अन्य विभिन्न कानुन बनाएर कानुन र न्याय प्रणालीको विकास गर्ने क्रममा नेपालले स्वेच्छिक रूपमा खासगरी अङ्ग्रेजी "कमन ल प्रणाली" मा विकसित नियमहरू ग्रहण गरी आएको पाइन्छ। विधायनलाई कानुनको प्रमुख श्रोतको रूपमा लिने विचारको आगमनसँगै प्राचीन प्रथा र परम्पराजनित नियमहरूलाई निरुत्साहित गर्दै आएको छ।

जनताको मौलिक हक अधिकारको संरक्षण गर्ने उद्देश्यले प्रधान न्यायालय ऐन, २००८ जारी भई वि.सं. २००९ साल वैशाख २६ गतेदेखि लागु भयो। यो ऐनको प्रारम्भसँगै राजा वा प्रधानमन्त्री बाहेकका व्यक्तिले नै न्यायालयको नेतृत्व गर्ने परिपाटीको शुरूवात भएको देखिन्छ। वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि स्थापित प्रधान न्यायालय नै अहिलेको न्यायालयको जग थियो, जसले नागरिकका हक अधिकारको संरक्षण गर्ने कार्यको थालनी गऱ्यो। अन्ततः यही प्रधान न्यायालय ऐनको जगमा वि.सं. २०१३ सालमा सर्वोच्च अदालत ऐन जारी भई सर्वोच्च अदालतको स्थापना भएपछि स्थानीय तहमा अमिनी अदालतहरू, अपिल अड्डाहरू र सर्वोच्च अदालत गरी तीन तहका अदालत कायम गरिएको पाइन्छ।

**नेपालको संविधान, २०१९ मा न्यायपालिका भन्ने छुट्टै अध्याय नभई सर्वोच्च अदालत भन्ने शीर्षक मात्र राखिएको थियो, जसभित्र जिल्ला अदालतको स्थापना सम्बन्धी स्पष्ट व्यवस्था थिएन। यद्यपि न्याय प्रशासन सुधार ऐन अनुसार जिल्ला अदालत, अञ्चल अदालत तथा क्षेत्रीय अदालतको स्थापना र गठन सम्बन्धी कानुनी व्यवस्था गरिएको थियो। वि.सं. १९९७ सालदेखि न्यायपालिकाले छुट्टै अस्तित्व प्राप्त गरेको भए पनि यथार्थमा नेपालको संविधान, २०१९ लागु हुँदाको अवस्थासम्म कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले प्रयोग गर्ने सम्पूर्ण अधिकार राजाबाट निःसृत हुने भई यथार्थमा न्यायपालिका स्वतन्त्र हुन सकेको पाइँदैन।**

वि.सं. २०१३ सालमा नै विशेष अदालत ऐन जारी भई आवश्यकता अनुसार सरकारले विशेष अदालत गठन गर्न सक्ने व्यवस्था प्रारम्भ भयो। वि.सं. २०१४ सालमा "दौडाहा न्याय प्रशासन (विशेष व्यवस्था) ऐन" जारी भई दौडाहा न्यायाधीशको रूपमा जिल्ला जिल्लामा सर्वोच्च अदालतका न्यायाधीशबाट मुद्दा फर्स्यौट गर्ने, निरीक्षण गर्ने कार्य समेत भएको देखिन्छ।

नेपाल अधिराज्यको संविधान, २०१५ ले न्यायपालिकाको सङ्गठनात्मक स्वरूप, गठन, तह र अधिकार समेतको स्पष्ट व्यवस्था संविधानमा नै गरेपछि वि.सं. २०१६ सालमा न्याय प्रशासन सुधार ऐन जारी भई इलाका, जिल्ला, उच्च र सर्वोच्च अदालत गरी पुनः चार तहका अदालत स्थापना गरिएको भएता पनि वि.सं. २०१८ सालमा न्याय प्रशासन (विशेष व्यवस्था) ऐन लागु गरी जिल्ला, अञ्चल र सर्वोच्च अदालत गरी तीन तहका अदालतहरू कायम गरेको पाइन्छ।

नेपालको संविधान, २०१९ मा न्यायपालिका भन्ने छुट्टै अध्याय नभई सर्वोच्च अदालत भन्ने शीर्षक मात्र राखिएको थियो, जसभित्र जिल्ला अदालतको स्थापना सम्बन्धी स्पष्ट व्यवस्था थिएन। यद्यपि न्याय प्रशासन सुधार ऐन अनुसार जिल्ला अदालत, अञ्चल अदालत तथा क्षेत्रीय अदालतको स्थापना र गठन सम्बन्धी कानुनी व्यवस्था गरिएको थियो। वि.सं. १९९७ सालदेखि न्यायपालिकाले छुट्टै अस्तित्व प्राप्त गरेको भए पनि यथार्थमा नेपालको संविधान, २०१९ लागु हुँदाको अवस्थासम्म कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले प्रयोग गर्ने सम्पूर्ण अधिकार राजाबाट निःसृत हुने भई यथार्थमा न्यायपालिका स्वतन्त्र हुन सकेको पाइँदैन।

जनआन्दोलन २०४६ को सफलतापछि २०४७ मा मुलुकमा नयाँ संविधान जारी भयो। विगतका संविधानको तुलनामा निकै उदार र फराकिलो संविधान भएको हुँदा न्यायापालिकामा समेत थप सुधार र विश्वसनीय बनाउनेतिर अग्रसर हुँदै जिल्ला, पुनरावेदन र सर्वोच्च गरी तीन तहको अदालती व्यवस्थासहित स्वतन्त्र न्यायपालिकाको प्रारूप तयार गर्‍यो। लोकतान्त्रिक मूल्यमान्यता, कानुनी शासन, मानव अधिकारको प्रत्याभूति जस्ता महत्वपूर्ण व्यवस्थाहरू संविधानमा राखियो। तथापि, समग्र राज्य व्यवस्था केन्द्रीकृत, एकात्मक र निरंकुश राजन्त्रात्मक रहेको र राज्यसत्तामा केही सीमित वर्ग, समुदायको मात्र प्रभुतव रहेको कारण अन्य सबै वर्ग, जाति, धर्म र संस्कृतिमा जनताको राज्यमा सहज पहुँच हुन नसकेकोले यसको प्रत्यक्ष प्रभाव न्याय प्रणालीमा परेका कारण अब भन्ने संविधान जनताबाट नै बनाइनुपर्छ र संविधानसभा नै संविधान बनाउने मुख्य थलो हुनुपर्छ भन्ने मागसहित २०५२ सालमा तत्कालीन नेकपा (माओवादी) ले सशस्त्र विद्रोह शुरु गर्‍यो। दश वर्षसम्म जारी सशस्त्र द्वन्द्वको अन्त्यतिर तत्कालीन प्रमुख सात राजनीतिक दल र सशस्त्र युद्ध गरिरहेको माओवादीबीच १२ बुँदे समझदारी भई मुलुकमा पुन: दोस्रो जनआन्दोलन गरियो। २०६२-०६३ को जनआन्दोलनको सफलतापश्चात् मुलुकमा अन्तरिम संविधान २०६३ लागु भयो र भावी संविधान संविधानसभाद्वारा निर्माण गर्ने कुरा तय भई २०६४ सालमा पहिलो संविधानसभाको निर्वाचन भयो र संविधानसभाको गठन भयो। दुर्भाग्यबस मुलुकमा पहिलो संविधानसभाले नयाँ संविधान जारी गर्न सकेन र २०७० सालमा पुन: संविधानसभाको निर्वाचन गरी पुन: संविधानसभाको गठन भएको छ।

### स्वतन्त्र न्यायपालिका

स्वतन्त्र र सक्षम न्यायपालिका बिना लोकतन्त्रको संरक्षण नहुने भएकोले मानव अधिकार, लोकतन्त्र र सुसभ्य समाजको आधारशिलाको रूपमा न्यायपालिकालाई लिने गरिन्छ। न्यायबिना समाजमा शान्ति कायम हुन नसक्ने र शान्तिबिना जनअपेक्षित अन्य कुनै पनि लोककल्याणकारी कार्य सम्भव नहुने भएकोले न्याय सम्पादनको कार्य राज्यले गर्नुपर्ने विशेष प्रकृतिको कार्य हो। वास्तविक अर्थमा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्नको लागि र सक्षम, प्रभावकारी, निष्पक्ष एवम् स्वतन्त्र न्यायपालिकाको आवश्यकता परिपूर्तिका लागि पनि न्यायिक स्वतन्त्रताको महत्व रहेको हो।

न्यायपालिकाबाट संविधानको सर्वोच्चता, मौलिक हक, अधिकार र कानुनको शासनको संरक्षण हुने भएकोले न्यायपालिकालाई राज्यको अति संवेदनशील, सम्मानित र विश्वासनीय अङ्ग मानिन्छ। न्यायपालिकाको स्वतन्त्रता अन्तर्गत सङ्गठनात्मक स्वतन्त्रता, कार्यगत स्वतन्त्रता र पारिस्थितिजन्य स्वतन्त्रता पर्दछन्। सँगठनात्मक स्वतन्त्रताभित्र न्यायिक निकायको गठन सम्बन्धी प्रक्रिया सरकारी निकायभन्दा अलग संवैधानिक अङ्गका रूपमा रहेका स्वतन्त्र निकायबाट हुनुपर्ने मान्यता हो। यसले न्यायपालिकाको आन्तरिक सांगठनिक संरचनामा अपनाइएको स्वतन्त्रतालाई उजागर गरेको हुन्छ। सांगठनिक ढाँचाभित्र न्यायाधीशहरूको नियुक्ति, सरुवा बढुवा, सेवा अवधि, योग्यता, बर्खास्तगी, सेवाका शर्तहरू र सेवा गरेबापत पाउने पारिश्रमिक र सुविधाहरूलाई समेत मध्यनजर गरी स्वतन्त्र न्याय सम्पादन गर्ने वातावरण छ वा छैन भन्ने अवस्था हेरिन्छ। न्याय सम्पादन गर्ने कार्य अदालतको नैसर्गिक अधिकार भएकोले यसले गरेका निर्णयहरू कुनै पनि गैरन्यायिक निकायहरूले अन्यथा गर्न नसक्ने सिद्धान्त अन्तर्राष्ट्रिय स्तरमा स्थापित भएको पाइन्छ।

अदालतबाट प्रदान गरिने न्याय विशेष गरी कानुनी न्याय र कानुनको सर्वोच्चतासँग सम्बन्धित हुन्छ, जसलाई कानुनको शासनको आधारशिलाको रूपमा समेत लिन सकिन्छ। अदालतको निर्णय न्यायाधीशको स्वविवेकमा आधारित नभई कानुनले निर्दिष्ट गरेको प्रक्रिया, मापदण्ड र न्यायका प्रचलित मान्य सिद्धान्त अनुकूल हुनुपर्दछ। कानुनको उल्लङ्घन गरेको अवस्थामा बाहेक कसैलाई सजाय गर्न नपाउने र विद्यमान काननूले कसूर भनी स्पष्ट रूपले नतोकेको अवस्थामा गरिएको कार्यका लागि दण्डित गर्न नपाउने तथा कानुनको अगाडि सबै समान हुने र कानुनभन्दा माथि कोही पनि हुँदैनन् भन्ने

**अदालतबाट प्रदान गरिने न्याय विशेष गरी कानुनी न्याय र कानुनको सर्वोच्चतासँग सम्बन्धित हुन्छ, जसलाई कानुनको शासनको आधारशीलाको रूपमा समेत लिन सकिन्छ। अदालतको निर्णय न्यायाधीशको स्वविवेकमा आधारित नभई कानुनले निर्दिष्ट गरेको प्रक्रिया, मापदण्ड र न्यायका प्रचलित मान्य सिद्धान्त अनुकूल हुनुपर्दछ। कानुनको उल्लङ्घन गरेको अवस्थामा बाहेक कसैलाई सजाय गर्न नपाउने र विद्यमान काननूले कसूर भनी स्पष्ट रूपले नतोकेको अवस्थामा गरिएको कार्यका लागि दण्डित गर्न नपाउने तथा कानुनको अगाडि सबै समान हुने र कानुनभन्दा माथि कोही पनि हुँदैनन् भन्ने मान्यता कानुनको शासनमा अन्तर्निहित रहेको हुन्छ। केवल कानुन हुनु र त्यस अन्तर्गत संचालन हुनु मात्र कानुनको शासन होइन। त्यस्तो कानुन कसैप्रति भेदभावपूर्ण र अमानवीय व्यवहार गर्ने किसिमको नभई कानुन स्वयंमा स्वच्छ, तर्कसँगत र न्यायपूर्ण हुनुपर्छ। यिनै मान्य सिद्धान्तलाई व्यवहारिक र मूर्त रूप दिनको लागि स्वतन्त्र न्यायपालिका एक अनिवार्य र स्वीकार्य शर्तको रूपमा रहेको हुन्छ।**

मान्यता कानुनको शासनमा अन्तर्निहित रहेको हुन्छ। केवल कानुन हुनु र त्यस अन्तर्गत संचालन हुनु मात्र कानुनको शासन होइन। त्यस्तो कानुन कसैप्रति भेदभावपूर्ण र अमानवीय व्यवहार गर्ने किसिमको नभई कानुन स्वयंमा स्वच्छ, तर्कसँगत र न्यायपूर्ण हुनुपर्छ। यिनै मान्य सिद्धान्तलाई व्यवहारिक र मूर्त्त रूप दिनको लागि स्वतन्त्र न्यायपालिका एक अनिवार्य र स्वीकार्य शर्तको रूपमा रहेको हुन्छ।

**न्यायका मान्य सिद्धान्त**

राज्य शक्तिको समस्त अधिकारको प्रयोग र सम्पूर्ण सार्वजनिक व्यवहार कानुनको दायराभित्र रहेर हुनुपर्छ भन्ने कानुनको शासनको सिद्धान्त, निर्णय एकपक्षीय रूपमा नहोस् भनी सुनुवाइको मौका दिनुपर्ने, पूर्वाग्रहरहित निष्पक्ष न्याय सम्पादनका लागि आफ्नो स्वार्थ निहित रहेको विषयमा आफैं न्यायाशीश हुन नहुने, कानुन बमोजिमको प्रक्रिया पुऱ्याएर मात्रै निर्णय गर्नुपर्ने, कम्तीमा एक तह पुनरावेदनको व्यवस्थाका साथै इन्साफ जाँचको व्यवस्था जस्ता विश्वव्यापी मान्यता प्राप्त प्राकृतिक न्यायको सिद्धान्त न्यायको मान्य सिद्धान्तका रूपमा लिइन्छ। यसैगरी कानुनमा रहेको अस्पष्टता र अपूर्णताको कारणबाट उपचारको मार्ग बन्द गर्नु नहुने र उपचारको माग गर्न आउनेले सफा हात लिएर अदालतमा प्रवेश गर्नुपर्ने समन्यायको सिद्धान्त तथा कुनै पनि पक्षलाई आफ्नो विरुद्ध भएका कारबाही स्वच्छ र निष्पक्ष रूपमा भएको छ वा छैन भन्ने आधारको खोजी गर्न पाउने बैधानिक अपेक्षाको सिद्धान्तहरू पनि न्यायका मान्य सिद्धान्त अन्तर्गत पर्दछन्।

एकपटक सक्षम निकायबाट निर्णय भैसकेका कुरामा पुनः निर्णय गर्न नपर्ने प्राङ्न्यायको सिद्धान्त, मुद्दा दायरी तोकिएको निश्चित समयभित्र गर्नुपर्छ भन्ने हदम्यादको सिद्धान्त र समय नतोकिएको अवस्थामा पनि समयमा उपचार नखोजी निष्कृय भएर बस्नेलाई मद्दत गर्न अदालत बाध्य हुँदैन भन्ने विलम्बको सिद्धान्तलाई पनि अदालतले मुद्दा सुनुवाइ गर्ने क्रममा न्यायका मान्य सिद्धान्तका रूपमा ग्रहण गर्न सक्छ। यसैगरी अधिकार क्षेत्रको सिद्धान्त, कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्त, विबन्धनको सिद्धान्त, न्यायिक पुनरावलोकनको सिद्धान्त आदि न्यायका मान्य सिद्धान्त अन्तर्गत पर्दछन्। शङ्काको सुविधा अभियुक्तले पाउने, एउटै कसूरमा पटक पटक कारबाही चलाएर सजाय दिन नहुने, अपराधीसँगै आपराधिक दायित्व पनि समाप्त हुने जस्ता फौजदारी न्यायका मान्य सिद्धान्त तथा "जहाँ अधिकार हुन्छ, त्यहाँ उपचारको पनि व्यवस्था हुन्छ, र उपचारबिनाको अधिकार हुन सक्दैन" भन्ने सिद्धान्त जस्ता न्यायका मान्य सिद्धान्तहरूलाई विश्वका अधिकांश राष्ट्रहरूले आफ्नो आवश्यकता अनुसार प्रयोग गर्दै आएका छन्।

नेपालको सन्दर्भमा पनि नेपालको अन्तरिम संविधान, २०६३ ले न्याय सम्बन्धी अधिकार संविधान, कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायबाट प्रयोग गर्ने व्यवस्था गरेको देखिन्छ। प्रभावकारी न्याय प्रदान गर्नका लागि न्यायका मान्य सिद्धान्तहरूको निर्वाध प्रयोग हुने व्यवस्था गर्नु आवश्यक हुन जान्छ।

**अन्तर्राष्ट्रिय मापदण्ड**

सन् १९८० को प्रारम्भदेखि नै अन्तर्राष्ट्रिय तहमा स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणामा छलफल गरी अन्तर्राष्ट्रिय दस्तावेजको रूपमा स्वतन्त्र न्यायपालिकाका आधारभूत विशेषताहरूको निर्माण गर्ने गरिएको पाइन्छ। सन् १९८२ मा अन्तर्राष्ट्रिय बार एसोसिएशनले "Minimum Standards of Judicial Independence" तयार गरेको देखिन्छ भने संयुक्त राष्ट्र सङ्घको साधारण सभाले २९ नोभेम्बर १९८५ र १३ डिसेम्बर १९८५ मा क्रमशः प्रस्ताव नं. ४०/३२ र ४०/१४६ द्वारा स्वतन्त्र न्यायपालिकाका सम्बन्धमा आधारभूत मापदण्ड निर्धारण गरी सबै सदस्य राष्ट्रहरूलाई यही सिद्धान्त अपनाउन आग्रह गरेको पाइन्छ।

सन् १९९५ मा एसिया प्यासिफिकका प्रधानन्यायाधीशहरूको सम्मेलनमा समेत अघिल्ला अन्तर्राष्ट्रिय दस्तावेजहरूले स्थापित गरेका मापदण्डहरू यस क्षेत्रमा उपयुक्त हुन्छन् भन्दै "The Beijing Statement of Principles of the Independence of Judiciary on Law Asia Region" जारी गरेको पाइन्छ। उक्त सिद्धान्तका अनुसार न्यायपालिका हरेक समाजमा एउटा उच्च महत्व भएको संस्था हो र मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १०, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ (१) ले सुनिश्चित गरेको हरेक व्यक्तिलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायालयबाट सुनुवाइ गर्न पाउने अधिकारको कार्यान्वयनका लागि स्वतन्त्र न्यायपालिकाको अपरिहार्यतालाई स्वीकार गरिएको छ।

मुलुकमा पुनः निर्वाचित संविधानसभाद्वारा नयाँ संविधान निर्माण गरिरहँदा संयुक्त राष्ट्रसङ्घको साधारणसभाले पारित गरेको स्वतन्त्र न्यायपालिकाको आधारभूत सिद्धान्तका प्रमुख व्यवस्थाहरू स्मरण गर्नु वाञ्छनीय हुन्छ जो निम्नलिखित छन् :

- न्यायपालिकाको स्वतन्त्रता राज्यबाट सुनिश्चित हुनुपर्छ। यस्तो निष्पक्षताको संरक्षण देशको संविधान र कानुनद्वारा हुनुपर्छ। न्यायपालिकाको स्वतन्त्रताको सम्मान एवम् पालना गर्नु सबै सरकारी एवम् गैरसरकारी संस्थाहरूको कर्तव्य हुनेछ।
- जहाँसुकैबाट जुनसुकै कारणले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दिइएको दवाब, बन्देज, प्रभाव, धम्की र हस्तक्षेपबाट निष्पक्ष रही न्यायपालिकाले आफूसमक्ष प्रस्तुत विवादलाई तथ्यको आधारमा कानुन बमोजिम निर्णय गर्नुपर्छ।
- न्यायपालिकालाई सबै प्रकारका न्यायिक विवाद हेर्ने अधिकारक्षेत्र हुनुपर्छ। साथै न्यायपालिकाकासमक्ष प्रस्तुत कुनै विवाद कानुनबमोजिम उसको अधिकारक्षेत्रभित्र पर्छ कि पर्दैन भन्ने कुराको निर्णय गर्ने अख्तियारी पनि न्यायपालिकालाई नै हुनुपर्छ।
- न्यायिक कारबाहीमा कुनै पनि प्रकारको अनुचित हस्तक्षेप हुनुहुँदैन। अदालतबाट भएको फैसला वा आदेश स्वभावैले अन्तिम हुन्छ। अदालतको आदेश वा फैसला कानुन बमोजिम माथिल्लो तहको अदालतबाट परिवर्तन वा हेरफेर गर्नेबाहेक कुनै अन्य निकायबाट यसको पुनर्विचार, हेरफेर वा थपघट हुन सक्दैन।
- प्रत्येक व्यक्तिलाई कानुनद्वारा निर्धारित कार्यविधिबमोजिम सामान्य अदालतबाट

- आफ्ना विरुद्ध चलेका मुद्दाको सुनुवाइ गराउने अधिकार हुनेछ। स्थापित कार्यविधि नअपनाउने कुनै न्यायाधिकरणले सामान्य अदालत वा न्यायिक न्यायाधिकरणको अधिकारक्षेत्र खोसी आफूले लिन पाउने हुनु हुँदैन।
- मुद्दाको कारबाहीको सिलसिलामा न्यायिक कार्यविधिहरू निष्पक्ष रूपमा पालना गरिएका छन् र पक्षको हक अधिकारको सम्मान गरिएको छ भन्ने कुरा न्यायपालिकाले सुनिश्चित गर्नुपर्छ।
- न्यायपालिकालाई कार्य सम्पादन गर्न आवश्यक स्रोत जुटाउने कर्तव्य प्रत्येक सदस्य राष्ट्रको हुनेछ।

**भावी न्यायिक संरचना**

सङ्घीय प्रणाली अनुरूप न्यायपालिकाको पुनर्संरचना गर्दा द्वैध अदालती प्रणाली अपनाइनु हुँदैन। तसर्थ तल्लो तहका अदालतलाई बढी अधिकारसम्पन्न बनाई राज्यका नागरिकले आफ्नो विवादको निरूपण राज्यस्तरकै अदालतबाट गर्न सक्ने स्थितिको सिर्जना गरी सङ्घीय प्रणाली अनुरूपको आफ्नै मौलिकता भएको न्याय प्रणालीको ढाँचा अवलम्बन गर्न सकिएयो भने यो बढी प्रभावकारी र विश्वसनीय हुनसक्छ।

मुलुक सङ्घीय प्रणालीमा जाने प्रायः निश्चित भएको हुँदा मुलुकको अदालती व्यवस्था समेत सोही अनुरूप निर्माण हुनु जरुरी छ। अब बन्ने अदालती प्रक्रिया र ढाँचा कस्तो हुने भन्ने विषयमा राजनीतिक दलहरूबीच व्यापक छलफल र बहस हुनु जरुरी छ। जनतालाई सहज ढङ्गले न्यायमा पहुँच पुऱ्याउन र स्थानीय स्तरमा हुने सानातिना झैझगडाको छिनोफानोको लागि स्थानीय स्तरमा मुद्दा छिन्न सक्ने खालको अदालती गठन प्रक्रिया अपनाइनु पर्दछ। पारिवारिक विवाद, घरेलु हिंसा, बाल अधिकारका सवाल, आदिवासी जनजातिका सवाल, मधेशी, दलित, मुस्लिम लगायतका अल्पसङ्ख्यक समुदायको सांस्कृतिक, धार्मिक एवम् परम्परागत कानुन र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न प्रादेशिक कानुन बमोजिम जिल्ला/स्थानीय अदालतमा छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालतको गठन गर्नु उचित हुन्छ भने राज्यको संरचना अनुरूप सङ्घीय सर्वोच्च अदालत, राज्य अदालत र जिल्ला अदालत गरी तीन तहका अदालतको व्यवस्था गर्न वाञ्छनीय देखिन्छ। निम्नलिखित सुझावहरू भावी संविधान निर्माणको क्रममा उपयोगी हुन सकून भन्ने उद्देश्यले यहाँ प्रस्तुत गर्न खोजिएको छ :

- न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता, मर्यादा, पहुँच र प्रभावकारितालाई सुनिश्चित गर्न राज्यका हरेक अङ्गले कानुनी र अन्य माध्यमबाट अदालतलाई सहयोग र संरक्षण गर्नुपर्ने कर्तव्य हुने व्यवस्था गरिनुपर्दछ भने न्याय सम्पादनको कार्यमा सङ्घीय सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नुपर्ने गरी सरकार, मातहतका सबै कार्यालय वा पदाधिकारीहरूको कर्तव्य हुने व्यवस्था समेत गरिनुपर्दछ।
- स्वतन्त्र न्यायापालिकाको नाममा हुनसक्ने न्यायिक स्वेच्छाचारिताको अन्त्य गर्न तथा न्यायापालिकाकलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन शक्ति सम्पन्न संवैधानिक हैसियत प्राप्त सार्वजनिक अनुगमन संयन्त्र निर्माण गर्नुपर्दछ।
- कानुनी शासनको प्रत्याभूति सुनिश्चित गर्न राज्यले न्यायपालिकाको स्वतन्त्रताको पूर्णरूपमा आदर र पालना गर्नुपर्दछ।
- मानवअधिकारको उल्लङ्घनको प्रमाणसहित पेश गरिएका मुद्दाहरूमा महान्यायाधिवक्ताको कार्यालय तथा अदालतसमेतले उच्च प्राथमिकताको आदेश दिई अभियोजन शुरू गर्नुपर्दछ।
- सुरक्षाकर्मीहरू तथा सरकारी अधिकारीहरूले अदालतसमक्ष झुठो सूचना प्रदान गरेको प्रमाण फेला परेमा अदालतले विशेष आदेशद्वारा दण्डित गर्नुपर्दछ।
- राष्ट्रिय कानुन मौन रहेको, कमजोर भएको तथा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिका दायित्वसँग मेल नखाने प्रकृतिको भएमा राष्ट्रिय कानुनको व्याख्याको क्रममा अदालतले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको प्रयोग गर्नुपर्दछ।
- गैर-कानुनी थुना, बेपत्ता, यातना, दुर्व्यवहार तथा दण्डविहीननताको समस्याको अन्त्यको निम्ति दोषी जो कोहीलाई भए पनि न्यायको कठघरामा ल्याई उचित कानुनी कारवाही गर्नुपर्दछ।
- कानुनी शासनलाई अक्षुण्ण राख्न तथा सबै नागरिकहरूलाई बिना विभेद न्यायमा पहुँच प्रदान गर्न समयबद्ध लिखित कार्ययोजना लागु गर्नुपर्दछ।
- मानवअधिकारको उल्लङ्घन तथा सार्वजनिक सरोकारका मुद्दाहरूलाई छिटोछरितो रूपमा किनारा लगाउने अदालती पद्धति स्थापना गर्ने र यस्ता मुद्दाहरूलाई अग्राधिकार दिई तत्कालै टुङ्याउनु पर्दछ।
- अदालतले मानवअधिकार हननका पीडितहरूको अवस्थाको गम्भीरतालाई मध्येनजर गरी तत्काल अन्तरिम राहत प्रदान गर्ने प्रावधान राख्नु पर्दछ।
- यातनालाई राष्ट्रिय कानुनमा आपराधिक कार्यको रूपमा परिभाषित गर्नुपर्दछ।
- यातनालाई शून्य सहिष्णुताको रूपमा ग्रहण गरी क्षतिपूर्ति ऐनलाई यातना विरूद्धको महासन्धि अनुकूल परिमार्जन गर्नुपर्दछ।
- कानुनप्रदत्त गिरफ्तारीको समयमा सम्पूर्ण बन्दीहरूलाई चिकित्सकद्वारा परीक्षण सुनिश्चित गर्नुपर्दछ।
- यातनाको अभियोग लगाइएको अवस्थामा अविलम्व एवम् निष्पक्ष अनुसन्धान शुरू गरी दोषीहरूलाई अन्तराष्ट्रिय मापदण्ड अनुरूप न्यायिक दायराभित्र उभ्याइनु पर्दछ।
- जनताको न्यायसम्बन्धी सार्वभौम सत्ताको प्रयोग गर्ने अङ्ग न्यायपालिका हुनुपर्दछ।
- संवैधानिक विवाद निरूपण गर्नका लागि छुट्टै संवैधानिक अदालतको व्यवस्था गरिनुपर्दछ।
- व्यवस्थापिकाले बनाएको कानुनको अधीन रही नियम बनाउने अधिकार सङ्घीय सर्वोच्च अदालत र राज्य अदालतलाई प्रदान गरिनुपर्दछ।
- सारभूत रूपमा समान प्रश्न समावेश भएको मुद्दा सङ्घीय सर्वोच्च अदालत र राज्य अदालतहरूमा विचाराधीन रहेको अवस्थामा त्यस्ता सबै मुद्दाहरू

भिकाई साथै राखी छिन्न पाउने अधिकार सङ्घीय सर्वोच्च अदालतलाई प्रदान गरिनुपर्दछ।

- सङ्घीय सर्वोच्च अदालतलाई सङ्घ र राज्यबीचको विवाद, राज्य र राज्यबीचको विवाद, सङ्घीय संवैधानिक अंगहरूबीचको विवाद, राष्ट्रिय सुरक्षा, मुद्रा र वैदेशिक मामिला सम्बन्धी विवाद, रिटको क्षेत्राधिकार, राज्य अदालतले शुरू कारबाही गरेको मुद्दाको पुनरावेदन सुन्ने र न्यायसम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कारबाही र किनारा गर्ने क्षेत्राधिकार प्रदान गरिनुपर्दछ।
- राज्य अदालतलाई रिटको क्षेत्राधिकार, प्रान्तीय कानुनको व्याख्या गर्ने अन्तिम अधिकार, पुनरावेदन सुन्ने अधिकार र आफ्नो र मातहतका अदालतको न्यायसम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कारबाही र किनारा गर्ने अधिकार प्रदान गरिनुपर्दछ।
- जिल्ला/स्थानीय अदालतलाई कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो क्षेत्राधिकारभित्रका सम्पूर्ण मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार, अर्धन्यायिक निकायले गरेका निर्णयउपर पुनरावेदन सुन्ने अधिकार, प्रान्तीय कानुनद्वारा स्थापित न्यायिक निकायले गरेका निर्णयउपर पुनरावेदन सुन्ने अधिकार, न्यायसम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कारबाही र किनारा गर्ने अधिकार, बन्दी प्रत्यक्षीकरणको निवेदन हेर्ने क्षेत्राधिकार प्रदान गरिनुपर्दछ।
- न्यायाधीश नियुक्ति, बर्खास्त एवम् कारवाहीका सवालमा संविधानमै स्पष्ट व्यवस्था गरिनुपर्दछ। कस्ता व्यक्तिहरूलाई सङ्घीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्ने, प्रान्तीय अदालत एवम् जिल्ला अदालतहरूको नियुक्ति प्रक्रिया के हुने, नियुक्ति कसले गर्ने, नियुक्ति गर्नु पूर्व सिफारिश कसले र कसरी गर्ने भन्ने गहन विषयमा व्यापक छलफल र कानुनी परामर्श गरी स्पष्ट प्रावधानको व्यवस्था गर्नुपर्छ।
- समानुपातिक र समावेशी सिद्धान्त अनुसार न्यायाधीशको नियुक्ति गर्दा महिला, आदिवासी जनजाति, मधेस, दलित, मुस्लिम लगायतका पिछडिएको समुदायबाट समेत योग्यता र अनुभवका आधारमा नियुक्ति गर्ने प्रावधानको व्यवस्था गरिनुपर्दछ।
- न्यायाधीश नियुक्ति वा न्यायाधीश बन्नका लागि कति उमेर हुनुपर्ने, खुल्ला प्रतिस्पर्धाद्वारा न्यायाधीश नियुक्तिका प्रावधानहरू के-के हुने ? योग्यतामा के-के विषयहरूको ज्ञान र अनुभव समाविष्ट हुनुपर्ने ? जिल्ला अदालत, प्रान्तीय अदालत या सङ्घीय सर्वोच्च अदालतको न्यायाधीश हुनका लागि कति-कति योग्यता र अनुभव चाहिने ? आदि विषय वस्तुहरूको निर्क्यौल हुनु जरुरी छ।
- संवैधानिक अदालतको गठन प्रक्रिया के हुने ? यसको कार्य क्षेत्र कस्तो रहने र संवैधानिक अदालतका प्रधान न्यायाधीश वा न्यायाधीशको नियुक्ति प्रक्रिया, योग्यता, क्षमता, अनुभव, उमेर, दक्षताको परीक्षणको मापदण्ड के हुने, कस्तो अवस्थामा बर्खास्त गर्न सकिने, सिफारिश प्रक्रिया र नियुक्ति गर्ने प्रक्रिया के हुने र कसले गर्ने ? जस्ता गहन सवालहरूको स्पष्ट व्यवस्था गरिनुपर्दछ।
- कार्य क्षमताको अभाव भएमा, खराब आचरण भएमा, इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्य पूरा नगरेमा, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा, आचारसंहिताको गम्भीर उल्लङ्घन गरेमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसक्ने भएमा जुन सुकै तहका न्यायाधीश भए पनि तुरुन्त पदबाट हटाउन सक्ने प्रावधानहरूको व्यवस्था गरिनुपर्दछ।
- मुलुकमा कस्तो खालको महान्यायाधिवक्ताको व्यवस्था गर्ने ? सङ्घीयता र राज्यमा महान्यायाधिवक्ताको नियुक्ति, बर्खास्तीको प्रक्रिया कस्तो रहने र कसले गर्ने ? महान्यायाधिवक्ता नियुक्तिका लागि चाहिने योग्यता, क्षमता, अनुभव, उमेरको हद के हुने र निजको कार्यकाल कति वर्षसम्म कायम रहने ? क्षेत्राधिकार के-के हुने ? काम, कर्तव्य, अधिकार, पारिश्रमिक लगायत अन्य सुविधाहरू र दायित्वहरू के-के हुने लगायतका अन्य महत्वपूर्ण सवालहरूको स्पष्ट व्यवस्था गरिनुपर्दछ।

**र, अन्त्यमा**

न्याय प्रणालीमा देखिएको कमीकमजोरी, भ्रष्टाचार, घुसघोरी, चाकरीवाद, ढिलासुस्ती, न्यायमा समान पहुँचको अभाव, स्वच्छ, क्षमतावान र इमान्दार न्यायाधीशहरूको नियुक्तिको सट्टा राजनीतिक भागबण्डाका कारण समयमै न्यायाधीश नियुक्ति हुन नसक्नु, न्याय सम्पादन संविधान, ऐन कानुन भन्दा पनि दवाव र लोभमा न्यायलाई निरूपण गर्न खोजिनुजस्ता गहन एवम् महत्वपूर्ण सवालहरू हाम्रा माझ विद्यमान छन्। न्यायाधीशमाथि लाग्ने गरेका विभिन्न आरोप र अभियोगको किनारा कसले र कुन पद्धतिबाट लगाउने, न्यायाधीशमाथि लागेको आरोप प्रमाणित भएमा न्यायाधीशलाई कस्तो कारवाही गर्ने र कसले कारवाही गर्ने भन्ने विशम परिस्थितिहरू छन्। आफ्नो पक्षमा फैसला भएमा त्यो राम्रो र आफ्नो पक्षमा फैसला हुन नसके अदालती प्रक्रिया नै गलत भन्ने संस्कृति हाम्रा राजनीतक दलहरूमा मौलाउँदै गएको घटना एकातिर छ भने अर्कोतिर आरोपित व्यक्तिलाई अदालतले दोषी ठहराउँदा पनि बल र शक्तिको भरमा कानुनी कारवाहीको सट्टा राजनीतिक संरक्षण प्राप्त भइरहेको छ जुन अत्यन्त घातक र अन्तर्राष्ट्रिय न्यायाप्रणाली विपरित छ। मुलुकमा दण्डविहीनताको मौलाउँदो संस्कृति झनै झाँङ्गिदै जाने क्रम बढ्दो छ। दोषीलाई कानुनी कारवाही र पीडितलाई उचित न्याय प्रदान गर्नेतर्फ हाम्रो न्याय प्रणाली अग्रसर अझै हुन सकेको छैन। यस्तो विशम परिस्थितिमा न्यायप्रणालीलाई चुस्त, दुरुस्त, पारदर्शी एवम् विश्वसनीय बनाउन राजनीतिक दलहरूले इच्छाशक्तिसहित भावी संविधानमा निकै अभ्यास गर्नुपर्ने देखिन्छ।

*(लेखक इन्हुरेड इन्टरनेशनलका महासचिव हुनुहुन्छ)*

# युवा र मानवअधिकार



लोकराज अवस्थी

**विषय प्रवेश**

मानवअधिकारको बृहत् परिभाषालाई हेर्दा मानवअधिकार आमाको गर्भमा भ्रूणको रूपधारण गरेदेखि मृत्युपर्यन्त उसका कृति, इज्जत, मानसम्मान र आफ्नो धर्मसंस्कृति अनुसारको सदगतको अधिकार पनि मानवअधिकार भित्र नै पर्दछ भन्ने मान्यता राख्ने गरिन्छ। मानवअधिकार विश्वव्यापी भएकाले यसलाई कुनै बहाना तथा कारणले फरक परिभाषा गर्न पाइदैन। त्यसैले यसलाई मानिसको जन्मसिद्ध अधिकार वा प्राकृतिक अधिकार भनिन्छ। मानवअधिकारको पहिलो शर्तका रूपमा जीवनको अधिकार रहेको हुन्छ। मानिसको जीवन रहेमा नै अरू मानवअधिकारका विषयहरू पनि सँगै जोडिएर आउन सक्दछ। मानव जीवन नै रहेन भने मानवअधिकारको विषय व्यवहारिक रूपमा समाप्त नै हुन्छ। देशको संविधान तथा कानुनहरूमा यी कुराहरूलाई लिखित रूपमा व्यवस्था गरेर व्यवस्थित गरिएको हुन्छ। मानव अधिकारका विषयहरूलाई लिखित रूपमा व्यवस्था गर्न सकिन्छ तर लिखित नभएको बहानामा मानिसका आधारभूत अधिकार खोस्न पाईदैन।

मानव जीवनसँग सम्मानित मानव जीवनको कुरा जोडिएको हुन्छ। मानवका रूपमा मानव जीवन जिउनु मात्र मानवअधिकार होइन। सम्मानित मानव जीवन जिउन पाउनु मानव अधिकार हो। एउटा मानिसले जतिबेला आफूलाई सम्मानित महसुस गर्न सक्दछ, त्यतिवेला मात्र उसका मानव अधिकारको प्रत्याभूति भएको मान्न सकिन्छ। मानिसले अन्याय, असमानता र विभेदबाट मुक्ति पाएमा सम्मानित अनुभव गर्न सक्दछ। आधारभूत आवश्यकता (खाना, नाना, छाना, शिक्षा, स्वास्थ्य, सुरक्षा) आदी सुनिश्चित हुनसकेमा सम्मानित महसुस गर्न सक्दछ। सामाजिक साँस्कृतिक र धार्मिक परिचय र स्वतन्त्रता प्राप्त भएमा मानिसले आफूलाई सम्मानित महसुस गर्न सक्दछ। मानवअधिकारको विषय जहिले पनि राज्य र व्यक्ति बीचको सम्बन्धका रूपमा रहेको हुन्छ। देशका प्रत्येक नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यसँग जोडिएको हुन्छ।

आफ्ना नागरिकलाई सम्मानित रूपमा बाँच्नका लागि जे जस्ता आधारहरू आवश्यक पर्दछ ती आधारहरू तयार गर्नु राज्यको दायित्व रहेको हुन्छ।

**मानवअधिकारका विशेषता**

मानवअधिकार मानव भएका नाताले सम्मानित मानव जीवन जिउनका लागि आवश्यक पर्ने र जन्मसिद्ध अधिकारका रूपमा प्राप्त हुने भएकाले यसका केही विशेषता रहेका छन्। मानवअधिकार विश्वव्यापी, अभिवाज्य, अन्तरसम्बन्धित र अन्तरनिहित रहन्छ। विश्वको जनसङ्ख्यामध्ये प्रतिशत यति वर्ष उमेरसमूहका छन्। यसर्थ मानवअधिकारका सबै सवालमा युवाहरुको चासो र संलग्नता स्वभाविक हुन जान्छ।

**युवा र मानवअधिकार**

सबै मनावअधिकार युवा अधिकार हुन्। युवा पनि मानवकै एक चरण भएकाले यसको व्याख्या गर्नु आवश्यक छैन। पहिचान, संरक्षण, सम्बर्द्धन तथा सम्मान युवाका लागि पनि न्यूनतम आधार हुन्। जुन राज्यको न्यूनतम दायित्व तथा कर्तव्य भित्र पर्दछ। कुनै पनि नागरिकको पहिलो अधिकार भनेको पहिचान हो। उसले आफू देशको नागरिक भएको, समाजमा सम्मानित नागरिकरूपमा हेर्न चाहन्छ। यसलाई राज्यले पूरा गरिदिनु पर्छ। यो राज्यको पहिलो कर्तव्य हो। युवाको हकमा पहिलो अवस्था भनेको राज्यले पहिचान गरिदिनु हो। उसलाई नागरिता उपलब्ध गराएर जिम्मेवार नागरिक तथा बालिग मताधिकार दिएको देशको सक्षम तथा जिम्मेवार नगारिकको रूपमा पहिचान दिनुपर्छ। राज्यका अन्य निकायमा सहभागिता संलग्नता र उसको सीप तथा क्षमताको सम्मान गरी सबै बाटाहरू खुला गरिदिनु पर्छ। अर्को कुरा समाजले पनि उसलाई सम्मानित तथा जिम्मेवार सदस्यको रूपमा हेर्नुपर्छ। उमेरको आधारमा भेदभाव गर्न पाइदैन।

राज्यले जनताप्रति गर्नु पर्ने आफ्नै दायित्व, कर्तव्य र भूमिकाहरू हुन्छन्। राज्यले कुनै पनि बहानामा जनताप्रतिको जम्मेवारीबाट भाग्न तथा पन्छिन पाउदैन। राज्यका केही अनिवार्य बाध्यातत्मक दायित्व हुन्छन्। जसमा पहिचान, संरक्षण (परिपूर्ति) र सुरक्षा पर्दछन्। राज्यले यी दायित्व अनिवार्य रूपमा पूरा गर्नै पर्छ। पहिचान, संरक्षण र सुरक्षा जनताले राज्यबाट पाउने न्यूनतम सुविधा हुन्।

**युवासँग प्रत्यक्ष जोडिएका अधिकारहरू**

सबै अधिकार कुनै न कुनै रूपमा युवा अधिकारसँग जोडिएको छन। स्वभावैले मानव भएको नाताले जोडिन्छन्। तर यसमा प्रत्यक्षरूपमा युवासँग जोडिएका अधिकारलाई लिएर व्याख्या गरिएको छ।

**१ नागरिक अधिकार**

यस अन्तरगत बाँच्न पाउने अधिकार, व्यक्तिगत सुरक्षाको अधिकार, स्वेच्छाचारी पकाउबाट मुक्त हुने अधिकार तथा निष्पक्ष न्यायको अधिकार रहेको छ, त्यसै गरी कानुनका अगाडि व्यक्तिगत पहिचानको अधिकार, समानताको अधिकार र दासता र बलजफ्ती गराइने श्रमबाट मुक्त हुने अधिकार मुख्य रहेका छन् र समाजका अरू वर्ग जस्तै युवाहरूलाई पनि समान रूपमा व्यवहार गर्ने उमेरको कारणले मात्र विभेद गर्नु हुँदैन। मुख्य गरी व्यक्तिगत सुरक्षा र पहिचानको अधिकार जोडिएको पाइन्छ। नेपालमा युवाहरूको पहिचानको कठिनाइ रहेको छ। उनीहरूलाई राज्य तथा समाजले सहजै पहिचान दिन मानिराखेको छैनन् र महिलाको हकमा अझ बढी व्यक्तिगत सुरक्षाको अधिकार जोडिएको छ। नेपालमा एक दिन क्यौ बलात्कार हुने, क्यौ यौनहिंसाको सिकार हुने र कतिपय बेचिने गरेको पाइएको छ। यसकारण युवाका अधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्नु राज्यको दायित्व भित्र पर्दछ। राज्यले यसलाई संवेदनशील रूपले लिर्नुपर्छ।

**२ . राजनीतिक अधिकार**

स्वभाविक रूपमा राजनीतिक अधिकार सिधै युवासँग जोडिएको हुन्छ। बालबलिकाबाट पहिलो पटक बालिग नागरिकको रूपमा पहिचान पाएको हुन्छ। राजनीतिक अधिकारमा मुख्य गरी चुनावमा उठ्न पाउने अधिकार, कुनै

पनि विचारमाथि आस्था राख्न पाउने अधिकार, कुनै मतको विरोध गर्न पाउने अधिकार तथा शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने अधिकार रहेका छन्। खासगरी चुनाव उठ्ने अधिकार नेपालको सर्न्दभमा त्यति व्यवहारिक छैन। सांसद्को उम्मेदवारी दिनको लागि २५ वर्ष पूरा हुनु पर्ने कानुनी व्यवस्था अव्यवहारिक तथा मानवअधिकारको मूल्यमान्यता विपरीत रहेको छ। यस्तै छापेर वा बोलेर आफ्नो मतको प्रचार गर्न पाउने अधिकार, छिटो, छरितो र सस्तो न्याय पाउने अधिकार, गोपनीयताको अधिकार, विशेष परिस्थितिमा देशभित्र र बाहिर आवत जावत गर्न पाउने अधिकार र सङ्घ सङ्गठन खोल्न पाउने, सङ्गठित हुन पाउने अधिकार पनि राजनीतिक अधिकारसँग जोडिएका सवाल हुन्। यी अधिकारहरू अरू भन्दा पनि युवासित प्रत्यक्ष सरोकार राख्ने अधिकार हुन्।

### ३. आर्थिक अधिकार

सबै आर्थिक अधिकार युवा अधिकार हुन्। विशेष गरी अर्थिक अधिकार युवासँग अझ बढी सरोकार राख्ने अधिकार हुन्। जनताको आर्थिक अधिकारलाई सुनिश्चित गर्नका लागि नेपाल सरकारले नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा "लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वभिमानलाई केन्द्रमा राख्ने" भन्ने कुरा स्पष्टसाथ उल्लेख गरिएको छ। यसभन्दा पहिलेका संविधानले पनि आर्थिक अधिकारलाई सुनिश्चित गरे पनि कार्यान्वयनमा प्रभावकारी हुन सकेन। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ ले पनि नागरिकले उपभोग गर्न पाउने आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको सुनिश्चित गरेको छ। नेपाल यो महासन्धिको पक्ष राष्ट्र हो।

आर्थिक अधिकारको बारेमा सन्धि, अभिसन्धि तथा संविधानमा जे जे उल्लेख गरेको भए तापनि नागरिकले उपभोग गर्न पाए कि पाएनन्, त्यो महत्वपूर्ण कुरा हो। नीति, नियम तथा कानुनमा व्यवस्था गरिनु भन्दा पनि नागरिकले व्यवहारमा कत्तिको उपभोग गर्न पाए यो सबैको चासोको विषय बन्नु पर्छ। आर्थिक अधिकार नागरिकले उपभोग गर्न पाए की पाएनन् भन्ने कुरा थाहा पाउन नेपालको आर्थिक अवस्था, जनताको जीवनस्तर, रोजगारीको अवस्था आदीबाट थाहा पाउन सकिन्छ। नागरिक आर्थिक रूपमा सम्पन्न छन कि छैनन् ? देशको आर्थिक अवस्था, जनताको जीवनस्तर, रोजगारीका अवसर, मजदुरको ज्याला, काम गर्ने वातावरण, सम्पत्तिको उपभोग तथा सुरक्षा, आदीबाट पनि आर्थिक अधिकारको बारेमा थाहा पाउन सकिन्छ। नागरिक आर्थिक रूपमा सम्पन्न छन कि छैनन् ? देशमा उद्योग कलकारखानाको स्थिति कस्तो छ। सबै नागरिकले खान बस्न र लगाउन पाएको छ कि छैनन। दलित, आदिवासी, जनजाति, पछिपारिएका, उत्पीडित, गरीब जनताले आफ्ने खुट्टामा उभिएर स्वाभिमान भएर बाँच्न पाएका छन् कि छैनन्। नागरिकको बाँच्ने आयुमा बृद्धि भएको छ कि छैन। राज्यका नीतिहरू, कार्यक्रमहरू तथा विकासका योजना जनता लक्षित छन् कि छैनन्। जनताको जीवनस्तर बढ्दो छ कि खस्किदो छ। अर्थतन्त्र उकालो लाग्दो छ कि सुधारउन्मुख छ वा राजनीतिक रूपमा सार्वभौम नागरिक आर्थिकरूपमा सम्पन्न छ कि छैन। यी कुराले आर्थिक अधिकारको अवस्थाको निर्धारण गर्छ।

नेपालमा राजनीतिक अधिकारको तुलनामा आर्थिक अधिकारको चर्चा कम भए जस्तै जनता आर्थिक दृष्टिकोणले सम्पन्न हुन सकेका छैनन्। अधिकारको पर्याय बनेको नागरिक तथा राजनीतिक अधिकारले आर्थिक अधिकारलाई सँधै ओझेलमा पार्दै आयो। राजनीतिक अस्थिरताको कारणले पनि होला राजनीतिक परिवर्तनसँगै आर्थिक क्रान्ति हुन सकेको छैन। राजनीतिक परिवर्तनपछि जनताको जीवनस्तरमा उल्लेख्य सुधार आउन सकेको नसकेको अवस्था हो। अक्सफोर्ड विश्वविद्यालयको गरेको सर्वेक्षण अनुसार नेपालमा कुल जनङ्ख्याको लगभग ४६ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन्। तर नेपाल सरकारले भने २५ प्रतिशतमात्र गरिब रहेको तथ्याङ्क सार्वजानिक गरेको छ। प्रत्येक वर्ष लगभग ६३ लाख जनता भोकमारीबाट ग्रस्त हुने गर्दछ। कुल जनङ्ख्याको लगभग ७६ प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ। तर खाद्य सामागी भारतबाट आयात गरिन्छ। यी सूचकाङ्कले आर्थिक अधिकार कमजोर भएको प्रमाणित गर्दछन्। उचित नीति तथा प्रभावकारी कानुनको कार्यान्वयनको अभावमा पछिल्लो तीन चार वर्षको समयावधिमा दैनिक उपभोग्य तथा अत्याआवश्यक वस्तुमा दोब्बर मूल्य वृद्धि भएको छ। मजदुर तथा किसानको आर्थिक अवस्था यति डरलाग्दो बन्दै गएको छ कि जसले आत्महत्यासम्मको बाध्यता सिर्जना गराएका समाचार सार्वजनिक हुने गरेका छन् सम्पन्नता विपन्नताको बीचमाठूलो खाडल रहेको छ। धनी झन धनी बन्ने र गरीब झन गरिब बन्ने अवस्था सिर्जना भएको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार मानिस स्वस्थ्य हुनका लागि कम्तिमा २२ सय क्यालोरी भन्दा बढी चाहिने भए पनि नेपालमा प्रत्येक चार जनामा एक जना १९ सय भन्दा कम क्यालोरीको खाना खाइरहेका छन्। राजनीतिक स्वतन्त्रतासँगै आर्थिक विकास तथा सम्पन्नताको सवालले पनि त्यतिकै प्राथमिकता पाउनु पर्थ्यो तर त्यसो हुन सकेन। आर्थिक अधिकार ओझेल पर्नुमा राजनीतिक तथा नागरिक अधिकार सुनिश्चित भए सबै अधिकारहरू सुनिश्चित हुन्छन् भन्ने भ्रम मुख्य भूमिका खेल्यो। लोकतन्त्रको स्थापनापछि पनि यो धारणामा परिवर्तन हुन सकेन। अर्को कुरा, नेपालमा समाजवादी प्रजातन्त्र भन्दा पनि उदारवादी प्रजातन्त्रको प्रयोग गरिएको कारण राज्यको प्राथमिकतामा जहिले पनि नागरिक तथा राजनीतिक अधिकार मात्र परे। २०४६ साल पछि प्रयोग गरेका उदारवादी प्रजातन्त्र आर्थिक मुद्दालाई सम्बोधन गर्ने सवालमा लगभग असफल भयो।

खाली पेटमा धेरै दिन राजनीतिक स्वतन्त्रता टिक्न सक्दैन। तर भरिएको पेटले राजनीतिक स्वतन्त्रताका लागि लामो समय सङ्घर्ष गर्न सक्छ। यो नै वास्तविकता हो। राजनीतिले मात्र खान पुग्दैन। अथवा राजनीतिक स्वतन्त्रताले मात्र पेट भरिँदैन। खानका लागि काम गर्नु पर्छ। काम गर्नका लागि उचित वातावरण र अवसर चाहिन्छ। राजनीतिक रूपमा सार्वभौम नागरिक आर्थिक रूपमा सम्पन्न हुनु अनिवार्य हुन्छ। आर्थिक अधिकार विनाको नागरिक तथा राजनीतिक स्वतन्त्रताको मूल्य हुन सक्दैन्। जबसम्म नागरिकका अर्थिक रूपमा सक्षम तथा बलिया हुदैनन, तबसम्म राजनीतिक स्वतन्त्राले खासै अर्थ राख्दैन। खाली पेट भित्रको स्वतन्त्रता आर्दश मात्र हुने गर्दछ।

### ४. सामाजिक अधिकार

सामाजिक अधिकारहरूमा समान कामका लागि महिला पुरूषमा भेदभाव गर्न नहुने अधिकार, आत्मनिर्णयको अधिकार, स्वतन्त्रतापूर्वक आफ्ना क्रियाकलापहरू अगाडि बढाउन पाउनुपर्ने अधिकार, उपयुक्त जीवनस्तरमा बाँच्न पाउने अधिकार तथा परिवारप्रतिको दायित्वको अधिकार मुख्य सामाजिक अधिकार हुन। जसले युवासँग प्रत्यक्ष रूपमा सरोकार राख्दछन्। त्यस्तै प्रत्येक व्यक्तिले शिक्षा आर्जन पाउने अधिकार,

समाजमा जातीय समानता पाउने अधिकार, सुविधाको उपभोग गर्न पाउने अधिकार र व्यक्तित्व विकासको अवसर पाउने अधिकार युवा अधिकार प्रतिनिधित्व गर्दछ। स्वास्थ्य, सुरक्षा, बिरामी सुविधा आदि पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, प्रसुति सेवा पाउने अधिकार, बाँच्नका लागि चाहिने आधारहरू प्राप्त गर्न पाउने अधिकार, नारी पुरूष समान हुनुपर्ने अधिकार र उमेर पुगेका केटाकेटीलाई उनीहरूको मञ्जुरीमा विवाह गर्ने तथा परिवार सञ्चालन गर्ने अधिकार पनि समाजिक अधिकार हुन्। यी अधिकार बढी समाज तथा परिवारसँग जोडिएका छन्।

**५. साँस्कृतिक अधिकार**

साँस्कृति अधिकार युवासँग सिधै सरोकार राख्ने गर्दछन्, जसमा साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार, प्रत्येक व्यक्ति अथवा समुदायले आ-आफ्नो परम्परा रीतिथिति चालचलन अनुसार विभिन्न संस्कारहरू गर्न पाउने अधिकार, आफ्नो रीतिअनुसार विवाह, ब्रतवन्ध गर्न पाउने अधिकार र आफन्तको मृत्युपछिको अन्तिम संस्कार गर्न पाउने र परम्परा अनुसार भेषभुषा ग्रहण गर्न पाउने अधिकार, जातीय परम्पराअनुसार संस्कार गर्न पाउने अधिकार सांकृतिक अधिकार भित्र पर्दछन्। परम्परा तथा धर्मको नाममा युवाहरूलाई सांस्कृतिक अधिकारबाट अलग्याउनन तथा वञ्चित गर्न र गराउन पाइँदैन। यस्तै कलाको आनन्द लिने तथा विज्ञानको क्षेत्रमा भएको प्रगति र यस क्षेत्रबाट भएको फाइदामा सहभागी हुने अधिकार, प्रत्येक व्यक्तिलाई उसले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार, आफूलाई मन परेको धर्म मान्न पाउने अधिकार सबै युवालाई रहेको छ।

**विश्वव्यापी मनावअधिकार घोषणापत्र १९४८ र युवा अधिकार**

विश्वव्यापी मनावअधिकार घोषणापत्र १९४८ मानवअधिकारको विश्वको महत्वपूर्ण दस्तावेज हो। यो अरूभन्दा बढी वैज्ञानिक तथा व्यवहारिक रहेको छ। ३० ओटै धारामा समावेश गरिएका अधिकारहरू युवासँग जोडिए पनि विशेष युवासँग बढी सरोकार राख्ने अधिकारहरू यसप्रकार रहेका छन्। जोडिएका मुख्य अधिकारहरू यसप्रकार रहेका छन्।

१६ राजी खुशीले विवाह गर्न तथा परिवार बसाल्न पाइन्छ (१) जाति, राष्ट्रियता वा धर्मको भेदभावविना उमेर पुगेका स्त्री, पुरूषहरूलाई राजीखसीले विवाह गर्ने र परिवार स्थापना गर्ने अधिकार छ। विहेको विषय, वैवाहिक जीवन तथा छोडपत्र गर्ने काममा समेत महिला पुरूषको समान अधिकार हुनु पर्दछ। (२) विवाहको इच्छा गर्ने स्त्री र पुरूषबीच उनीहरूको पूर्ण सहमतिबाट मात्र विहे हुनु पर्दछ। उनीहरूको ठहरउपर कसैको दखल हुनु हुँदैन। (३) समाजको स्वाभाविक, सामूहिक र आधारभूत एकाइ परिवार हो। समाज र राज्यद्वारा संरक्षण पाउने अधिकार प्रत्येक परिवारसँग हुन्छ।

२२ सामाजिक सुरक्षाको हक सबैले पाउनु पर्दछ समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिको सामाजिक सुरक्षा हुनु पर्दछ। सरकारले आफ्नो औकात अनुसार प्रत्येक व्यक्तिलाई समान रूपमा आत्मसम्मान र स्वतन्त्र व्यक्तित्व विकासका निम्ति चाहिने आर्थिक, सामाजिक र सांस्कृतिक सहयोग दिनु पर्दछ।

२३ रोजगारी, समान कामका लागि समान ज्याला र युनियनको अधिकार सबैले पाउनु पर्दछ १) प्रत्येक व्यक्तिले काम गर्ने, आफ्नो इच्छा अनुसार नोकरी रोज्ने उचित र अनुकूल परिस्थिति पाउनु पर्दछ। बेरोजगारीबाट मुक्त हुन पाउनु सबैको अधिकार हो। (२) प्रत्येक व्यक्तिले विना भेदभाव समान कामका लागि समान ज्याला पाउनु पर्दछ। (३) काम गर्ने प्रत्येक व्यक्ति र उसको परिवारका लागि आवश्यक जीविकाको बन्दोवस्त हुनु पर्दछ। उसका निम्ति उचित र अनुकुल पारिश्रमिक तथा अन्य प्रकारको सामाजिक संरक्षणको व्यवस्था हुनु पर्दछ। (४) प्रत्येक व्यक्तिले आफ्नो हितको रक्षाका निम्ति ट्रेड युनियनको स्थापना गर्न वा त्यसमा सङ्गठित हुन पाउनु पर्दछ।

२५ जीवनस्तरको अधिकार १) प्रत्येक व्यक्ति र उसको परिवारलाई स्वास्थ्य लगायत सबै अधिकार प्राप्त हुनुपर्दछ। खाना, नाना, छाना र स्वास्थ्योपचारका सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पर्दछन्। विरामी, असमर्थता, एकल भएर असहाय हुनु परेका स्थिति, बुढेसकाल वा शक्ति बाहिरको अरू कुनै परिस्थितिमा साधनको अभाव भएमा प्रत्येक व्यक्तिले सुरक्षा पाउनु पर्दछ।

२) मातृकाल वा बाल्यावस्थामा रहेका प्रत्येक व्यक्तिलाई विशेष हेरचाह, सहायता प्राप्त हुनुपर्दछ। विवाहित र अविवाहित दुबै किसिमका आमाबाट जन्मेका बालकले समान सामाजिक संरक्षणको भोग चलन गर्न पाउनु पर्दछ।

**युवा अधिकार र संवैधानिक प्रावधान**

नेपालको अन्तरिम संविधान २०६३ मा राजनीति तथा नागरिक अधिकार अन्तरगत रहेका व्यवस्थाहरू युवामैत्री नभए पनि आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी केही व्यवस्था यस प्रकार रहेका छन्।

अन्तरिम संविधान २०६३ को धारा १६ मा वातावरण तथा स्वास्थ्य सम्बन्धी हक अन्तरगत प्रत्येक व्यक्तिलाई स्वस्थ वातावरणमा बाँच्ने हक हुनेछ। र, प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रूपमा पाउने हक हुनेछ भनी उल्लेख गरेको छ। त्यसैगरी धारा १७ मा शिक्षा तथा सँस्कृति सम्बन्धी हक अन्तरगत प्रत्येक समुदायलाई कानुन व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ। र, नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, सँस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ।

धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक अन्तरगत प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुनेछ। र, महिला, श्रमिक, वृद्ध अपाङ्ग, तथा असक्त, र असहाय नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने कुरा उल्लेख गरेको छ र त्यस्तै सोही धारामा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभूतताको हक हुनेछ भनिएको छ। संविधानमा जे उल्लेख गरे पनि कानुन अनुसार हुनेछ भनेपछि त्यसको परिपालना सरकारको इच्छामा निर्भर रहने हुन्छ ।

धारा १९ को सम्पत्तिको हक अन्तरगत निम्न अधिकार प्रत्याभूत गरेको छ। प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीन रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारेवार गर्ने हक हुनेछ। धारा २० मा महिलाको हक अन्तरगत निम्न अधिकारहरूको सुनिश्चित गरिएको छ महिला भएकै कारणबाट कुनै पनि भेदभाव

गरिने छैन, प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्बन्धी हक हुनेछ र कुनैपनि महिला विरूद्ध शारीरिक, मानिसक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन भनेर उल्लेख गरिएको छ।

धारा २१ को सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिव किसान र मजदुरलाई समानुपातिक सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ। त्यस्तै धारा २९ मा शोषण विरूद्धको हकमा प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ, प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किमिको कसैलाई शोषण गर्न पाउने छैन, मानिसलाई बेचविखन गर्न बाँधा वा दास बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाइने छैन भन्ने सुनिश्चिता गरेको छ।

युवाको अधिकारसँग जोडिएको मुख्य कुरा श्रम हो। अन्तरिम संविधानले धारा ३० को श्रम सम्बन्धी हकमा प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको अक हुनेछ, कानुनमा व्यवस्था भए बमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ-आफ्ना हित रक्षाका लागि ट्रेड यूनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदावाजी गर्ने हक हुनेछ भनी श्रम सम्बन्धी अधिकार सुनिश्चित गरेको पाइएको छ। बृहत् रूपमा पाँच ओटा अधिकारले सबै अधिकारलाई समेटेको छ। तर तीमध्ये पनि अझ गहिराईमा गएर हेर्दा युवाका अधिकारलाई अलग अलग रूपमा हर्ने सकिन्छ। जुन यसप्रकार रहेका छन्:

**(क) विकासको अधिकार**

विकासको अधिकार सहभागिता तथा वृत्ति विकाससँग जोडिएको अधिकार हो। यसले विकासमा सहभागिता तथा संलग्नतालाई प्राथमिकता दिने गर्दछ। यसअन्तरगत अधिकारमा आधारित विकास, सहभागितात्मक विकास, विकासको अधिकार, वातावरणीय अधिकार स्थानीय जनताको प्राकृतिक स्रोत साधनमाथिको अधिकार जल, जमिन र जङ्गलमाथिको अधिकारलाई प्राथमिकता दिएको पाइन्छ। अझ यसमा युवाको त ठूलो सरोकार रहेको छ। समुदाय विकासमा युवा सहभागिता तथा संलग्नतालाई अझ बढी गहन ढङ्गले हेरिनुपर्छ। विकास हरेक अवस्था तथा प्रकृयामा युवाको सहभागिता अनिवार्य हुनुपर्छ। त्यो पनि अर्थपूर्ण सहभागितामा जोड दिनुपर्छ।

**(ख) रोजगारीको अधिकार**

रोजगारीको अधिकार हुन त आर्थिक अधिकारसँग जोडिएको छ। तर पनि युवासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले यसलाई अलग्गै राखेको हो। सम्मानित र उचित काम पाउनु सबै युवाको अधिकार हो। राज्यले सबै युवालाई रोजगारीको लागि उचित वातावरण सृर्जना गरी रोजगारी सुनिश्चित गरिदिनुपर्छ। यो वा त्यो बाहानामा युवालाई रोजगारीबाट वञ्चित गराउन पाइदैन। यदि सरकारले उचित व्यवस्थापन गर्न नसके उचित क्षतिपूर्ति दिनुपर्छ।

**(ग) कामदारको अधिकार**

बन्धुवा मजदूरीबाट स्वतन्त्रता, काम रोज्न पाउने स्वतन्त्रता, उचित र समान कामका लागि समान ज्याला, विदा र निश्चित कार्य घण्टा, स्वस्थ वातावरणमा काम गर्ने , युनियन खोल्ने र सहभागी हुन पाउनुका साथै हड्तालको अधिकार कामको अधिकार भित्र पर्दछ।

**(घ) सामाजिक सुरक्षा र संरक्षणको अधिकार**

बेरोजगारी भत्ता, बिरामी सेवा नागरिक सुरक्षा(भत्ता)को उपलब्धता सामाजिक सुरक्षाको अधिकार भित्र पर्दछ।

**(ङ) परिवारसम्बन्धी अधिकार**

स्वतन्त्र रूपमा विवाह गर्ने, मातृत्व तथा पितृत्व पाउने र बालबालिकाहरूको आर्थिक र सामाजिक शोषण र विभेद विरूद्धको आधिकार यस भित्र पर्दछ।

**(च) उपयुक्त जीवनयापनको अधिकार**

खाना, भोकबाट मुक्ति, कपडा, स्वस्थ पानी र सरसफाइ साथै सुरक्षित घरको अधिकार यस भित्र पर्दछ।

**(छ) शिक्षाको अधिकार**

अनिवार्य शिक्षा, माध्यामिक र उच्च माध्यामिक तहसम्म सर्वसुलभ र क्रमशः निशुल्क हुनु साथै अभिभावकहरूमा आफ्ना बालबालिकाहरूका लागि विद्यालय छनौट गर्ने शिक्षाको अधिकार भित्र पर्दछ।

**प्रजनन स्वास्थ्यको अधिकार**

विशेषगरी महिला युवासँग जोडिएको यो अधिकार आधारभूत अधिकार भित्र पर्दछ। यसलाई नेपालको अन्तरिम संविधानले पनि सुनिश्चित गरेको छ। बच्चा बच्ची जन्माउने वा नजन्माउने तथा सो अवधि भरी उचित स्याहार संभार तथा खानपिनको अधिकारसहित रहेको हुन्छ। अहिले मेरो शरीर, मेरो अधिकार भनेर यसलाई व्यक्तिगत स्वतन्त्रतासित जोडिएको छ। यसले महिलाको स्वास्थ्यमाथिको हेरचाह तथा प्रजनन अधिकारलाई सँगै राखेर हेर्ने गरिएको छ।

**प्रविधिको अधिकार**

आजको विश्व सूचना तथा प्रविधिको हिसाबले आधुनिक तथा विकसित युग हो। प्रविधिमा सहजै पहुँच राख्नु तथा त्यसको उपयोग गर्नु पाउने युवा अधिकार हो। बदलिएको समाज तथा प्रविधिसँग सजिलै पहुँच राख्ने पहिलो पुस्ता युवा भएकाले प्रविधिको अधिकार युवा अधिकार भित्र पर्छ। राज्यले कुनै पनि बाहानमा युवालाई सूचना तथा प्रविधिको पहुँचबाट टाढा राख्न मिल्दैन।

समग्रमा, युवासँग जोडिएका अन्य अधिकारहरूमा स्वस्थ रहनसहनको अधिकार, लुगा तथा स्वस्थ्य खानाको अधिकार, सहभागिताको अधिकार, पहिचानको अधिकार, न्यायिक अधिकार अधिकार जसमा अदालत जान वा न्यायाधीससँग कुराकानी गर्ने अधिकार, सम्बन्धित कागजात हेर्न पाउने अधिकार, मुद्दा सार्न पाउने अधिकार तथा स्वास्थ्यको अधिकार जस अन्तरगत काउन्सिलिङ र उपचार लगायतका अधिकारहरू पर्दछन्। व्यक्ति वृत्तिको अधिकार, व्यक्तित स्वतन्त्रताको अधिकार निर्णयको अधिकार आदी रहेका छन्। सबै मानव जस्तै युवालाई पनि पूर्ण सम्मान, संरक्षण तथा सम्बर्द्धन पाउनु उनीहरूको आधारभूत स्वतन्त्रता हो। युवा उमेर वा अन्य कारणले विभिन्न विभेदहरू भोग्दै आइरहेका छन्। युवा अन्तरसम्बद्ध भएकाले यसलाई मुख्यरूपले नियाल्नु आवश्यक छ। जसरी अरूका अधिकारहरू महत्वपूर्ण हुन्छन। त्यस्तै युवाका अधिकार पनि मानवअधिकार हुन्। हुन त मानवअधिकारलाई खण्ड खण्ड गरेर हेर्ने न्यायोचित देखिदैन। म पनि आफू त्योसँग असहमति राख्दै आएको छु। तर नेपालमा भएको अधिकारको आन्दोलनले नयाँ फरक मोड लियो मानवअधिकार होलेस्टिक विधि भन्दा खण्ड खण्ड विधिबाट हेरिन थालियो। मानवअधिकार विश्वव्यापी भनिपनि देशभित्र फरक फरक हुँदै आइरहेका छन्। सोही अनुसारको पैरवी भइरहेको छ। अन्तमा, सबैलाई जस्तै युवालाई पनि सम्मानित तथा मर्यादित नागरिकको रूपमा हेरिनुपर्छ। उनीहरूका आवश्यकता चाहना तथा भावनालाई स्वीकार गरी राज्य, समाज, समुदाय तथा परिवारले पूरा गरिदिनुपर्छ।

लघु कथा

# निर्दयी

- सुधीर यादव

उसको मूड अझै ठीक भएन। के गर्ने हो ? कति दिनदेखि काम गर्न पनि मन लागेको छैन। छोरा पनि झ्याउरिएको छ। स्कूल जान पनि मन गर्दैन। ट्यूसन पढाउने माडसाबले छोराले पढाइमा ध्यान दिन नसकेको सूचना दिएपछि दम्पतिलाई चिन्ताले खर्लप्पै खायो।

आराम कुर्सीमा ढल्किएर उसले सानेलाई बोलायो। धादिङमा खोलेका उसको कारखानाको कामदारले सानेको व्यवस्था गरिदिएको थियो। दश- बाह्र वर्षको भए पनि छ- सात को झैँ लाग्ने ख्याउटे शरीर। फु गर्दा ढल्ला जस्तो। यता शहरमा आएर उसको घरको खानकी पाएपछि शरीर भरिएको विवरण उसले सानेलगायत घरमा आउने जाने सबैलाई सुनाउने गरेको थियो - "यसले खाएको भातको थुप्रो हेर्ने हो भने सातो जान्छ। कामधाम केही छैन, आनन्दसँग बस्न पाएको छ।"

सानेको आनन्द बिहान पाँच बजेदेखि शुरु हुन्थ्यो। दूध ल्याउने, बढार कुढार गर्ने, चिया पकाउने, साना मसिना लुगा धुने, आदि इत्यादि। घरमा काम गर्ने अरु एक जना ठूलो मानिस भए पनि राती १० बजे कुकुरको खोरमा गएर खुवाएपछि मात्र उसको आनन्द सकिन्थ्यो। उसको जिम्मामा खास काम भने कुकुरको स्याहार सम्भार थियो। कुकुरलाई बिहान डुलाउने, दिसा पिसाब गराउने, खुवाउने, खेलाउने, नुहाइदिने। कुकुरलाई नुहाइदिने साबुन उसलाई खूब मन पऱ्यो। मगमग बास्ना आउने। यस्तो साबुनले नुहाउन पाए कस्तो हुन्थ्यो होला। ऊ मनमनै आनन्दित हुने गर्दथ्यो। कुकुरलाई दिने गरेको खानेकुरा देखेर ऊ लोभिन्थ्यो।

कहाँ मरेको होला यो साने। साने नआएको देखेर ऊ गर्जियो- "ए, साने। जा, चिन्टूलाई लिएर आइज।" सानेले कुकुर बोकेर ल्याइदियो। थपक्क काखमा राखेर साहुले कुकुरलाई सुम्सुम्याएको एक छिनसम्म हेरेर बस्यो। कुकुर पनि मालिकको माया बुझेर लपक्क टाँसिएर पुच्छर हल्लाउन थाल्यो। कति दिनदेखि राम्रोसँग खाँदा पनि नखाने, अनि दुब्लाउँदै गएको देखेर परिवारका सबै चिन्तित थिए । राँगा, खसी, कुखुरा, हाँसको मासु ल्याएर खुवाउन खोजे, खान रुचि देखाएन। तागत दिन्छ भनेर दूध, पनीर खुवाउन खोजे, ज्यान गए खान मन गरेन। बरु ती खाने कुरा देख्नासाथ कुँ कुँ गरेर भाग्न खोज्थ्यो। बरु सुख्खा भात दाल भने अलि अलि खान्थ्यो। कुकुर दुब्लाएपछि अस्पताल पनि लगियो। त्यस दिन साने ज्वरो आएर थलिए पनि कुकुरलाई बोकेर अस्पतालसम्म पुगेको थियो। डाक्टरको औषधिले पनि काम गरेन।

भोलि बिहान केही सोच्नु पर्ला "जा कुकुरलाई लैजा सुताउन।"

थकाइले चुर भएको सानेले झसङ्ग भएर कुकुरलाई समातेको मात्रै के थियो हातबाट भुइँमा खसिहाल्यो। कुकुर कुइँ कुइँ गर्न थाल्यो। निदाँसो भएको साने अचानक कानमा परेको थप्पड सहन नसकेर भुइँमा लड्यो।

साहुले 'निर्दयी कहिँको' भनेर गाली किन गरेको हो, सानेले बुझ्न सकेन।

# केही मुक्तक



- गोपाल कुमार मैनाली

## दर्जा


तिमी हाँस्यौ खुसीले  
देशलाई भने रुवायौ  
साँच्चै भनौँ तिमी त  
'नीरो' भन्न सुहायौ।

## पानी

देशमा नदीनाला बगे  
अरुका लागि बरदान हुन्छन्  
तर विडम्बना  
मेरो देशमा अभिशाप छ  
यसै पानीको राजनीतिले  
कसैकसैलाई भने  
सात पुस्तालाई पुग्ने फलिफाप छ।

## लक्ष्य

मार्क्सवाद पढाउने गुरुले  
परलोक सुधार्ने भाषण गरे  
यो नेपाल हो  
अचम्म नमाने हुन्छ  
जनताको राजनीति  
झुपडीलक्षित हुनुपर्ने थियो  
तर मेरो देशमा  
पजेरो चढेर समाजवाद खोजिन्छ।



# हराएको पैसा खोज्न भन्दै बालबालिका पाटन क्षेत्रमा


मुगु जिल्लाको पूर्वी भेगमा पर्ने करान क्षेत्रका मुगु, डोल्फु र माँग्री गाविसका विभिन्न वन क्षेत्रमा पाइने यार्सागुम्बु सङ्कलनका लागि आफ्ना बालबालिकालाई हराएको पैसा खोजी गर्न भन्दै अभिभावकहरूले आफूसँगै जोखिमपूर्ण पाटन क्षेत्रमा लैजाने गरेका छन्।

प्रत्येक वर्षको जेठ दोस्रो सातादेखि विद्यालय जाने बालबालिकालाई एक महिनासम्म विद्यालय जान रोक लगाई आफूसँगै जोखिमपूर्ण पाटन क्षेत्रमा लैजाने गरेका छन्। अभिभावकले साना बालबालिकाको आँखा तेजिलो हुने भएकाले उनीहरूले अरु भन्दा पनि बढी यार्सागुम्बु भेट्टाउने हुँदा सँगै लैजानु परेको बताउने गरेका छन्।

यो वर्ष यार्सा सङ्कलनमा जिल्ला भित्र र बाहिरका गरी करिब तिन हजार भन्दा बढी बालबालिका यार्सा पाइने पाटन क्षेत्रमा गएका थिए। यो वर्ष चिसोका कारण जुम्ला जिल्ला तातोपानी गाविसका मीनबहादुर तिरुवा मुगु जिल्ला रोवा गाविस सोवा गाँउका रमेश बुढा र श्रीकोट गाविस श्रीकोटका मान बहादुर बानियाको मृत्यु भएको छ भने चिसोकै कारण यार्सा नै नभेटाई पाँच छ सय बालबालिका आफ्नो घर फर्किसकेका सीमा प्रहरी चौकी मुगुले जानकारी दिएको छ।

गत वर्ष माँग्री गाविसका पेमा कामीले आफ्ना अभिभावक भन्दा बढी यार्सा सङ्कलन गरेका थिए। बाबु र दाइले





७० हजार बराबरको यार्सा सङ्कलन गर्न सके भने पेमा एक्लैले ६५ हजारको यार्सा सङ्कलन गरेका थिए। सङ्कलित रकमबाट पेमाले दुई थान झोला किनेका थिए भने अरु रकमले वर्षभरको खर्च चलेको उनका बाबु दोर्जे कामीले बताए। ठूला भन्दा साना बालबालिकाले यो सिजनमा एक महिनामा ५० हजारदेखि एक लाखसम्मको यार्सा आफूहरुले किन्ने गरेका मुगु गाविसका स्थानीय व्यापारीहरू बताउँछन्।



यार्साको सिजनमा जिल्लाका अधिकांश विद्यालयका विद्यार्थीहरू आफ्ना अभिभावकसँग पाटनक्षेत्रमा जाने गरेकाले विद्यालयका शिक्षकसमेत विद्यालय बन्द गरी पाटनक्षेत्रमा यार्साको खोजीमा हिँड्छन्। यो अवधिमा करान भेगका सबै विद्यालय एक महिनाका लागि बन्द हुन्छन्।

गत वर्ष राम्रो यार्साको प्रतिगोटा १ हजार २ सय र सानो प्रतिगोटा ६ सय देखि ८ सय रुपियाँसम्म बिक्री भएको थियो। यो वर्ष अन्तर्राष्ट्रिय बजारमा यसको मूल्य कम भएकाले ठूलो यार्साको ४ सय र सानोको २ सय रुपियाँमा बिक्री हुने भएपछि गत वर्ष भन्दा आम्दानी घट्ने भएको छ। हराएको पैसा खोजीको लोभ देखाई बालबालिकालाई कठिन श्रममा लगाएका अभिभावकले यो वर्ष ५ देखि १० हजारसम्म मात्र हात पार्ने निश्चित भएको छ।

यार्सा सङ्कलनका लागि पाटनक्षेत्रमा गएका बालबालिकाले त्यहाँ बसुञ्जेलसम्मका लागि पुग्ने १५ देखि २० केजीसम्म खाद्यान्न आफ्नै घरबाट बोकेर लग्ने गरेका छन्। यार्साको मूल्यमा कमी आएपछि आफूले घरबाट बोकेर लगेको खाद्यान्नको मूल्यसमेत नउठ्ने अवस्था आएको छाँयानाथ प्राविका प्रअ पदम शाहीको भनाइ रहेको छ।

*प्रस्तुति : जीवन सेजुवाल*


# खाद्यअधिकार : एक अध्ययन

मानवअधिकारको अवधारणाको सूत्रपातसँगै खाद्यसम्बन्धी अधिकारलाई आधारभूत मानवअधिकारको रूपमा स्वीकार गरिए तापनि नागरिक तथा राजनीतिक अधिकारको तुलनामा यसले लामो समयसम्म महत्व पाउन सकेको थिएन। अझै पनि खाद्य अधिकार कम प्राथमिकतामा परिरहेकै विश्व अनुभव रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार मानव जीवन सञ्चालन गर्न नभइ नहुने आधार हुन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक शब्द एक अर्कासँग फरक भए तापनि यिनीहरूबीच अन्योन्याश्रित सम्बन्ध छ। यसै कुरालाई दृष्टिगत गरी सन् १९६६ को डिसेम्बर १६ का दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि सर्वसम्मतिका साथ पारित गरी हस्ताक्षर अनुमोदनका लागि खुल्ला गरिएको थियो। सन् १९९१ को १४ मे का दिन नेपाल पक्षराष्ट्रका रूपमा सम्मिलित भएको २३ वर्ष बितिसक्दा पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको परिपालना र कार्यान्वयन सही ढङ्गबाट गर्न सकेको देखिँदैन। यस महासन्धिको प्रमुख प्रावधान नै खाद्य अधिकार रहेको र नेपालको अन्तरिम संविधान, २०६३ मा खाद्य सम्प्रभुतालाई मौलिक अधिकारमा समाविष्ट गरिए पनि कानुनी प्रावधान नभएको हुँदा सही कार्यान्वयन गर्न हुन नसकेको मानिन्छ। यसै विषयमा केन्द्रित रहेर यस वर्ष इन्सेकले नेपालमा खाद्य अधिकार: एक अध्ययन प्रकाशन गरेको छ।

दशवटा परिच्छेदहरूमा विभाजित यस पुस्तकको पहिलो परिच्छेदमा खाद्य अधिकारका सम्बन्धमा विभिन्न विद्वानहरूका दृष्टिकोण, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ (३) मा उल्लेख गरिएको खाद्य सम्प्रभुताको सम्बन्धमा विश्वव्यापी घोषणापत्र, १९४८ मा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ का प्रावधानको विवेचना गरिएको छ। जिम्मेवार निकाय तथा अधिकारीहरूले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुन, संविधान, कानुनी मान्यता एवम् अदालतका आदेशहरूको समेत समुचित पालना गरी प्रक्रियालाई आत्मसात् गर्न सकेमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको प्रभावकारी कार्यान्वयन हुन सक्ने यस परिच्छेदको निष्कर्ष रहेको छ।

खाद्य अधिकारको न्यायिक निरूपण




शीर्षकको दोस्रो परिच्छेदमा खाद्य सम्प्रभुताले खाद्य, कृषि, पशुचौपाया एवम् माछापालनलाई बाह्य हस्तक्षेपबाट मुक्त गरी सो अवसर र अधिकार जनतामा नै निहित तुल्याएको र व्यापार, खाद्य अनुदान, उपभोक्ता संरक्षण र सामान्य र ग्रामीण विकासमा खाद्य र पोषण नीतिको ख्याल गरी आफ्नो अधिकारको उपयोग गर्न मार्गप्रशस्त गरेको जस्ता विषयमा जानकारी गराइएको छ।

परिच्छेद तीनमा खाद्यसँग जोडिएका अन्तराष्ट्रिय दस्तावेजहरूको विश्लेषण गरिएको छ भने परिच्छेद चारमा खाद्य अधिकारको प्रचलन र यसका आयामहरूको अध्ययन गरिएको छ

पाँचौ परिच्छेदको विषय खाद्य अधिकार र राज्यको दायित्व रहेको छ। राज्यको दायित्व र जिम्मेवारी, जनताको जीउ धनको सुरक्षा र संरक्षण गर्न मात्र होइन खाद्यान्नको अधिकार उपभोग गर्नका लागि मुलुकमा भोकमरी हुन नदिने अवस्थाको सिर्जना गर्नु र यसका लागि राज्यले आफ्नो हरसम्भव उपाय परिचालन गर्नुपर्ने राज्यको दायित्वबारे विश्लेषण गरिएको छ।

छैठौं र सातौं परिच्छेदमा नेपालमा खाद्य अधिकारको अवस्थाको बृहत् विश्लेषण गरिएको छ।

परिच्छेद आठमा खाद्य अधिकारसम्बन्धी विधिशास्त्र शीर्षकअन्तर्गत न्यायिक निरूपण उपशीर्षकमा केही देशहरू जस्तै स्वीजरल्याण्ड, भारत र दक्षिण अफ्रिकामा खाद्य अधिकार सम्बन्धमा भएका न्यायिक अभ्यासबारे आ–आफ्नो ढङ्गले वर्णन गरिएको छ। जसमा सम्मानपूर्वक बाँच्न पाउने अधिकारको रूपमा खाद्य अधिकारलाई लिएको छ।

परिच्छेद नौमा नेपाल सन्दर्भमा खाद्य अधिकार र राज्यको दायित्व शीर्षकअन्तर्गत राज्यको सकारात्मक कदम उपशीर्षकमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ (३) र धारा ३६ मा खाद्य सम्प्रभुतालाई आधारभूत अधिकारको रूपमा उल्लेख गरिएको छ। त्यसै गरी धारा ३५ (१०) मा खाद्य सुरक्षालाई सामाजिक र आर्थिक रूपमा पिछडिएका नेपाली जनताको उत्थान गने राज्यको नीति रहने कुरा उल्लेख छ।

परिच्छेद दशमा निष्कर्ष र सुझाव शीर्षकअन्तर्गत विभिन्न उपशीर्षक राखी खाद्य सम्प्रभुताको लागि सकारात्मक सुझावहरू प्रस्तुत गरिएको छ। जस्तो मानवधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूको दायित्व पालना गर्ने, सबल संवैधानिक व्यवस्थाको निर्माण, संवैधानिक व्यवस्थालाई अझै प्रभावकारी बनाउने, व्यवस्थापिका संसद्ले पहलकदमी लिनुपर्ने, राजनीतिक दलहरूको सक्रियता, न्यायमा स्वतन्त्र र सहज पहुँच, न्यायिक कार्यहरूलाई व्यवस्थित गर्ने, अनुसन्धानहरू विकास एवम् विस्तार, राष्ट्रिय मानवअधिकार आयोगहरूको भूमिकाको संवर्द्धन गर्ने, प्रभावकारी सामाजिक सुरक्षा एवम् संवर्द्धन, आपकालमा खाद्य अधिकार सुनिश्चित गर्ने, महिला र बालबालिकाको सुरक्षामा विशेष जोड दिने, खाद्य तथा पोषण सुरक्षा र उपभोक्ता संरक्षण, राष्ट्रिय श्रम अधिकार मापदण्डको उचित कार्यान्वयन, उत्पादनशील स्रोतहरू वन, पानी र जमीनको पहुँचमा बढावा, सूचनाको अधिकार साङ्गठनिक स्वतन्त्रताको प्रयोगको लागि उपयुक्त वातावरण सृजना गर्ने र विश्व खाद्य सुरक्षा समितिको भूमिका विषयमा सुझावहरू प्रस्तुत गरिएको छ।

कानुनी आदेश एवम् प्रावधानसहित विभिन्न उदाहरणका साथ आफ्नो भनाइलाई सत्यापन गर्न अध्येताले गरेको मेहनत पुस्तक पढदा स्पष्ट हुन्छ। यस पुस्तकको अध्ययन गर्ने जो कोहीले खाद्य अधिकार के हो ? खाद्य अधिकारका लागि देशले चालेको कदमको विषयमा र खाद्य अधिकारका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरू के के छन् आदि विषयमा जानकारी पाउनुको साथै खाद्य अधिकारका लागि कुन कुन संस्थाहरूले पहल गरिहेका छन् भन्ने विषयमा यथेष्ट जानकारी प्राप्त गर्न सकिने छ।

***प्रस्तुति : गीता माली***

# भू-उपयोग नीति लागु नगरेसम्म खाद्यअधिकार स्थापित हुन सक्दैन

**डा. प्रेम दङ्गाल राष्ट्रिय योजना आयोगका सदस्य हुनुहुन्छ। लामो समयदेखि खाद्यअधिकारका विषयमा वकालत गर्दै आउनु भएका दङ्गाल खाद्य सम्प्रभुत्ताको विषयमा विद्यावारिधि गर्नुभएको छ। नेपालमा खाद्यअधिकारको अवस्था, खाद्यअधिकारका लागि राज्यको दायित्व आदि विषयमा रमेशप्रसाद तिमिल्सिनाले गर्नुभएको कुराकानी यस अङ्कको प्राचीमा प्रकाशन गरेका छौँ।**



**खाद्यअधिकार भन्नाले के बुझ्नु पर्छ ?**

खाद्य अधिकार र खाद्य सम्प्रभुत्ताको अधिकार मात्रै होइन त्यसमा खाद्य सुरक्षा पनि थप्नुपर्छ। यी तीन ओटै विषयहरू अलगअलग हुन्। खाद्य सुरक्षा भन्नाले चाहिँ खाद्यान्न नागरिकहरूको लागि पर्याप्त समयमा नै व्यवस्था गर्नु त्यसको चाँजोपाँजो मिलाउनु भन्ने बुझिन्छ। विभिन्न किसिमका आपतविपत, बाढी पहिरो प्राकृतिक विपत्ती, अतिवृष्टि, अनावृष्टि हुँदा सुरक्षाको हिसाबले पनि खाद्यान्न राख्नुपर्छ। यो भयो खाद्य सुरक्षाको कुरा। अधिकारको कुरा भनेको चाहिँ कानुनी हिसाबले एउटा नागरिकलाई खाद्य अधिकार हुन्छ भनिएको छ। खाद्यान्नको पहुँच एउटा नागरिकको अधिकार हो भनिएको छ। यसलाई कानुनी रूपमा व्यवस्था गरिएकाले अधिकार छ भन्ने वातावरण बनेको हो वा त्यो अवस्थाको सिर्जना गर्नुपर्छ भन्ने मान्यताले खाद्य अधिकारको विषय उठान गरिएको छ।

**खाद्य सम्प्रभुत्ताका बारेमा आजकल निकै चर्चा छ। खासमा खाद्य सम्प्रभुत्ता भनेको के हो ?**

सम्प्रभुत्ता भनेको खाद्यान्न उत्पादन, उत्पादन गर्ने संशाधन, उत्पादन गर्ने श्रम त्यसैगरी उत्पादनमा सामेल हुने अन्य चिजबिजहरू जस्तो पानी, जमिन, स्रोत साधन र मूल्यको कुरा हुन्छ। यी सबैमा उत्पादक किसानको अपनत्वको कुरा, अधिकारको कुरा, उसको स्वामित्वको कुरा हो। त्यसो भएको हुनाले अब त्यो परिधि भित्र राजनीतिक हिसाबले हामी स्वाधीन सम्प्रभुत्ता भन्छौं। त्यसैगरी उत्पादनको हिसाबले कृषि व्यवस्था, अर्थ व्यवस्था, कृषि उत्पादनको कुरा त्यसैगरी जमिनमाथिको अधिकार, प्राकृतिक स्रोत साधनमाथिको अधिकार, जैविक विविधता, पानीमाथिको अधिकारको कुरा सबै मिलेर कृषि बन्छ। ती सबै भएपछि बल्ल खाद्यान्नको उत्पादन हुन्छ। त्यसो भएको हुनाले ती वस्तुहरूमाथिको उत्पादकको स्वामित्वको हिसाबले अधिकारको हिसाबले सम्प्रभुताको कुरा उठेको हो।

**सम्प्रभुत्ता भनेको खाद्यान्न उत्पादन, उत्पादन गर्ने संशाधन, उत्पादन गर्ने श्रम त्यसैगरी उत्पादनमा सामेल हुने अन्य चिजबिजहरू जस्तो पानी, जमिन, स्रोत साधन र मूल्यको कुरा हुन्छ। यी सबैमा उत्पादक किसानको अपनत्वको कुरा, अधिकारको कुरा, उसको स्वामित्वको कुरा हो।**

**खाद्य सम्प्रभुत्ता त अलिक पछिकै कुरा रहेछ नी होइन ?**

होइन। खाद्य सम्प्रभुता भयो भने सधैँभरका लागि खाद्यान्न माथिको अधिकार स्थापित हुन्छ। त्यसो भएको हुनाले यसलाई पछिको विषय भनेर पन्छाउन मिल्दैन। यसबाट खाद्य सुरक्षाको पनि प्रत्याभूति हुन्छ। यसलाई हाम्रो विकासको आयामको रूपमा बुझ्नुपर्छ। यो खाद्य सम्प्रभुताको संरचनाभित्रबाट काम भयो भने कृषि क्षेत्रको पुनर्गठन गर्दै खाद्यअधिकार र खाद्य सुरक्षा चाहिँ प्राप्त हुन सक्छ।

**३० भन्दा बढी जिल्लामा अझै पनि खाद्यान्न अपुग हुने गरेको भनिएको छ। खाद्य अधिकार प्राप्तिका लागि नागरिकले के गर्नुपर्छ ?**

तपाईँले उठाउनु भएको कुरा खाद्यान्न अधिकार भन्दा पनि उपलब्धताको कुरा भयो। उपलब्धता भनेको अहिले हाम्रो मुलुकमा त्यस्तै हो २७ देखि ३० जिल्लाको हाराहारीमा खाद्यान्न न्यून छ। दुर्भाग्यपूर्ण कतिसम्म छ भने तराई जहाँ उर्वर भूमि छ त्यहाँ पनि विभिन्न जिल्लाहरू जस्तैः सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट, चितवनलगायतका जिल्लाहरूमा खाद्यान्न न्यून भएको स्थिति छ। यो निकै गम्भीर विषय हो। सरदर खाद्यान्न गत वर्षको तुलनामा यो वर्षको कुरा गर्ने हो भने करिब

८ लाख मेट्रिक टन खाद्यान्न बचत देखिन्छ। सँगसँगैको स्थिति के देखिन्छ भने मौज्दात खाद्यान्नको वितरण तदारुकताका साथ भएको छैन। यत्रो बचत हुँदाहुँदै पनि हामीले खाद्यान्न आयात गरिरहेका छौं। अरबौं रुपियाँको मसिनो चामल आयात भइरहेको छ। अरु अरु खाद्यान्न पनि आयात भइरहेको छ। त्यसो भएको हुनाले खाद्यान्नमा हामी आत्मनिर्भर छौं पनि भन्छौं एकातिर बचत पनि देख्छौं अर्कोतिर। तर, वितरण त्यो ढङ्गले भएको देखिएन। समान वितरण एउटा सार्वजनिक वितरणको प्रणाली नहुँदा खाद्यान्नको समस्या पैदा भएको हो।

**त्यसो भए उत्पादनदेखि वितरण व्यवस्थापनको तालमेलमा हामी चुकेका हौं ?**

उत्पादनमा पनि हामीले ख्याल गर्नुपर्‍यो। भूउपयोग नीति लागु गर्नुपर्‍यो। कुन जमिनमा कुन खाद्यान्न बढी उत्पादन हुन्छ। कुन क्षेत्रलाई हामीले के उत्पादन क्षेत्र घोषणा गर्ने ? धान कहाँ उत्पादन गर्ने, चिया कहाँ उत्पादन गर्ने ? फलफूल कुन ठाउँबाट बढी उत्पादन गर्न सकिन्छ ? पशुपालनका लागि कुन क्षेत्र ठिक छ ? भन्ने निर्क्यौल गरेर गर्‍यौं भने बढी उत्पादन लिन सकिन्छ। धान उत्पादन गर्ने ठाउँमा पनि चिया रोप्न थाल्ने हो भने खाद्य सुरक्षाको कुरा गर्न सकिन्न। खाद्य सुरक्षाका हिसाबले धान धेरै उत्पादन गर्नुपर्ने खाद्यपदार्थ हो। धानको ठाउँमा चिया लगाउने हो भने खाद्य सुरक्षाको विषयलाई सम्बोधन नगरी अन्तै रुमल्लिइरहेका हुन्छौं। त्यसो भएको हुनाले भूउपयोग नीति लागु गर्नु पर्‍यो। भूउपयोग नीति लागु गरी पकेट क्षेत्र घोषणा गरेर उत्पादनमा बृद्धि गर्ने काममा लाग्नुपर्छ। उत्पादनदेखि नै व्यवस्थापन गरेर अघि बढ्न सके पक्कै पनि खाद्यान्नको समस्या हल गर्न सकिन्छ।

**राष्ट्रिय योजना आयोगको सदस्य भएपछि व्यक्तिगत रुपमा र आयोगबाटै खाद्यअधिकारका लागि के काम गर्दै हुनुहुन्छ ?**

तेह्रौं त्रिवर्षीय योजना अहिले लागु भइरहेको छ। अहिले हामी चालु योजनामा नै छौं। र, यो योजनाले खासगरी खाद्यान्नमा आत्मनिर्भर हुने, कृषिलाई पनि आत्मनिर्भर बनाउने कुरा गरेको छ। खाद्यमा आत्मनिर्भर हुन आफूलाई आवश्यक पर्ने सबै खाद्यान्न

**उत्पादन बढाउनको लागि प्रमुख कुरा सिँचाइ हो। बाह्रै महिना बाह्रै काल सिँचाइ गर्न सकियो भने जमिनले धेरै उत्पादन दिन्छ। तेस्रो कुरा बजारको कुरा हो। किसानहरूले उत्पादन गर्छन् तर उत्पादित सामग्रीको किसानले मूल्य पाइरहेका छैनन्। त्यसो भएको हुनाले हामीले बजारको कुरा सम्बोधन गर्नुपर्छ। सहकारीमार्फत उनीहरूले मूल्य पाउने व्यवस्था मिलाउनुपर्छ। उचित वस्तुको उचित मूल्य किसानले पाउनै पर्छ।**

आफै उत्पादन गर्नु पर्‍यो। अहिले हामीले आयात गरिरहेका छौं। खाद्यान्न, तरकारी, फलफूल आयात गरिएको छ। मासुजन्य पदार्थसमेत आयात गरिरहेका छौं। यी सबै भइरहेको सन्दर्भमा हामीले अलि बढी नै ध्यान दिनु पर्‍यो। खाद्यान्न उपलब्धताको कुरा, खाद्य बचतको कुरा, त्यसैगरी खाद्य सुरक्षाको कुरामा ध्यान दिनु पर्‍यो। उत्पादन न्यून छ। एक नम्बरमा उत्पादन बढाउनै पर्‍यो। त्यसपछि भएको उत्पादन सार्वजनिक वितरण प्रणालीमार्फत खाद्यान्नबाट वञ्चित व्यक्ति तथा समुदायलाई वितरण गर्नका लागि सरकारले सहुलियत पसलहरू सञ्चालन गर्ने कुरा महत्वको विषय हो। उत्पादन बढाउनको लागि प्रमुख कुरा सिँचाइ हो। बाह्रै महिना बाह्रै काल सिँचाइ गर्न सकियो भने जमिनले धेरै उत्पादन दिन्छ। तेस्रो कुरा बजारको कुरा हो। किसानहरूले उत्पादन गर्छन् तर उत्पादित सामग्रीको किसानले मूल्य पाइरहेका छैनन्। त्यसो भएको हुनाले हामीले बजारको कुरा सम्बोधन गर्नुपर्छ। सहकारीमार्फत उनीहरूले मूल्य पाउने व्यवस्था मिलाउनुपर्छ। उचित वस्तुको उचित मूल्य किसानले पाउनै पर्छ। किसानहरूलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गर्ने काम गर्नुपर्छ। अनुदानमा पनि खासगरी उत्पादनमा अनुदान, वितरणमा अनुदान त्यसैगरी बजारीकरणमा अनुदान, कृषि ऋण, सिँचाइमा अनुदानको व्यवस्था नगरी हामी प्रतिस्पर्धी हुन सक्दैनौं। त्यसो भएको हुनाले लाभका क्षेत्रहरू कुन कुन हुन पहिचान गर्नुपर्‍यो। योजनाले छर्लङ्ग पारेको छ। हामीले ल्याउने कृषि विकास रणनीतिमार्फत पनि यी कामहरू सम्पन्न गर्ने कुरा छ। गरिबी घटाउने, रोजगारी सिर्जना गर्ने, आर्थिक क्रियाकलाप बृद्धि गर्ने र खाद्य तथा पोषण सुरक्षा हासिल गर्नका लागि आत्मनिर्भर कृषिको परिकल्पना योजना आयोगले गरेको छ। यसका लागि व्यापक लगानी जुटाउन जरुरी छ।

**मैले खाद्यअधिकार पाएको छु भनेर कुन अवस्थामा भन्ने ? हाम्रो देशमा पनि त्यस्तो अवस्था आउला ?**

त्यो अवस्था आउँछ। अन्तर्राष्ट्रियस्तरमा हामीले जे प्रतिबद्धता जनाएका छौं, त्यो प्रतिबद्धताअनुसार हामीले लागु गर्नुपर्छ। नेपाली जनताले लोकतान्त्रिक गणतन्त्रमा भोक र भोकमरीको कारणले ज्यान गुमाउनु नपरोस्। शिक्षाबाट नागरिक वञ्चित नहून्। स्वास्थ्य सेवा अभावका कारण वा भनौं सिटामोल खान नपाएर मानिसको मृत्यु नहोस्। यो हिसाबले राज्यले सोच्नु पर्‍यो। त्यो भनेको आर्थिक सामाजिक रूपान्तरण गरेर मुलुकको अर्थ व्यवस्था पुनर्गठन गर्ने कुरा नै हो। अब राजनीतिक मुद्दाहरूले एक खालको निकास पाएपछि हामी त्यही दिशामा लाग्नुपर्छ। त्यसो भयो भने खाद्य अधिकार पाएको महसुस मात्रै हुने होइन, हामी खाद्य सुरक्षामा अब्बल गनिन्छौं र खाद्य सम्प्रभुत्ता पनि हुन्छ।

**ऐन नियम, कानुन र नीति राम्रा भए पनि कार्यान्वयन फितलो छ ?**

त्यसलाई अनुगमन गर्नुपर्‍यो। कार्यान्वयन गर्ने निकायमा रहेका अधिकारीहरूलाई जवाफदेही बनाउनु पर्‍यो। अनुगमन गर्ने निकायहरूले पनि समयमा नै आफ्नो काम गर्नु पर्‍यो। अनुगमन गर्ने निकायले पनि समन्वय गर्नु पर्‍यो। उनीहरूकाबीचमा समन्वय हुनु पर्‍यो, अर्को उपाय पनि छैन। त्यसो भयो भने कार्यान्वयनको पाटो पनि बलियो हुन्छ।

# इन्सेकका केही प्रकाशनहरू



# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal